नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, पुस २२, २०७४ | Saturday, Junuary 6, 2018 | www.newsofnepal.com | नेसं ११३८ पोहेलागा ५ | वर्ष २३, अंक ३५२ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { बरमुडा ट्रयाङ्गलको कहालीलाग्दो रूप
५ { राष्ट्रिय प्राणी उद्यान निर्माणका लागि सुझाव संकलन
९ { शीतलहरले ६ को मृत्यु
१० { ऊर्जाको विकासमा सरकार र निजी क्षेत्र एकजुट हुनुपर्छ : राष्ट्रपति

# खुलेआम चुनौती दिँदै अपराधी

दीपक रिजाल, काठमाडौं

राज्यको पहिलो अंगका रूपमा रहेको नेपाल प्रहरीमा पछिल्लो समय आएको बिचलन र प्रहरी संगठनमाथि राजनीतिक दलले गरेको हस्तक्षेपका कारण अपराधीहरूको मनोबल बढेको छ। आपराधिक क्रियाकलाप गरेर राज्यलाई चुनौती दिँदै आएका अपराधीलाई प्रहरीले पक्राउ गरी कारबाहीको दायरामा ल्याएको दाबी गरे पनि पछिल्लो पटक राज्यलाई नै चुनौती दिँदै रूपन्देहीको देवदहका मनोज पुनले व्यक्ति हत्याको जिम्मेवारी लिँदै आएका छन्।

एक वर्षअघि युवा संघ रूपन्देहीका अध्यक्ष दुर्गा तिवारीको हत्या, असोज २३ गते बानेश्वरमा निर्माण व्यवसायी संघका अध्यक्ष शरद्कुमार गौचनको हत्याको समेत जिम्मेवारी लिएका पुनले शुक्रबार रूपन्देहीको देवदहका काठ व्यापारी बलु पौडेलको हत्याको जिम्मेवारी लिएर प्रहरीलाई ठाडो चुनौती दिएका छन्।

नेकपा एमालेको युवा संगठन युथफोर्समा संगठित भएका पुनले शुरूमा भैरहवा नाका र बुटवल बजार क्षेत्रमा आतंक मच्चाउँदै हप्ता असुली गर्दै आएका थिए। गुण्डागर्दी गर्ने क्रममा हाल प्रहरीको हिरासतमा रहेका समीरमानसिंह बस्नेतसँग साझेदारीमा आपराधिक व्यवसाय सञ्चालन गर्दै आएका पुन एमाले कार्यकर्ता दुर्गा तिवारीको हत्या गरेपछि चर्चामा आएका थिए। तिवारी हत्याकाण्डपछि बस्नेतसँग हिसाब किताबको मामिलामा तनावयुक्त साझेदारी गर्दै आएका ती दुई गुण्डाबीच गौचनको हत्यापछि भने एकले अर्कालाई सिध्याउने खेल बढेको बताइन्छ।

गौचन हत्यामा बस्नेत पक्राउ परेपछि पुनले नेपालमा रहेका व्यापारीलाई पटक पटक फोन गर्ने, रकम नदिए हत्या गर्नेसम्मका चेतावनी दिँदै आइरहेका बेला शुक्रबार पनि लेनदेन नमिलेपछि पौडेलको हत्या गर्न लगाएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

पुनले पटक पटक फोन गरेर हत्याको जिम्मेवारी लिनुलाई राज्य असफल हुँदै गएको हो कि भन्ने आशंका उत्पन्न भएको नेपाल प्रहरीका पूर्वएआईजी नवराज ढकाल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'सुरक्षा निकायमा विचलन आउनु र प्रहरीमाथि राजनीतिक हस्तक्षेप बढ्दै गइरहेका बेला अपराधीहरूले यस प्रकारका हरकत गर्छन्।

एआईजी ढकालका अनुसार राज्यले यस्ता गतिविधि समयमा नै नियन्त्रण गर्न सकेन भने आपराधिक पृष्ठभूमिका आपराधीहरूले अझै चलखेल गर्न सक्ने भएकाले सुरक्षा निकाय चनाखो हुने बेला आएको छ। अपराधीमाथि राज्यले गर्नुपर्ने निगरानी कमजोर भएका कारण यस्ता घटना हुने भएकाले राज्य चनाखो हुनुपर्ने उहाँ बताउनुहुन्छ। यता नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक मनोज नेउपानेले मनोज पुन नेपाल प्रहरीको खोजीको सूचीमा रहेको बताउनुभयो। अपराध गर्ने कुनै पनि अपराधी प्रहरीको नजरबाट उम्कन नसक्ने दाबी गर्दै पुनलाई पक्राउ गर्न इन्टरपोल नोटिस जारी गर्ने तयारीमा प्रहरी संगठन पुगेको जानकारी उहाँले दिनुभयो।

अपराधीहरू केही दिन उम्कन सक्लान्, तर प्रहरीले पुनका बारेमा कतिपय सूचना संकलन गरिसकेकाले उसले सोचेको जस्तो अवस्था अब नरहेको पनि प्रवक्ता नेउपानेले दाबी गर्नुभयो। नेपाल प्रहरीमा चुनौतीका रूपमा रहेका पुनलाई कारबाहीको दायरमा ल्याउन सबै हथकण्डा अपनाउने पनि उहाँले दाबी गर्नुभयो।

## पौडेलको हत्यामा पुनको हात

यमलाल भुसाल, बुटवल

रूपन्देहीको देवदह नगरपालिका-२ मा गोली प्रहारबाट एक जना व्यापारीको हत्या भएपछि शुक्रबार बुटवल र देवदह क्षेत्र तनावग्रस्त बन्न पुग्यो। इलाका प्रहरी कार्यालय बुटवलका अनुसार देवदह-२ ढेकारका वसन्त भनिने बलु पौडेलमाथि गोली प्रहार भएको र गम्भीर अवस्थामा उपचारका क्रममा लुम्बिनी अञ्चल अस्पतालमा मृत्यु भएको थियो।

शुक्रबार बिहान सवा ११ बजे पौडेललाई छातीमा गोली प्रहार गरिएको प्रहरीले जनाएको छ। बलुको हत्या भएको विरोधमा दिनभर बुटवल र देवदह क्षेत्रमा सवारी साधन बन्द गरिएको थियो। तत्काल हत्यारा पत्ता लगाउन माग गर्दै आक्रोशित युवा विद्यार्थीहरूले बुटवल बन्द गरेका थिए।

इप्रका बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक पवनकुमार भट्टराईका अनुसार ४० वर्षीय पौडेल काठ मिल व्यवसायी हुनुहुन्थ्यो। मोटरसाइकलमा आएका २ जनाले गोली प्रहार गरी धकधइतिर भागेको प्रहरीले जानकारी दिएको छ। प्रहरीले पौडेलको हत्यामा



मृतक पौडेल

प्रयोग गरेको मोटरसाइकल बुटवल उपमहानगरपालिका ११ भलुहीको जंगलमा फेला पारेको छ। देवदहमै एक वर्षअघि युवा संघका नेता दुर्गा तिवारीको गोली हानी हत्या गरिएको थियो।

घटनालगत्तै आफूलाई मलेसियाबाट मनोज पुन बोलेको बताउने व्यक्तिले स्थानीय सञ्चारकर्मी र विभिन्न व्यक्तिलाई फोन गरी हत्या आफूले गरेका बताएका छन्। एक वर्षअघि पनि उनले यस्तै फोन गरी दुर्गाको हत्या आफूले गराएको र अब वसन्तको पालो भन्दै धम्की दिएका थिए। बलु दुर्गाका नजिकका साथी हुन्। मलाई धेरै दुःख दिएको मैले भन्दा पनि नसुध्रिएकाले हत्या गर्न मेरा साथीहरूलाई पठाएको हुँ भन्दै मनोजले सञ्चारकर्मीलाई बताएका थिए।

बलु पूर्व गाविस अध्यक्ष तथा एमाले क्षेत्रीय अध्यक्ष नीलकण्ठ पौडेलका एक्ला छोरा हुन्। गोली कसले चलायो भन्नेबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ। गोली प्रहार गर्ने व्यक्ति कालो डिस्कभर मोटरसाइकलमा रोहिणी खोलातिर भागेको स्थानीयले बताएका छन्। मृतक आफ्नो काठ मिलमा आगो तापेर बसिरहेका बेला गोली प्रहार भएको थियो। काठ मिलको सञ्चालकसमेत रहेकाले लेनदेनको विवादका कारण गोली हानिएको हुन सक्ने रूपन्देहीका प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिनुभयो।

मृतक पौडेल १ वर्षअघि २०७३ पुस ४ गते गोली हानी मारिएका युवा संघका तत्कालीन जिल्ला अध्यक्ष दुर्गा तिवारीका पार्टनर हुन्। दुर्गा तिवारीलाई गोली हानिएको स्थाननजिकै पौडेललाई पनि गोली हानिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# टाढिँदै एमाले माओवादी एकता

- ओली अस्वस्थ, प्रचण्ड चितवनमा
- ओली र प्रचण्डबीच सहमति नहुँदा संयोजक समितिको बैठक अन्योलमा

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच हुने भनिएको पार्टी एकीकरण प्रक्रिया लम्बिने भएको छ। पार्टी एकताका लागि पदीय भागवण्डामा कुरा मिल्न नसक्दा एकता संयोजक समितिको बैठक बस्न सकेको छैन। केही दिनदेखि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली अस्वस्थ बन्दा दुई पार्टीबीच शीर्ष तहमा छलफलसमेत हुन सकेको छैन।

अध्यक्ष ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच एक सातादेखि छलफलसमेत हुन सकेको छैन। नेकपा माओवादी केन्द्रले नयाँ सरकार निर्माण हुनुभन्दा अघि नै पार्टी एकीकरण गर्नुपर्ने निर्णय गरेको छ भने एमाले पार्टी एकीकरण र सरकार निर्माण एकसाथ अगाडि बढाउनुपर्ने पक्षमा देखिएको छ।

पद बाँडफाँडमा अध्यक्ष ओली र प्रचण्डबीच नै सहमति कायम हुन नसकेपछि एकता संयोजक समितिको बैठक अनिश्चित बन्दै आएको छ। 'प्रचण्डले प्रधानमन्त्री र पार्टी अध्यक्ष रोजेर लिन ओलीलाई आग्रह गरिसक्नुभएको छ', माओवादी केन्द्रका एक नेताले भने- 'ओलीले जवाफ दिन ढिलाइ हुँदा एकता संयोजक समितिको बैठक बस्न नसकेको हो। ओली र प्रचण्डबीच नै पद बाँडफाँडमा अलमल हुँदा एकताको प्रक्रिया पनि लम्बिने भएको छ।'

दुई अध्यक्षले पद बाँडफाँडमा मोटामोटी सहमति गरेपछि मात्र एकता संयोजक समितिको बैठक बस्ने तयारी गरेपछि ओली र प्रचण्डको बीचमा नै छलफल हुन सकेको छैन। केही दिनदेखि अस्वस्थ हुनुभएका ओली स्वस्थ्य भए पनि प्रचण्ड चितवनका कार्यक्रममा व्यस्त हुँदा भेटवार्ता हुन सकेको छैन। ओली र प्रचण्डको भेटको समय अझै तय नभएको ओलीका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिनुभयो।

नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनले पार्टी एकता प्रक्रिया सकारात्मक दिशामा अगाडि बढेको र दुई अध्यक्षको बीचमा कुराकानी भइरहेको *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'एकता हुन्छ, एकताका लागि गृहकार्य भइरहेको छ।' ओली र प्रचण्डबीच पद बाँडफाँडमा सहमति जुट्न नसक्दा निर्वाचन सम्पन्न भएको एक महिनाको अवधिमा पनि पार्टी एकता संयोजक समितिको बैठक बस्न सकेको छैन।

(क्रमशः पृष्ठ ९ मा)

### ओली बैंकक जाँदै

काठमाडौं, (नेस)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नियमित स्वास्थ्य परीक्षणका लागि आगामी पुस २६ गते बुधबार बैंकक जानुहुने भएको छ। चिकित्सकको सल्लाहअनुसार स्वास्थ्य परीक्षण गर्न ओली बैंकक जान लाग्नुभएको ओलीका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिनुभयो।

मृगौला प्रत्यारोपणपछि बैंककमा नियमित स्वास्थ्य परीक्षण गराउँदै आउनुभएको ओली बैंकक जान लाग्नुभएको हो। नयाँ सरकार गठनमा ढिलाइ हुने भएसँगै ओलीले यसबीचमा स्वास्थ्य परीक्षण गर्न जान लाग्नुभएको अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार ओलीको भ्रमण पुस २६ देखि ३० सम्मका लागि तय भएको छ। पखालाका कारण केही दिनदेखि अस्वस्थ्य हुनुभएका ओली स्वस्थ हुनुभएको र नियमित स्वास्थ्य परीक्षणका लागि बैंकक जान लाग्नुभएको हो।

राप्रपा केन्द्रीय समितिको बैठक

# पराजयको मुख्य कारण पार्टी विभाजन

नेपाल समाचारपत्र

काठमाडौं

तीन दिनदेखि जारी राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय समिति बैठक शुक्रबार सम्पन्न भएको छ। बैठकले हिन्दू राष्ट्र र राजसंस्थाप्रति प्रतिबद्ध रहने निर्णय गर्दै हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको समीक्षा पनि गरेको छ। साथै, निर्वाचनमा पराजित हुनुको कारणहरू पहिल्याउँदै केन्द्रीय समिति बैठकले पार्टीको भावी रणनीति पनि तय गरेको छ।

बैठकले हालै सम्पन्न निर्वाचनमा लज्जासपद हार बेहोर्नुपर्नुको मुख्य कारण राष्ट्रवादी तथा हिन्दू राष्ट्र पक्षधर शक्तिलाई कमजोर बनाउने राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिहरूको षड्यन्त्र र त्यही षड्यन्त्रअनुरूप निर्वाचनको पूर्वसन्ध्यामा गरिएको पार्टी विभाजन भएको औंल्याइएको छ। पार्टी अध्यक्ष कमल थापाका अनुसार यसबारेमा राप्रपा केन्द्रीय कार्यसमितिले विस्तृत अध्ययन अनुसन्धान गर्नेछ।

बैठकले हालै सम्पन्न निर्वाचनमा पराजित हुनुको अन्य कारणहरूमा बलियो र प्रभावकारी लोकतान्त्रिक गठबन्धन निर्माण हुन नसक्नु, लिखितरूपमा भएको सम्झौताअनुरूप नेपाली कांग्रेसले राप्रपालाई प्रतिनिधिसभा र प्रदेशसभामा सिट नदिनु तथा स्थानीय तहमा

> **हिन्दू राष्ट्र र राजसंस्थाप्रति प्रतिबद्ध रहने निर्णय**

इमानदारितापूर्ण सहकार्य नहुनु र राप्रपाले प्रतिनिधिसभा र प्रदेशसभामा प्रत्यक्षतर्फ अत्यन्त न्यून स्थानमा मात्र उम्मेदवारी दिनुलाई पनि पराजयको कारण औंल्याएको छ।

अधिकांश क्षेत्रहरूमा राप्रपाको प्रत्यक्षतर्फ उम्मेदवार नहुनु, संविधान संशोधनबारे राप्रपाको स्पष्ट अडान र धारणा नरहनु, सरकारमा राप्रपाको सहभागिताका सम्बन्धमा जनतामा रहेको भ्रमको निराकरण हुन नसक्नु तथा कार्यकर्ताहरूमा पार्टी सरकारमा रहेको अनुभूति नहुनु, साधन स्रोतको अभाव रहनु कमजोर संगठनको कारण जनमतलाई भोटमा रूपान्तरण गर्न नसक्नु, सिद्धान्तप्रति पार्टी नेतृत्व प्रतिबद्ध नरहेको भ्रम जनतामा पर्नुजस्ता करण गर्दा पनि निर्वाचनमा पराजित भोग्नुपरेको बैठकले निष्कर्ष निकालेको थियो।

राप्रपा केन्द्रीय समिति बैठकले हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन परिणाम पार्टीको निमित्त प्रतिकूल रहे तापनि प्रजातान्त्रिक आदर्शअनुरूप जनताको मतादेशलाई राष्ट्रिय प्रजातन्त्र पार्टी हार्दिकताका साथ शिरोधार्य गर्ने निर्णय गरेको छ।

बैठकले निर्वाचनमा राप्रपाको पराजयले संसद्मा राष्ट्रियता र हिन्दू राष्ट्र पक्षधर शक्तिको उपस्थिति कमजोर भएको भन्दै ९४ प्रतिशत सनातन धर्ममा आस्था राख्ने जनता भएको मुलुकमा उक्त मान्यताको पक्षमा प्रस्टरूपले उभिने निर्णय गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# मापदण्डविपरीत ग्यास उद्योग

मोतीराम तिमल्सिना, काभ्रे

नेपाल नापतौल तथा गुणस्तर विभागले काभ्रेका तीनवटा ग्यास उद्योग बन्द गर्न निर्देशन दिएको छ। विभागले शुक्रबार ग्यास उद्योग अनुगमनपछि मापदण्ड पूरा नगरेको भन्दै बन्द गर्न निर्देशन दिएको हो।

बनेपा-१० स्थित थापा गाउँमा रहेको सगरमाथा ग्यास उद्योग 'सगर ग्यास', सूर्य ग्यास र चण्डेश्वरी ग्यास उद्योग 'चण्डी ग्यास'को उत्पादन र बिक्रीवितरण गर्न रोक लगाइएको विभागका निर्देशक मनोजकुमार उपाध्यायले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

सरकारको गुणस्तर चिह्न एनएस र सरकारी मापदण्डलाई मिच्दै बिग्रिएका पुराना र ग्यास लिक भएका सिलिन्डर बजारमा पठाएको भेटिएको छ। निर्देशक उपाध्यायले भन्नुभयो- 'नेपाल गुणस्तर चिह्नसमेत छैन, कसरी सञ्चालन हुन्छन् र कसरी चल्छन्?' तर नाप तौल विभाग नै व्यवसायीको चंगुलमा रहेको स्थानीयको गुनासो छ। सरकारले मापदण्ड विपरीत ग्यास उद्योगको अनुमति दिएसँगै सर्वसाधारण जोखिममा परेका छन्। गत वर्ष आएको ठूलो वर्षात्कै कारण उद्योगका सिलिन्डरहरू बगाउँदा दुई जनाको मृत्यु भएको थियो।

सञ्चालनमा रहेका ग्यास उद्योगको मापदण्ड नपुगेको बताइरहँदा पुन: उग्रचण्डी नालामा अर्को ग्यास उद्योग सञ्चालनमा आएको छ। नेपाल आयल निगमको मापदण्डअनुसार एक ग्यास उद्योगदेखि दोस्रो उद्योगको न्यूनतम दूरी २ किलोमिटर हुनुपर्नेछ। जिल्लामा

> **नेपाल आयल निगमको मापदण्डअनुसार एक ग्यास उद्योगदेखि दोस्रो उद्योगको न्यूनतम दूरी २ किलोमिटर हुनुपर्नेछ। जिल्लामा सञ्चालनमा आएको सगर, चण्डी र सूर्य ग्यासको पर्खालसमेत एउटै छ। चण्डी र सूर्यले त एउटै उद्योगबाट दुई उद्योगको काम गरिरहेका छन्।**

सञ्चालनमा आएको सगर, चण्डी र सूर्य ग्यासको पर्खालसमेत एउटै छ। चण्डी र सूर्यले त एउटै उद्योगबाट दुई उद्योगको काम गरिरहेका छन्।

सूर्य र चण्डेश्वरी ग्यास उद्योग एउटै कम्पाउन्डमा रहेका छन् भने सगर ग्यास उद्योगको दूरी पनि करिब १५ मिटरको दूरीमा छ। तीनवटै उद्योगले नक्कली कर्मचारी खडा गरी तलब चार्टसमेत तयार गरेको स्रोतले बतायो। कम्पनीको भ्याट बिल वितरकलाई दिई मूल्य अभिवृद्धि कर छली गरी आर्थिक अपराध गर्ने गरिएको कम्पनीका कर्मचारीले जानकारी दिएका छन्। कम तौलको ग्यास बिक्री गर्ने, वर्षौं पुराना सिलिन्डरहरू पठाउने, नयाँ सिलिन्डरको अभावको मौका छोपी मनलाग्दी तरिकाले मूल्य असुल्ने र सिलिन्डरभित्र रहेको लेदो समेतलाई ग्यासकै भाउमा बिक्री गरी पठाउने गरिएको कर्मचारीले बताए।

सगर ग्यास उद्योगका सञ्चालक सावरमल अग्रवाल हुन्। यस्तै, सूर्य र चण्डेश्वरी ग्यास उद्योगका सञ्चालक विष्णुहरि कक्षपति हुन्। 'एउटै व्यक्तिले दुई उद्योग अनुमति लिई सञ्चालन गरेकाले एउटै कम्पाउन्डभित्र राख्दासमेत निगम चुपचाप बसेको हो', स्रोतले भन्यो- 'यसमा आयल निगमका कर्मचारीको समेत मिलेमतो रहेछ।'

निगमको कम्पनी ऐनअनुसार ग्यास उद्योग परिसर वा कम्पाउन्डभित्र पूरै पिच (कालोपत्रे) वा ढलान गर्नुपर्ने प्रावधान छ। निगमको मापदण्डविपरीत यी कम्पनीले कम्पाउन्डभित्र आलु, तोरी, धान, गहुँजस्ता बालीहरू लगाउँदै आएका थिए।

ग्यास कम्पनीको लापरबाहीका कारण जुनसुकै बेला ठूलो दुर्घटना हुन सक्ने स्थानीयले बताएका छन्। दुर्घटना भएमा उग्रतारा जनागाल, उग्रचण्डी, टुकुचा, नसिका साँगा र बनेपा नगरपालिकाका सर्वसाधारणहरू प्रभावित हुनेछन्।

नियम विपरीत स्थापित सगर ग्यास उद्योगले ४० टन उत्पादन क्षमता भएको उत्पादन क्षमता बढाएर २ सय टन बनाउन लागेको छ। उग्रतारा गाविसमा रहेको ग्यास उद्योगले क्षमता अभिवृद्धिका लागि उग्रचण्डी गाविसको जग्गा खरिद गरेको छ। तीनवटै ग्यास कम्पनी एकै ठाउँमा सञ्चालनमा आएकाले दुर्घटना हुन गएको स्थितिमा आसपासको क्षेत्र मात्रै नभई बनेपामा पनि ठूलो क्षति हुने स्थानीय बताउँछन्।

# महानगर

२ महिनाअगाडि अमेरिकाको कोलोराडो विश्वविद्यालयबाट गएको एक वैज्ञानिकको टोलीले मरमुडा त्रिकोणको समस्या हल हुन सक्ने सिद्धान्त निकालेको थियो। तर, त्यो आधिकारिक भने हुन सकेन।

# बरमुडा ट्रयांगलको कहालीलाग्दो रुप

मनोज रेग्मी

पृथ्वीमा निकै नै रोचक तथा रहस्यमय तथ्यहरु लुकेर रहेका छन् जुन अहिलेसम्म कुनै विद्, कुनै वैज्ञानिकहरुले र कुनै अनुसन्धानकर्ताले पनि पत्ता लगाउन सकेका छैनन्। कुनै त्यस्ता तथ्य जसलाई विश्वास गर्न गाह्रो छ तर वास्तवमा ती तथ्यहरु सत्य छन्। त्यस्तै अनेकौं अचम्म लाग्दा तथ्यहरुमध्ये बरमुडा त्रिकोण अर्थात् बरमुडा ट्रयांगल पनि एक हो। बरमुडा त्रिकोण एट्लान्टिक महासागरको १ ठाउँमा अवस्थित छ जुन त्रिभुज आकारमा छ। यो त्रिकोण आकारमा पास भएर जाने कयौं विमान र पानी जहाजहरु हराएका छन्। यस्तो कुरा सुन्दा विश्वास गर्न गाह्रो छ। तर, वास्तम्मा यो सत्य छ। विगत ५ सय वर्षदेखि नै बरमुडा त्रिकोणमा करिब १ हजारभन्दा बढी पानीजहाज र हवाइजहाजहरू हराइसकेका छन्। हजारौं मानिसहरुको निधन पनि भएको छ। तर अहिलेसम्म उनीहरुको सनाखत हुन सकेको छैन।



### के छ बरमुडा त्रिकोणको रहस्य ?

यस्तो खतरनाक जमिन जसलाई बरमुडा त्रिकोणको नामले चिनिन्छ, यसबारे अहिले व्यापक चर्चा हुन थालेको पाइएको छ। पाइएको छ। अमेरिकी लेखक भिसेन्ट गडिसले सन् १९६४ मा यसको सिमाना पत्ता लगाएका थिए। उनले यो सीमानाभित्र पर्ने भागलाई भयानक बरमुडा ट्रयांगल अथवा बरमूडा त्रिकोण भनेर नाम दिएका थिए।

बरमुडा त्रिकोणको बारेमा शुरुशुरुमा त्यति चासो दिइएको थिएन। तर, जब उक्त बाटो हुँदै आवतजावत गर्ने पानीजहाज र हवाइजहाज एकपछि अर्कोगर्दै बेपत्ता हुन थालेपछि यसको वास्तविकता बारे अनुसन्धान शुरु गरिएको थियो। यसरी यसको व्यापक अनुसन्धान हुन थालेपछि यस्तो सहस्य खुलेको बताइन्छ। बरमुडा त्रिकोणमा हराएका जहाजहरु, विमानहरु र व्यक्तिहरु अझैसम्म पनि फेला परेका छैनन्। बरु उल्टै लापत्ता भएका जहाजहरू खोज्न गएका जहाजसमेत अहिलेसम्म पनि फर्केर आएका छैनन्। त्यसैले बरमुडा त्रिकोण बारे वैज्ञानिकहरु र अनुसन्धानकर्तामाँझ झनै अन्यौलता बढ्दै गएको पाइन्छ। सन् १८७२ मा जहाज द मेरी सेलेस्ट बरमूडा त्रिकोणमा परेर हराएको थियो। जसको आजसम्म पनि कुनै पत्ता लागेको छैन। यस्तै सन् १९४५ मा बरमुडा त्रिकोण क्षेत्र हुँदै गइरहेको अमेरिकी सैनिक विमान फ्लाइट-१९ हराएको अहिलेसम्म पनि फेला परेको छैन।

बरमुडा ट्रयांगलमा धेरै जहाजहरु हराइरहेका छन् जुन आजको मितिसम्म पनि फेला पर्न सकेका छैनन्। यी सबै एउटा रहस्यको विषय पनि बनिरहेको छ। बरमुडा ट्रयांगलबारे धेरै किताब तथा चलचित्रहरु बनेका भए पनि यसबारे ठोस कुरा पत्ता लगाउन अझै पनि वैज्ञानिकहरू असफल नै देखिएका छन्। यद्यपि यस विषयमा अध्ययन र अनुसन्धान कार्य भने निरन्तर जारी रहेको वैज्ञानिकहरु बताउँछन् ।

### बरमुडा त्रिकोणको अवस्था

संयुक्त राज्य अमेरिकाको दक्षिणपूर्वी एट्लान्टिक महासागरको अक्षांश २५ डिग्रीबाट ४५ डिग्री उत्तर तथा देशान्तर ५५ बाट ८५ डिग्रीको बीचमा करिब ३९००,००० वर्ग किलोमिटरमा फैलिएको उक्त जमीन एक काल्पनिक त्रिकोण जस्तो देखिन्छ, त्यो नै बरमूडा त्रिकोण हो।

यसका ३ वटा कोणहरु रहेका छन्। जुन कोणहरु फ्लोरिडा राज्यको मियामी शहर, पोर्टारिकोको सान जुवान र बरमुडा प्रायद्वीपको उत्तरी भागमा फैलिएको छ। यो एट्लान्टिक महासागरको बीच भागमा अवस्थित छ। यसमा फसेर हालसम्म भएको दुर्घटनाहरु उक्त त्रिकोणको दक्षिण भागतिर हुने गरेको वैज्ञानिकहरु बताउँछन्। बरमुडा त्रिकोणमा यस्तो के शक्ति छ जहाँ कुनै वस्तु अथवा ठूला-ठूला विमान र पानीजहाज पनि आफूतिर खिच्न सक्छ। यो पत्ता लगाउन अझैसम्म वैज्ञानिकहरु चुकेका छन्।

### बरमुडा त्रिकोणसम्बन्धी नयाँ खुलासा

गत २ महिनाअगाडि अमेरिकाको कोलोराडो विश्वविद्यालयबाट गएको एक वैज्ञानिकको टोलीले मरमुडा त्रिकोणको समस्या हल हुन सक्ने बताएको थियो। उक्त टोलीले बरमुडा त्रिकोणको स्याटलाइट तस्वीरहरु लिएर अनुसन्धान गर्दा असामान्य रूपमा हेक्जागनल आकारका बादलहरु त्यस त्रिकोणमाथि देखा परेका थिए। त्यस आकारका बादलहरु अति शक्तिशाली हावाका लहरहरुमा पैदा हुन्छन्। त्यस्ता लहरहरु ४५ फिटभन्दा बढी लामा हुन्छन् र त्यस शक्तिशाली हावाको लहरमा जस्तो वस्तु पर्छ । त्यो लोप हुन्छ भन्ने खालको सिद्धान्त उत्पन्न उक्त टोलीले गरेको थियो। तर यो सिद्धान्त भने आधिकारी भने नभएको पुष्टि भइसकेको छ। तैपनि यस सिद्धान्त भविष्यमा गरिने अध्ययन र अनुसन्धानमा निकै नै काम लाग्ने वैज्ञानिकहरुले बताएका छन्। यसै विषयलाई लिएर अंग्रेजी समाचार माध्यमहरुले हर्षका साथ उल्लेख पनि गरेका थिए।

यसरी अनेकौं अनुसन्धानको प्रयास गर्दा पनि असफल बनेका वैज्ञानिकहरु तीब्र रूपमा यसको खोजी कार्यमा लागेका छन्। हजारौं जहाजहरु, कयौं मानिसहरुको ज्यान खाइसकेको यस्तो सुन्दै कहालिलाग्दो रुप भएको बरमुडा ट्रयांगलको समस्या के वैज्ञानिकहरुले हल गर्न सक्लान् ? अहिले यो नै सबैभन्दा ठूलो चुनौतीको विषय बनेको छ। यसरी हराएका जहाज, विमान र मानिसहरु कहाँ छन् अहिले कुन अवस्थामा छन्? कता छन् ? भन्ने कुरा अझै पनि रहस्यकै रूपमा रहेको छ जसले विश्वका धेरै मानिसहरुको ध्यान यसतर्फ केन्द्रित गराएको छ। यस विषयमा धेरै वैज्ञानिकहरुले आफ्नो अनुसन्धानलाई तिब्रता दिन थालेका छन्। यसबारे अरु थुप्रै नयाँ तथ्य भविष्यमा अवश्य नै आउनेछन् भन्ने आशा गरौं।

## बरमुडा त्रिकोणमा फसेका चर्चित जहाजहरु

### फ्लाइट 'द मेरी सेलेस्ट'

सन् १८७२ मा जहाज द मेरी सेलेस्ट बरमुडा त्रिकोणमा परेर हराएको थियो। जसको आजसम्म पनि कुनै पत्ता लागेको छैन।

### फ्लाइट डीसी-३

यो जहाज सन् १९४५ मै मियामी राज्यको क्षेत्रमा पर्ने बरमुडा ट्रयांगलमा हराएको थियो।

### फ्लाइट-१९

सन् १९४५ मा फ्लोरिडा राज्यमा तालिमको क्रममा भुलवश बरमुडा ट्रयांगल क्षेत्रमा जाँदा हराएको यो सैनिक जहाज अझै अत्तोपत्तो छैन भने उक्त जहाज खोज्न गएको सेनाको अर्को जहाज पनि हराएको थियो।

### फ्लाइट-४४१

सन् १९५४ को अक्टुबरमा हराएको यो जहाजमा ४२ जना यात्रु थिए। अमेरिकी जलसेनाको यो जहाज पटुसेन्ट रिभर बेस स्टेसनबाट लाजेस शहरका लागि उडेको थियो। यो जहाजको अहिलेसम्म पत्तो छैन।

### सी-५४

यो जहाज सन् १९४७ जुलाई ३ मा बरमुडा प्राय:द्वीपबाट उडेको थियो। असावधानीवश त्यस क्षेत्रमा उडेको उक्त जहाज सो क्षेत्रमा पुग्दा ठूलो सामुद्रिक आँधीका कारण बरमुडा त्रिकोणमा फसेको वैज्ञानिकहरुले बताएका थिए।

### केबी ५०

सन् १९६२ मा अमेरिकी सेनाको (केबी ५०) नामका यो जहाज बरमुडा त्रिकोणभन्दा माथिबाट गएको थियो। तर फर्केर आएन।

### जर्मनका २ जहाज बेपत्ता

सन् १९७२ मा २० हजार टन ओजन भएको एक जहाज त्यही बरमुडा क्षेत्रतर्फ गएको थियो। तर अचान त्यस क्षेत्रमा पुग्नासाथ डुबेको बताइन्छ। साथै सन् १९९७ मा पनि एउटा जहाज त्यसैतर्फ गएको थियो। त्यसको पनि केही पत्ता लाग्न सकेन।

# २०१७ का १० सफल बलिउड फिल्म

बितेको सन् २०१७ मा बलिउडमा सयौं फिल्म रिलिजमा आए। तीमध्ये कतिले बलिउड बक्स अफिसमा सानदार रेकर्ड बनाए भने कतिले कमजोर व्यापार गरे।

तीमध्ये बलिउड समाचार एजेन्सीको सहयोगमा बक्स अफिसमा सर्वाधिक कलेक्सन गर्न सफल *टप टेन* फिल्मको सूची यहाँ तयार पारिएको छ। यी सबै फिल्मले भारतीय रुपियाँ १०० करोडमाथिको व्यापार गरेको छ। यसमध्ये *बाहुबली*ले त ५ सय करोडको आंकडा छोएको छ। तर जरूरी छैन कि यो सूचीमा सामेल फिल्म दर्शकको नजरमा पनि हिट भएको होस्। उदाहरणका लागि सलमान खानको *ट्युबलाइट* पनि यो सूचीमा सामेल छ, तर यो फिल्म दर्शकको नजर र क्रिटिक्सका समीक्षामा असफल सावित भएको थियो। यो *टप टेन*को सूचीमा सलमान खालका २ फिल्म परेका छन्। वेब दुनियाँ अनलाइनका अनुसार वरुण धवन र अक्षय कुमारका पनि २/२ फिल्म छन्। अजय देवगण, प्रभास, शाहरुख खान र रितिक रोशनको एक/एक फिल्म समावेश छन्।

रश्मी थापा



### १ बाहुबली २
कमाइ : ५११.३० करोड

निर्देशक एसएस राजामौलीले निर्देशन गरेको *बाहुबली* २ डबिङ गरेर हिन्दीमा रिलिज भएको फिल्म हो। हिन्दीमा नबनेकाले यो सूचीमा हिन्दी भर्सनको कलेक्सन मात्र सामेल गरिएको छ। तर यसले सबैभन्दा ठूलो व्यापार गर्‍यो। यो फिल्ममा प्रभास, राना डग्गुवती, अनुष्का शेट्टी, सत्यराज, तमन्ना, नसार, रम्य कृष्णनजस्ता कलाकारहरुले अभिनय गरेका छन्।



### २ टाइगर जिन्दा हे
कमाइ : १९०.६२ करोड

२०१७ को अन्ततिर रिलिजमा आएको सलमान खानको टाइगर जिन्दा हेले अहिलेसम्म १९०.६२ करोडको व्यापार गरिसकेको छ। निर्देशक अली अब्बास जफरको निर्देशनमा बनेको यो फिल्ममा सलमान खान, कट्रिना कैफ, सुदीप, अंगद बेदी, गिरिश कर्नाड, परेश रावल आदि कलाकारको मुख्य भूमिका रहेको छ। यो फिल्ममा त्यस्ता कैयौं दृश्य छन्, जसलाई पत्याउन सकिँदैन। फिल्मले एक्सन फिल्मका दर्शक र सलमानका फयानहरुको मन भने जितेको छ।



### ३ गोलमाल अगेन
कमाइ : २०५.५२ करोड

लोकप्रिय बलिउड फिल्म *गोलमाल* सिरिजको चौथो भाग *गोलमाल अगेन* अघिल्ला रिलिजभन्दा कमजोर सावित भए पनि २०५.५२ करोडको व्यापार गरेर सुपरहिट फिल्म बन्न पुग्यो। रोहित शेट्टीले निर्देशन गरेको फिल्ममा अजय देवगण, तब्बु, परीणति चोपडा, तुसार कपुर आदिले अभिनय गरेका छन्।



### ४ जुडवा २
कमाइ : १३८ करोड

१ सय ३८ करोडको व्यापारिक सफलता हासिल गरको हिट फिल्म *जुडवा* २ लाई डेविड धवनले निर्देशन गरेका हुन्। फिल्ममा वरुण धवन, ज्याकलिन फर्नाडिज, तापसी पन्नु, अनुपम खेर आदिको अभिनय रहेको छ।



### ५ रईस
कमाइ : १३७.५१ करोड

१३७.५१ करोडको व्यापार गरेको फिल्म रइस सन् २०१७ मा ट्वीटरमा सबैभन्दा बढी चर्चा गरिएको फिल्म हो। एक्सन थ्रिलर यो फिल्म गुजरातको अब्दुल लतिफ नामक अपराधीको कथामा बनेको भनिए तापनि यसका निर्माताहरुले भने फिल्म काल्पनिक भएको दाबी गरेका छन्। शाहरुख खान, उनकी पत्नी गौरी खान, फरहान अख्तर र रीतेश सिधवानीले निर्माण गरेको फिल्मलाई राहुल ढोलकियाले निर्देशन गरेका हुन्। फिल्ममा शाहरुख खान, महिरा खान, नवाजुदीन सिद्धीका आदिको अभिनय रहेको छ।

१३४.२५ करोडको व्यापार गरेको यो फिल्मले शौचालय बनाउनुहुँदैन भन्ने भारतीय परम्परागत रुढीवादी सोचलाई कसिलो झापड हानेर सामाजिक चेतनास्तर बढाएको छ। फिल्म श्रीनारायण सिंहले निर्देशन गरेका हुन् भने अक्षय कुमार, भूमि पेडनेकर, दिभ्यन्दु, सुधीर पाण्डे, अनुपम खेर आदिको अभिनय रहेको छ।



### ६ ट्वाइलेट एक प्रेमकथा
कमाइ : १३४.२५ करोड



### ७ कबाली
कमाइ : १२६.८५ करोड

बदलाको भावनाले भरिएको यो फिल्ममा निकै रोचक विषय रहेका छन्। १२६.८५ करोडको व्यापार गरेको यो फिल्म रितिकको चामत्कारिक कामका लागि हेरिनुपर्छ। दृष्टिविहीन भएर पनि चमत्कारी बनेर बदला लिन खोजेको कथा यो फिल्ममा देखाइएको छ। सञ्जय गुप्ताको निर्देशन रहेको फिल्ममा ऋतिक रोशनको साथमा यमी गौतम, रोनित रोय, रोहित रोय आदिले अभिनय गरेका छन्।



### ८ ट्युबलाइट
कमाइ : १२१.२५ करोड

कमजोर स्क्रिप्टका कारण सोचे जति व्यापारिक सफलता हासिल गर्न नसके पनि १२१.२५ करोडको व्यापार गरेको *ट्युबलाइट*मा ५५ वर्षअघिको समय देखाइएको छ। कवीर खानले फिल्म निर्देशन गरेका छन् भने फिल्ममा सलमान खानको साथमा साहिल खान, ओम पुरी आदिको अभिनय रहेको छ।



१ सय १७ करोडको व्यापार गरेको *जोली एलएलबी* २ मा अक्षय कुमार, हुमा कुरेशी, अनु कपुर, सौरभ शुक्ला आदिको अभिनय रहेको छ। फिल्ममा आफूलाई परिस्थितिअनुसार विभिन्न रूपमा बदमासीका लागि तयार पार्ने अक्षयकुमार कसरी समाजका लागि केही राम्रो गर्ने भन्ने बाटोमा लाग्छन् भन्ने कुरा देखाइएको छ। कानुन नपढी सडकमा च्याम्बर राखेर वकालत गर्ने अक्षयले अदालतबाटै सिकेर आफूलाई जोली एलएलबी बनाउन गरेको संघर्ष र यस क्रममा आइपर्ने कठिनाइ तथा त्यसलाई समाधान गर्दाका समस्यालाई यस फिल्ममा उतारिएको छ।

### ९ जोली एलएलबी २
कमाइ : ११७ करोड



### १० बद्रीनाथकी दुल्हनियाँ
कमाइ : ११६.६० करोड

बक्स अफिसमा ११६.६० करोडको कलेक्सन गर्न सफल फिल्म *बद्रीनाथकी दुल्हनियाँ*मा छोरी जन्मेपछि आमाबाबुले दाइजोको रकम जोड्न शुरु गर्नुपर्ने कुरीतिलाई देखाइएको छ। यो पुरानो विषय भएको र यसमा धेरै फिल्म बनिसकेको भए पनि शशांक खेतानको निर्देशन र लेखन शैलीले फिल्मलाई हेर्न लायक बनाएको छ। फिल्ममा वरुण धवन र आलिया भट्टको साथमा साहिल वेद, गौहर खान, श्वेता बासु आदिको अभिनय रहेको छ।

# १९ वर्षे करियरमा तल्लैबाट फाल हाले निखिलले





आफ्नो फिल्मी करियरको पहिलो फिल्म *पिंजडा*का लागि ७ तल्लाको भवनबाट फाल हानेर साहसिक र खतरनाक एक्सन प्रस्तुत गरेका एक्सन नायक निखिल उप्रेतीले त्यसैसँग नाम जोडेर निर्मित फिल्म *पिंजडा ब्याक अगेन*का लागि १९ तल्लाबाट फाल हाल्ने अर्को साहस देखाएका छन्।

'खासमा यो फिल्ममा निखिलजीलाई १९ तल्लाबाट फाल हाल्न लगाउनुपर्ने स्टोरीको डिमान्ड नै थिएन। तर पहिलो कुरा त उहाँको डेब्यु फिल्म *पिंजडा*मा उहाँले ७ तल्लाबाट फाल हालेको मन प र ाइएको थियो। दोस्रो कुरा यो *पिंजडा*मै *ब्याक अगेन* थपेर बनाइएको फिल्म हो। त्यसैले हामी यसको सुटिङका लागि जहाँ-जहाँ जान्थ्यौं, त्यहाँका अर्डियन्सले यसमा निखिलले कति तल्लाबाट हाम फाल्छन् भनेर सोधिरहन्थे', यसै फिल्मबाट निर्देशन यात्रा शुरू गरेका द्वन्द्व निर्देशक हिमाल केसीले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने- 'त्यसैले दर्शकहरूको रुचि र चासोलाई ध्यानमा राखेर यसमा निखिलजीलाई भक्तपुरको ठिमीस्थित राधे-राधेअगाडिको भवनको १९ तल्लाबाट फाल हाल्न लगाइएको हो। जसले फिल्मलाई चासोको विषयसमेत बनाएको छ। निखिलजीले ७ तल्लाबाट फाल हाल्दा उहाँलाई फाप्यो, त्यसैले ७ उहाँको लक्की सेभेन नम्बर सावित भयो। १९ चाहिँ मेरो लक्की नम्बर हो र निखिलजीले करियर शुरू गर्नुभएको पनि १९ वर्ष भयो। त्यसैले उहाँलाई यसमा १९ तल्लाबाट फाल हाल्न लगाइएको हो।'

हिमालले थपे- '*पिंजडा* र *पिंजडा ब्याक अगेन*को कथावस्तु बिलकुलै फरक छ। यो *पिंजडा*को सिक्वेल होइन। नाममात्र उस्तै हो। यो पूर्णतया सेन्टीमेन्टल पारिवारिक र एक्सन ड्रामा हो ।'

ओम शाही भक्त सिने आर्ट र ओम शाही मौला कालिका सिने आर्टको ब्यानरमा श्रीराम बरालको प्रस्तुति तथा रोहित पुरी, गोविन्द गैरे र चन्द्र क्षेत्रीद्वारा निर्मित फिल्ममा कथा, पटकथा र संवाद मौनता श्रेष्ठ, वसन्त सापकोटा, अर्जुन पोखरेल र राजनराज शिवाकोटीको गीत रचना र संगीत, रामजी लामिछानेको कोरियाग्राफी, निर्देशक केसीकै द्वन्द्व, सौरभ लामाको छायांकन र वनिष शाह र मिलन श्रेष्ठको सम्पादन रहेको छ।

आगामी माघ ४ गते अल नेपाल रिलिज हुने फिल्ममा निखिलका साथमा सारा शेरपाइली, पुकार भट्टराई, सुष्मिता केसी, सुन्दर श्रेष्ठ, भोलाराज सापकोटा, स्व. विना थापा, बाल कलाकार कुसाग्र भट्टराईलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्।



## वसन्तको जाली रुमाल भिडियोमा



फिल्मी संगीतमा समेत छाएका संगीतकार वसन्त सापकोटाको संगीत, शब्द र स्वर रहेको नयाँ गीत *जाली रुमाल* म्युजिक भिडियोसहित सार्वजनिक गरिएको छ।

रिकेश गुरुङ किजको संगीत संयोजनमा तयार भएको गीतको भिडियो आकर्षक बनेको छ। के एन्ड के प्रोडक्सनले निर्माण गरेको म्युजिक भिडियो सार्वजनिक गर्दै संगीतकार सापकोटाले दर्शकको माया पाउने विश्वास व्यक्त गरे।

राजधानीका रमणीय स्थानमा छायांकन गरिएको भिडियोमा मोडल निराजन प्रधान र नायिका मरिष्का म्यारी पोखरेलले अभिनय गरेका छन्। उत्सव दाहालको सिनेम्याटोग्राफीमा तयार भएको भिडियोलाई निशान घिमिरेले सम्पादन गरेका छन्। सुरेन बसेलको कोरियोग्राफी रहेको म्युजिक भिडियोलाई अर्जुन अधिकारीले निर्देशन गरेका हुन्।

## विपत्ति भुलाउन कन्सर्ट

रामधन राई/खोटाङ ।

खोटाङस्थित हलेसीमा आगलागीका कारण उत्पन्न विपत्तिलाई बिर्सेर सामान्य जीवनमा फर्कन सन्देश दिने उद्देश्यले सोही स्थानमा बृहत् सांगीतिक कन्सर्ट आयोजना गरिएको छ। आगलागीका कारण ८ भन्दा बढी घरपरिवारको गास बास उजाड्ने गरी उत्पन्न विपद् व्यवस्थापन तथा पुनःस्थापनाको सन्देश दिने उद्देश्यसहित गरिमा कला डान्स सेन्टर खोटाङले बिहीबार कन्सर्टको आयोजना गरेको हो।

हलेसी मन्दिरको प्रांगणमै गरिएको कन्सर्टमा चर्चित गायिका बानिका प्रधान, गायक राज लिम्बु तथा गरिमा कला डान्स सेन्टरका कलाकारको बेजोड प्रस्तुति रहेको थियो। आगलागीमा घर तथा सम्पत्ति गुमाएका हलेसी तुवाचुङ नगरपालिका-७ महादवस्थानका व्यवसायी मगम राई, उचितबहादुर राई, तम्बराज राई र अम्बराज राईलगायतका व्यवसायीलाई दिल खोलेर सहयोग गर्न आह्वान गर्दै



आयोजना गरिएको कन्सर्टमा उल्लेख्य उपस्थिति रहेको थियो। मेयर ईवन राईको प्रमुख आतिथ्यमा सम्पन्न कन्सर्टको अभिभावकको रूपमा संकेत गर्दै स्थानीय समाजसेवी हर्कराज राईलाई अध्यक्षता ग्रहण गराइएको थियो। संस्थागत विकासका लागि पूर्वरूपमा निर्धारण गरिएको कार्यक्रम भए पनि विपद् लगत्तै मिति परेकाले आर्थिक संकलन नभई पीडित मनहरूमा उत्साह भर्ने उद्देश्य बनाइएको कार्यक्रम संयोजक सुवास शंकरले बताए। कार्यक्रममा कलाकारहरूले प्रसिद्ध स्थलमा उत्पन्न विपत्तिप्रति दुःख व्यक्त गरेका थिए। गत मंगलबार राति मगम राईको घरबाट शुरू भएको आगोले ५ करोड ११ लाख १५ हजारबराबरको क्षति भएको प्रहरीले जनाएको छ।



## लोकगीतबाट जीवन चलाउनै गाह्रो

वीरगन्ज, (नेस)। कला र गला भए कुनै कुराले पनि छेक्न सक्दैन भन्ने उदाहरण युवा लोक गायक वीरेन्द्र ढकालले पेस गरेका छन्। २०४७ सालमा गोर्खाको हालको अजिरकोट गाउँपालिकाको वडा नम्बर १ मा जन्मिएका ढकालले हालसम्म एक दर्जन लोक तथा दोहोरी गीत बजारमा ल्याएका छन्। तीजसहित समसामयिक लोक तथा दोहोरी गीत गाइरहेका ढकालले यसैलाई पेसा बनाउन भने सकेका छैनन्।

उनले सानैदेखि लोक तथा दोहोरी गीतमा प्रभावित भएकाले र पुराना लोक गायकहरूको प्रेरणाले यो क्षेत्रमा लागेको *नेपाल समाचारपत्र*लाई बताए। धादिङको एक सरकारी विद्यालयका स्थायी शिक्षक रहेका ढकालले हालसम्म आधा दर्जनभन्दा बढी लोक तथा दोहोरी गीतमा अभिनयसमेत गरेको बताए। लोक संगीतबाट नै जीवनयापन गर्न सकिने अवस्था अझै नेपालमा बनिनसकेको उनले बताए। नाम चलेका र पुराना कलाकारलाई बाँच्न सजिलो भए पनि आफूजस्ता नयाँ कलाकारका लागि अझै धेरै संघर्ष गर्नुपर्ने अवस्था रहेको पनि उनले बताए।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# साहित्य

शब्दहरुसँग खेल्दा आनन्द आउँछ,
जसबाट कामको थकावट टाढा
जान्छ।
– अलेक्सेई तोलस्तोय

हृदयको चास्नीमा
परिपाक भएको विचार–सौन्दर्यको
अभिव्यक्ति साहित्य हो।
– केदारमान व्यथित

व्यक्तिवृत्त

## लोकसाहित्यका डोट्याली शब्दकोष

### वासुदेव भाइसाब

मोहन दुवाल

संस्कृति र लोकसाहित्यमा आफ्नो मूल क्षेत्र बनाएर जीवनका धेरै क्षणहरू साहित्यिक जगत्मा समर्पित तुल्याई सिर्जनामा मन लगाइरहने एकजना स्रष्टा हुन्- वासुदेव भाइसाब। लोकसाहित्य अन्तर्गतका लोकशब्दका खोजीमा निरन्तर आफूलाई सम्प्रेषित तुल्याउन पाउँदा गौरव अनुभव गर्ने भाइसाबले लोककथाका मर्महरू, लोकसंस्कृतिका गाथाहरू, लोकपरम्पराका मान्यताहरू, लोकमानसिकताका भावनाहरू, लोकभाषाका मिठासहरू आफ्नो कलममार्फत प्रस्तुत गर्न जाँगर चलाएका छन्। यस अतिरिक्त यिनले कविता, उपन्यास, नियात्रा, नाटकमा समेत कलम चलाएर आफ्नो साहित्यिक भावनालाई सिर्जनामा रूपान्तरण गरेका छन्।

वासुदेव भट्टले आफूलाई भाइसाबका रूपमा चिनाइसकेपछि थुप्रै साहित्यिक सिर्जनामा आफ्नो डोबहरू सम्प्रेषित गरिसकेका छन्। वैतडीजस्तो अति विकट जिल्लामा जन्म पाएर पनि यिनले सुदूरपश्चिमाञ्चलको लोकसाहित्यको परिचय गराउँदै लोकसाहित्यको अन्वेषण गर्न र गराउन आफूलाई समर्पित तुल्याएका छन्। हाल यिनी महेन्द्रनगरमा बसोबास गर्दै राष्ट्रिय पहिचान देखाउन सक्रिय रूपले सङ्घर्षरत छन्। वि.सं. २००० असार १५ गते पिता जैयराज भट्ट र माता द्वारिकादेवी भट्टका छोरा भई जन्मेका वासुदेव भट्टले निकै सङ्घर्ष, परिश्रम गरी आफूलाई त्यस क्षेत्रका चर्चित व्यक्तित्वका रूपमा उभ्याउन सफल छन्। बी.ए., बी.एड. उत्तीर्ण गरी शिक्षणसेवामा जीवनका थुप्रै क्षणहरू गुजारिसकेका यिनी कमलापछि तुलसीकै मायामोहमा आफूलाई समाहित तुल्याई छोरा दुई र छोरी चार हुर्काई-बढाई आफ्नो जीवनक्रम गुजार्दै छन्।

वि.सं. २०२२ मा भूमिसुधार भूमिका छपाइ सिर्जनामा प्रथमचोटि देखा परेका यिनी आफ्नै समाजको प्रेरणाले साहित्य लेखनमा अग्रसर भएको सन्दर्भ उल्लेख गर्छन्। अनुभूतिहरूको कलात्मक लेखन हो साहित्य भन्न रुचाउने यिनी लोककल्याण, लोकहितका लागि साहित्य सिर्जना हुनुपर्ने आफ्नो दृष्टिविम्ब रहेको बताउने गर्छन्। हालसम्म यिनका प्रकाशित पुस्तकहरूमा कवितातर्फ डोके, गौंकी र स्वराइ प्रकाशित छन्। उपन्यासतर्फ संस्मरण, सफर, निङ्गलाका छतरीहरु छन् छन्। यसै गरी नाटक विधामा गोरा, चैतालो (दुवै नाटक राष्ट्रिय नाटक महोत्सवमा मञ्चित) छन्। कथासङ्ग्रहतर्फ डोट्याली दन्त्यकथा प्रकाशित छ। यिनका लोकसाहित्यमा आफ्नै खालको सक्रियता रहेकै कारणले लोकसाहित्यमा पनि खोजी-अनुसन्धानका प्रकाशित पुस्तकहरुमा डोट्याली कोश (लोकोक्तिखण्ड), डोट्याली लोकसंस्कृति तथा लोकसाहित्य, सुदूरपश्चिममा डोटी प्रदेशका लोकगाथा अवलोकन, थारु लोकसाहित्य परिचय कोश ग्रन्थहरू प्रकाशित छन्। भरिया दाइ (यात्रा संस्मरण) पनि प्रकाशित छ। समाजका भाइसाब भन्न सुहाउने वासुदेव भट्ट नाटकका निर्देशक भई राष्ट्रिय नाटक महोत्सवमा २०५४, २०५७ र २०५८ मा भाग लिएर प्रशंसापत्र प्राप्त गर्न सफल भएका हुन्। वि.सं. २०५२ मा नै राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गरिसकेका भाइसाबलाई यिनले पुऱ्याएको सिर्जनशीलताका लागि सुदूरपश्चिमाञ्चल साहित्यिक समाज, कैलालीद्वारा २०५९ मा अभिनन्दन गरिसकिएको छ।

मानवअधिकारकै खोजीमा लाग्दै गरेका वासुदेव भाइसाब महाकाली साहित्य संगममा संलग्न भई नेपाल प्रज्ञा परिषद्का सदस्य रहेर आफ्नो संलग्नता राष्ट्रमा देखाइरहेका छन्। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेलका साहित्यिक सिर्जनाबाट प्रभावित यिनी रविन्द्रनाथ टैगोर, प्रेमचन्दका रचनाहरू मन पराएर अध्ययन गर्ने गर्छन्। जीवनप्रति आशावादी रहेका यिनी लोकसाहित्यको माध्यमबाट समाजसेवा गर्न मन पराउँछन्। डोटी खोलाको नाउँबाट डोटी रहेको सेती अञ्चलका एकजना प्रतिभावान् व्यक्तित्वका रूपमा राष्ट्रमा पहिचान देखाउन सफल वासुदेवका शैक्षिक क्रियाकलापका अनगिन्ती पानाहरू उक्त अञ्चलमा छरपस्ट छन्।

मध्यकालमा बाइसी राज्यहरूमध्ये डोटी एक प्रभावशाली राज्य थियो। उक्त समयमा डोटी राज्यको फैलावट पश्चिममा काली कुमाउँदेखि पूर्वमा कर्णाली र उत्तरमा ठाकुरजीदेखि दक्षिणमा तराईसम्म फैलिएको सन्दर्भ इतिहास-पृष्ठमा लेखिएका छन्। यसै क्षेत्रको खोजी र अनुसन्धानमा जीवनका थुप्रै आयामहरू बिताइसकेका यिनी त्यस क्षेत्रबाट उदय भएका पछिल्लो पुस्ताका अग्रज अन्वेषक हुन्। इतिहासमा



उल्लेख हुँदै आएको डोटीभित्रका सन्दर्भका ऐतिहासिक पानाहरू खोज्दै, डोट्याली शब्द, लोकसाहित्य र संस्कृतिका अध्येताका रूपमा आएको पहिचान देखाउन सफल एकजना चर्चित स्रष्टाका रूपमा परिचय कमाइसकेका व्यक्तित्व हुन्- वासुदेव भाइसाब

सङ्कल्प बोकेर हिँड्नेहरू गन्तव्यमा पुग्न सक्छन्। उद्देश्यमा कदम बढाउनेहरू आफ्नो उद्देश्यमा सफलता प्राप्त गर्छन्। यस्तै सङ्कल्प र उद्देश्यमा आफूलाई समर्पित तुल्याई आफ्नो गन्तव्यमा हिँड्न सफल रहेको कारणले वासुदेव भाइसाबले यात्रामा सफलता पाउन सफल रहे। डोटीका लोकसाहित्यका शब्दकोष भन्न सुहाउने यिनको परिचयका हरफहरू डोटीका लोकशब्द र भाषासँग प्रत्यक्ष सम्बन्धित छन्। यिनै वासुदेव भाइसाबले सुदूरपश्चिमलाई राष्ट्रमा चिनाउन निकै परिश्रम पोखेका छन्। नेपाली राष्ट्रिय संस्कृतिको मूलप्रवाहमा त्यस क्षेत्रको उपस्थिति जनाउनका लागि यिनले खर्चेका योगदानहरू अविस्मरणीय र उदाहरणीय छन्।

वासुदेव भट्टका जन्म मध्यमवर्गीय परिवारमा भएको हो। १२ वर्षको छँदादेखि देशबाहिर गएर यिनले अध्ययन गरे। अध्ययनको क्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरूसँग सम्बन्ध जोड्दै, जीवनका क्रमहरूमा आइपर्ने समस्याहरूसँग जुध्दै यिनले आफ्नो जीवनका सुन्दर हरफहरू राष्ट्र, समाज र जनताका लागि समर्पित तुल्याइरहे। लेखनमा नाटक विधालाई रुचि भएको विधा भन्न रुचाउने यिनले पछि धेरैजसो समय लोकसाहित्यकै संवर्द्धन, सिर्जनामा लगाउन खोजेको देखिन्छ। लेखनको स्रोत भनेको नै समाज हो, सामाजिक घटनाहरूले नै लेखकलाई प्रभावित तुल्याउँछ। धेरैले रुचाउने साहित्य नै उत्कृष्ट साहित्य बन्छ। यस खालको सोच बनाएर साहित्यिक सिर्जनामा लागेका यिनी साहित्यले राजनीतिबाट बढी प्रभावित भएको हुनुहुँदैन, साहित्य स्वतन्त्र लेखन हुनुपर्छ भन्ने मान्यता र विश्वास व्यक्त गर्छन्।

साथीभाइले भाइसाब भनेर सम्बोधन गर्दागर्दै भाइसाब हुन अथक् प्रयत्न गर्दै आएका यिनी त्यस क्षेत्रका सबैले रुचाइदिएका साहित्यिक भाइसाबका विम्बमा स्थापित हुन सफल छन्। रुचि यिनको साहित्य रह्यो। त्यसैले जस्तो अवस्थामा पनि यिनले साहित्यलाई मन पराइरहे। भाषाको स्वरूप निर्माणमा डट्दै गरेको सर्जक तथा भाषासेवी वासुदेव भाइसाबले डोटेली भाषा, शब्द, संस्कृति, साहित्यको सम्बन्धमा धेरै लेखे, धेरै बोले र धेरै खोजे। यसै सन्दर्भमा यिनले आफ्नो विचार यसरी राखेका छन्- महाकालीदेखि अछाम बूढीगङ्गासम्मको मध्यपहाडी भागको बीचमा बोलिने भाषा डोटेली भाषा हो। कुमाउनी, गढवाली, नेपालीजस्तै डोटेली पनि स्वतन्त्र भाषा हो। संस्कृतको पहाडी प्रत्यय भएका यी भाषाहरू स्वतन्त्र भाषा हुन्। रेडियो नेपालबाट प्रसारित समाचार कुनै निश्चित गाउँको भाषिका हो। उनीहरूले वास्तविक कुरा बुझेका छैनन्। यस्तै भाषिक तर्क र मान्यतामा आफूलाई देखाउँदै आएका यिनी आफ्नो प्राचीन गौरव एवं संस्कृतिका मूल धरोहरलाई बुझ्न सक्ने स्थिति क्रमशः बन्दै जाओस् भन्ने अभियानमा सक्रिय रहँदै आएका हुन्। त्यसैले यिनको ध्येय त्यस क्षेत्रको लोकसाहित्य र लोकसंस्कृतिको विकास गर्ने र त्यसलाई राष्ट्रियस्तरमा पुऱ्याउने नै हो।

जीवनमा उद्देश्य बोकेर कुद्नेहरूले नै सफल जीवनको प्राप्ति गर्छन्। यिनी पनि जीवनमा आफ्नो उद्देश्य बोकेर सफल जीवन प्राप्तिका लागि कुदिरहेका छन्। यिनको प्रयास स्तुत्य छन्। यिनले खोजी गरेका लोकसाहित्यका हरफहरू उल्लेखयोग्य छन्। ठाउँ जहाँकै होस्, व्यक्ति कुनै जातिका होऊन् तर उद्देश्य र सङ्कल्प सपाट भएपछि विजय निश्चित छ। वासुदेव भाइसाब यस अर्थमा यस क्षेत्रका चर्चित प्रतिभा हुन्। शिक्षणसेवामा आफ्नै छवि र बर्कत देखाउन सफल शिक्षक। समाजसेवामा सेवाका मर्महरू पोख्न सफल समाजसेवक। साहित्य सिर्जनामा आफ्नै पन देखाउन सक्षम साहित्यकार। साहित्यिक क्रियाशीलतामा आफूसक्दो सेवामा समर्पण गर्न जानेका योद्धाका रूपमा परिचय देखाउन सफल वासुदेव भाइसाबको योगदान सुदूरपश्चिमाञ्चलकै लागि अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ। साहित्य, कला, संस्कृतिका क्षेत्रमा निरन्तर क्रियाशील यिनी सेती भएर बग्दै महाकाली अञ्चलका चर्चित स्रष्टा तथा द्रष्टाका रूपमा आफूलाई सफलतापूर्वक उभ्याउन सफल छन्। कविता, कथा, उपन्यास, नाटक लेखनमा पनि आफ्नो कर्म र सिर्जना देखाउँदै आएका यिनी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्यालबाट विशेष प्रभावित छन्। यिनी लोकसाहित्यको माध्यमबाट समाजसेवा गरेर दिन बिताउन चाहन्छन्। यिनले मलासिनी मासिकको सम्पादन गर्नुका साथै बालअधिकार र कर्णालीको सेरोफेरो ग्रन्थको सम्पादन गरेर आफूलाई सफल सम्पादकका रुपमा उभ्याउन पनि सफल छन्।

खोजी अनुसन्धान गर्दै अर्काको परिचय दिन कञ्जुस्याइँ गर्नेहरूका लागि वासुदेव भाइसाब ओझेलमा परेका नाम र नसुनिएका लेखक हुनसक्छन्। तर मेरो दृष्टिमा यस्तै सुन्दर मान्छेहरूको उत्खनन भएपछि मात्र नेपाल सुन्दर र सौम्य राष्ट्र हुनसक्छ। बधाई छ- लोकसाहित्य र साहित्यमा महेन्द्रनगर, कञ्चनपुरमा रहेर निरन्तर सेवा गर्न मन गरेर यात्रामा लागिरहेकोमा।

## बीपीको साहित्यिक व्यक्तित्व



विश्वेश्वर प्रसाद कोइरालाको नाम झट्ट सुन्दा राजनीतिक युगपुरुषको चित्र मस्तिष्कमा अङ्कित हुन्छ। तर, उनको साहित्यिक व्यक्तित्व त्योभन्दा कम सशक्त र प्रभावशाली छैन। बीपीको साहित्यिक जीवन पनि राजनीतिक जीवनजत्तिकै पुरानो छ। किनभने, उनी झन्डै १० वर्षको उमेरबाट नै टेढीमा रहँदा हिन्दी साहित्यका चर्चित साहित्यकारहरूको रचनामा डुबुल्की मार्न थालिसकेका थिए। रामनरेश त्रिपाठीको 'पथिक' खण्डकाव्य, प्रेमचन्दको 'रङ्गमञ्च' र 'रङ्गभूमि' उपन्यासको अध्ययन गर्न थालेकाले यही समयदेखि नै उनमा विचार र भावनाको गहनता पहिल्याउन सक्ने क्षमताको प्रस्फुटन हुन थालेको सङ्केत पाइन्छ।

बनारसको हरिश्चन्द्र स्कुलमा भर्ना भएपछि भने बीपीको साहित्यप्रतिको अनुराग झन् बढी झाङ्गिएको प्रतीत हुन्छ। साहित्यजीवनको बिहानीमा उनलाई साहित्यानुरागी शान्तिप्रिय द्विवेदीले साहित्यिक कृतिहरूको अध्ययन र रचनाशिल्पमा समाहित हुन ऊर्जा प्रदान गर्दै साहित्य सृजनाको मैदानमा उत्रने प्रेरणा दिए। यिनले नै बीपीको सम्पर्क रायकृष्ण दास, मैथिलीशरण गुप्त, विनोदशङ्कर व्यास, प्रेमचन्द आदिसँग गराए। उनकै सहयोगले प्रेमचन्दद्वारा सम्पादित साहित्यिक पत्रिका 'हंस'मा बीपीको पहिलो लघुकथा 'उहाँ' वि.सं. १९८७ मा छापियो। सोही पत्रिकामा 'पथिक' र 'अपनी ही तरह' छापिए। 'भैयादाइ'ले कलकत्ताको लब्धप्रतिष्ठित पत्रिका 'विशाल भारत'मा आश्रय पायो भने उनको अर्को कथा 'होड'ले 'हिमालय'मा। यस्तै हिन्दीमा लेखिएको उनको कथा 'कैदी'लाई आफ्नो अङ्कमा कैद गऱ्यो- इलाहवादबाट निस्कने पत्रिका 'भविष्य'ले।

बीपीको साहित्यिक चक्षुले उनलाई हिन्दी साहित्यका मात्र होइन, विश्वका ख्यातिप्राप्त साहित्यकारहरूको कृतिमा नजर घुमाउन बाध्य पाऱ्यो। रुसी साहित्यकारहरू टाल्स्टाय, तुर्गनेभ, गोर्कीका कृतिबाट उनी भरपुर रसास्वादन गर्दथे। चेखव, मोपासाँ र भिरक्टर ह्युगोका रचनाले उनको साहित्यिक क्षितिजलाई फराकिलो पार्न कोसेढुङ्गाका रूपमा मद्दत पुऱ्यायो। उनले फ्रायडका रचनालाई धेरै मन पराए। फ्रायडबाट उनी यति प्रभावित हुन पुगे कि उनका कथा र उपन्यासहरू मनोवैज्ञानिक भावधाराले आलोकित हुन पुगे।

लामो कैदी जीवनको पट्यार लाग्दा क्षणहरूलाई उनले साहित्य सृजनाका लागि उपयुक्त मौका ठानेर उपयोग गरे। यसरी राजनीतिमा जस्तै साहित्यिक क्षेत्रमा पनि शिखर चुम्न उनी सफल भए। राजनीति र साहित्यलाई जीवनरूपी सिक्काका दुई पाटाका रूपमा कसरी दौंतरी बनाएर उनी सार्वजनिक भए त ? उनले यो प्रश्नको जवाफ आफैंले दिएका छन् यसरी- 'राजनीतिमा म एउटा अन्तःप्रेरणाले उकासिएको छु भने साहित्यमा ठीक विपरीत अन्तःप्रेरणाले। म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी।'

('राष्ट्रिय जीवनमा विश्वेश्वर प्रसाद कोइराला' बाट उद्धृत अंश)

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

**ज्यो. चन्द्रेश शर्मा**

पुस २२ देखि २८ गतेसम्म

**मेष**

साताको मध्यभाग धेरै उपलब्धिमूलक छ। आँटेका कामहरु पूरा होलान्। साथीभाइ-इष्टमित्रबाट राम्रै सहयोग पाइएला। खाद्यान्न प्राप्तिको सम्भावना छ। बौद्धिक क्षमताको प्रयोगले ठूलै काम बन्नेछ। सामान्य परिश्रमबाट राम्रै आम्दानी होला। तर साताको शुरुका दुई दिन राज्यका तर्फबाट डर, तिर्न बाँकी ट्याक्स तिर्न दबाब, मान-प्रतिष्ठामा कमी आउनेछ भने शुक्रबार चोटपटकको भय छ।

**वृष**

साताको मध्य अवधिसम्म दिनहरु हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरु शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, वाहनको इच्छा हुनेहरुलाई वाहन लाभको सम्भावना छ।

**मिथुन**

तपाईंका लागि यस साताको मध्यभाग सोमबार र मंगलबार त्यति राम्रो देखिँदैन। बाँकी दिनहरु शुभ फलदायक छन्। विविध वस्तु वा सेवाको प्राप्ति होला। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। साथीभाइसँगको भेटघाट उपलब्धिमूलक हुनेछ। तर साताको मध्यभागमा भने अनावश्यक खर्च, स्वास्थ्य समस्या, चोटपटकको भय हुने देखिन्छ।

**कर्कट**

साता मिश्रित फलदायक छ। सोमबार र मंगलबार आँटेको काम सफल हुने, कतैबाट केही रकम प्राप्त हुने, इज्जत-प्रतिष्ठामा वृद्धि हुने, पढाइमा रुचि जाग्ने हुन्छ भने बाँकी दिनहरु त्यति फलदायक छैनन्। अनुपलब्धिमूलक खर्च हुने, यसो गरौं कि उसो गरौं भन्ने भावनाले मानसिक चञ्चलता हुने, अनावश्यक दौडधुपमा समय बित्ने, आलस्यता बढ्ने देखिन्छ।

**सिंह**

यो साता मिश्रित फलदायक छ। शुरुका दुई दिन शुभ छन्। कतैबाट नगद प्राप्त होला। मिष्ठान्न भोजनको अवसर मिल्ला। सोमबार र मंगलबार भने आर्थिक नोक्सानी, दुर्घटनाको भयका साथै विवादमा परिएला। त्यसपछिका दिनमा कतैबाट उपहार मिल्ला। काममा सफलता एवम् धनलाभ हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबार भने मानसिक चञ्चलता र विनाकाममा खर्च हुनेछ।

**कन्या**

यो साताका दिनहरुमध्ये कुनै दिन राम्रो होला भने कुनै दिन निराश हुनुपर्ने अवस्था आउन सक्छ। त्यसैले प्रयास जारी राख्दै धैर्यता र सतर्कता अपनाउनुपर्ने देखिन्छ। दुर्घटना, चोटपटक, वादविवाद, आर्थिक नोक्सानीको सम्भावना अधिक छ। सावधानी अपनाउनुहोला। सोमबार, मंगलबार र शुक्रबार उपलब्धिमूलक छ। यी दिनमा कार्य सफल, मान-सम्मान, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**तुला**

यो साता तपाईंका लागि मिश्रित फलदायक छ। शुरुका दिनमा खाद्यसामग्री, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। सोमबार र मंगलबार अनि शुक्रबार निरर्थक धन र समयको नोक्सानी, मानसिक चञ्चलता, पेटको स्वास्थ्य समस्या पारिवारिक विवाद होला। बाँकी दिनहरु भने सुख-सन्तोष हुनेछ। आफ्नो व्यवसायबाट केही भए पनि आर्थिक लाभ हुने देखिन्छ।

**वृश्चिक**

यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

**धनु**

यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आइतबारसम्म ग्यास्टिक, वायुजन्य रोगको सम्भावना र काममा असफलता हुने देखिन्छ भने त्यसपछिका दिनहरु उत्तम फलदायक छन्। प्रतियोगिताहरुमा भाग लिएको भए विजय, रोजगारको प्रयासमा सार्थकता, मुद्दामामिलाको टुंगो लाग्ने भएमा जित्ने सम्भावना छ। व्यापारबाट आशातीत आम्दानी हुनेछ। तर शुक्रबार भने रोगव्याधीको भय छ।

**मकर**

तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**कुम्भ**

तपाईंका लागि यो साता मिश्रित फलदायक छ। साताको मध्यभाग सोमबारदेखि बृहस्पतिबारसम्मका दिनहरु त्यति उत्साहजनक देखिँदैनन्। स्वास्थ्य समस्या आउन सक्छ। दैनिक खर्चको भार बढ्ने, राज्यपक्षबाट भय हुने, कार्यबाधा अर्थात् बन्न लागेको काममा बाधा व्यवधान आउन सक्छ। बाँकी दिनहरुमा भने धनलाभ हुने, मान-सम्मान बढ्ने, सख-सन्तोष हुने, कार्य सिद्धि हुने, क्षमता वृद्धि हुने देखिन्छ।

**मीन**

यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगिताहरुमा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। प्रेमी-प्रेमिकामा प्रगाढता, विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। बुधबारबाट भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, व्यवसाय वा जगिरमा बाधा व्यवधान प्रतिष्ठामा आँच आउन सक्छ।

> समृद्धिका लागि जनादेशअनुसार सबै दल अघि बढ्नुपर्छ भन्दै नेता नेम्वाङले थप्नुभयो- 'प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनबाट प्राप्त जनादेश यर्थाशीघ्र व्यवहारमा लागू हुनैपर्छ।'



बानेश्वरचोकमा अटोमेटिक ट्राफिक रंगवाला बत्ती जडान गरिँदै। लोडसेडिङ बढेसँगै यस्ता बत्ती काठमाडौंका सडकबाट विस्थापित भएका थिए। तस्वीर : अनिल आङदेम्बे

## 'विवादले संविधान कार्यान्वयनमा ढिलाइ'

भक्तपुर, (नेस)

नेकपा (एमाले) का नेता तथा पूर्वसभामुख सुवासचन्द्र नेम्वाङले दलहरूको विवादका कारण संविधान कार्यान्वयनमा ढिलाइ भएको बताउनुभएको छ।

'काठमाडौं स्कुल अफ ल' को १८औं वार्षिकोत्सव कार्यक्रममा बोल्ने क्रममा उहाँले तीन तहको निर्वाचनपछि पनि संविधान कार्यान्वयनमा जान नसक्नु दुःखद् भएको टिप्पणी गर्नुभयो।

संविधान छिटो कार्यान्वयन गरी समृद्धिका लागि जनादेशअनुसार सबै दल अघि बढ्नुपर्छ भन्दै नेता नेम्वाङले थप्नुभयो- 'प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनबाट प्राप्त जनादेश यर्थाशीघ्र व्यवहारमा लागू हुनैपर्छ।'

कलेजका अध्यक्ष माधवप्रसाद आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कलेज प्रमुख युवराज संग्रौला, सहप्राध्यापक प्रदीप पाठक, मध्यपुरठिमी नगरपालिकाका नगर प्रमुख मदनसुन्दर श्रेष्ठलगायतले कानुनी शासनको कार्यान्वयन र पालना हुनुपर्नेमा जोड दिनुभएको थियो।

## भेलुखेलमा आगलागी

भक्तपुर, (नेस)। भक्तपुर नगरपालिकाको भेलुखेलस्थित एक स्थानीयको घरमा आगलागी भएको छ। विद्युत्को पोलमा निस्किएको आगोबाट करेन्ट सर्ट भई घरमा पुग्दा स्थानीय प्रवल द्यौलाको घरमा आगलागी भएको महानगरीय प्रहरी परिसर भक्तपुरले जानकारी दिएको छ। प्रहरीका अनुसार द्यौलाको दुईतले घर जलेर क्षति पुग्नुका साथै लत्ताकपडा र अन्नसमेत जलेर नष्ट भएको छ। भक्तपुरको दमकल, स्थानीय बासिन्दा, नेपाल प्रहरी र सशस्त्र प्रहरी टोलीको सहयोगमा आगो नियन्त्रणमा आएको थियो।

# राष्ट्रिय प्राणी उद्यान निर्माणका लागि सुझाव संकलन

पुष्कर बुढाथोकी, भक्तपुर

सरकारले भक्तपुरको सूर्यविनायक जंगलमा निर्माण गर्न लागेको राष्ट्रिय प्राणी उद्यान निर्माण सम्पन्न गर्न ५ अर्ब रुपियाँ लाग्ने भएको छ। सूर्यविनायक नगरपालिकाको संयोजन तथा राष्ट्रिय प्राणी उद्यानको आयोजनामा भएको सुझाव संकलन कार्यक्रममा यसको गुरुयोजना सार्वजनिक गरिएको छ।

सार्वजनिक गरिएको गुरुयोजनाअनुसार प्राणी उद्यानले २ सय ४५ हेक्टर क्षेत्रफलमा अन्तर्राष्ट्रियस्तरको चिडियाखाना र राष्ट्रिय प्रकृति संरक्षण कोषले १४ हेक्टर क्षेत्रफलमा पशु उपचार केन्द्र निर्माण गर्ने भएको छ।

जसमा गणेशमान वाटिका, सिपाडोल र गुण्डुतर्फ ३ वटा गेट बन्ने भएका छन् भने ७ भागमा विभाजन गरी ३० प्रतिशत क्षेत्रफलमा भौतिक संरचना निर्माण गर्ने, प्राणी उद्यानको वरिपरि रिङरोड बनाइने भएको छ। यसै गरी वरिपरि तार बार लगाउने, कटुञ्जेको भन्ज्याङबाट गुण्डु कार्की गाउँसम्म आकाशे पुल बनाउने, सिपाडोलदेखि गुण्डुसम्म सुरुङ मार्ग बनाउने गुरुयोजनामा उल्लेख छ।

कार्यक्रममा प्राणी उद्यानका उपनिर्देशक नारायण रुपाखेतीले स्थानीयको सुझाव लिएर अगाडि बढ्ने बताउँदै खानेपानी र सडकको स्तरोन्नति गरी स्थानीयलाई उपभोगमा रोक नलगाउने, कूल पुजा नरोक्ने, विद्यालयको स्तरोन्नति गर्ने, राजकुलोको व्यवस्था गर्ने, सूर्यविनायक गणेश मन्दिर क्षेत्रको विकास गर्ने र त्यसको हस्तक्षेप नगर्ने बताउनुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रमुख डा. चिरञ्जीवी पोखरेल र सूर्यविनायक नगरपालिकाका नगर प्रमुख वासुदेव थापाले स्थानीयका मागलाई सम्बोधन गरेर प्राणी उद्यान निर्माण कार्यलाई छिटोभन्दा छिटो अगाडि बढाउनुपर्नेमा जोडदिनुभयो।

प्रारम्भिक गुरुयोजनामा भने प्राणी उद्यानभित्र पशु उपचार केन्द्र, मनोरञ्जन पार्क, चिल्ड्रेन पार्क, स्वीमिङ पुल र व्यायाम स्थलसमेत निर्माण गरिने गरी २० वर्षमा कुल १ अर्बको लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७२ असार ९ गते शिलान्यास गर्नुभएको राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक नगरपालिकाभित्रका गुण्डु, सूर्यविनायक र सिपाडोलका ७ वटा सामुदायिक वनको २ सय ५९ हेक्टर क्षेत्रफलमा निर्माण हुने भएको छ।

कार्यक्रममा सहभागीले स्थानीयलाई योग्यताअनुसारको रोजगारी दिनुपर्ने, उद्यानभित्र रहेका प्राणी, खोनपानी मुहान, पानी ट्यांकी र पाइपको संरक्षण हुनुपर्ने, स्थानीयलाई खानेपानीबाट वञ्चित गर्न नहुने, उद्यानभित्र सञ्चालित हुने व्यवसाय स्थानीयलाई नै दिनुपर्ने, उद्यानभित्र पर्ने सडक बन्द गर्न नहुने माग राखेका छन्। सामुदायिक वन उपभोक्ता समिति संयोजक एवं सेतीदेवी सामुदायिक वन उपभोक्ता समितिका सचिव विश्वराम थापाले सरकारसँग २७ बुँदे माग राखेको बताउँदै ती मागलाई सम्बोधन हुनुपर्ने बताउनुभयो।

त्यसै गरी स्थानीयका मागमा प्रसिद्ध एवं ऐतिहासिक धार्मिक सम्पदाको रूपमा रहेको सूर्यविनायक गणेश मन्दिरलाई उद्यानले कब्जा गर्न नहुने, स्थानीयले जंगलमा गर्दै आएको कूल पूजालाई रोक्न नहुने, सूर्यविनायकका बासिन्दालाई निःशुल्क प्रवेशको व्यवस्था गर्नुपर्नेलगायत २७ वटा माग राखेका छन्।

वडा नं. ७ का वडा अध्यक्ष रवीन्द्र सापकोटाले स्थानीयको सहभागिता र समन्वयमा नै प्राणी उद्यान निर्माण अगाडि बढाउने बताउँदै प्राणी उद्यान निर्माणका क्रममा स्थानीयको मागलाई सम्बोधन गराउन वडा नं. ६, ७ र ८ का वडाअध्यक्षको टिम नगरपालिकाले प्रतिनिधित्व गरेर पठाएको जानकारी दिनुभयो।

# काठमाडौंमा भूकम्प सुरक्षा दिवस हुने

नेपाल समाचारपत्र

काठमाडौं

यस वर्षको भूकम्प सुरक्षा दिवसको नारा 'सबल समुदाय र स्थानीय सरकार : भूकम्पीय सुरक्षाको बलियो आधार' तय गरिएको छ।

बिहीबार गृह मन्त्रालयमा बसेको २० औं भूकम्प सुरक्षादिवस राष्ट्रिय समितिको बैठकले यस वर्षको नारा र मूल समारोह काठमाडौंमा गर्ने गरी राष्ट्रिय कार्यक्रम तय गरेको हो। गृहसचिव मोहनकृष्ण सापकोटाको अध्यक्षतामा बसेको राष्ट्रिय समितिले माघ २ गते काठमाडौंको वसन्तपुरमा मूल समारोहको कार्यक्रम गर्ने र कार्यक्रम व्यवस्थापनको जिम्मा काठमाडौं महानगरपालिकालाई दिने निर्णय गरेको छ।

बैठकमा गृह मन्त्रालयका सह-सचिव कृष्णबहादुर राउतले २०औं भूकम्प सुरक्षा दिवसका अवसरमा हुने राष्ट्रव्यापी कार्यक्रमहरूका बारेमा जानकारी गराउनुभएको थियो। राउतका अनुसार माघ २ गते नै बिहान ११ बजे न्युरोड भूगोलपार्कमा विगतका भूकम्पमा परी निधन भएका व्यक्तिको सम्झनामा स्मृतिसभा आयोजना गरिने र काठमाडौंका असन, इन्द्रचोक, नरदेवीलगायतका स्थान हुँदै भूकम्पीय सुरक्षा ¥यालीको आयोजना हुने छ। अपराह्न साढे १ बजे न्युरोड जुद्ध शालिकको पश्चिमतिरको भागमा आयोजना हुने मूल समारोहको कार्यक्रमलाई प्रधानमन्त्री शेरबहादुर देउवा, मन्त्रीहरूलगायतले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

गृह सचिव सापकोटाले विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूले गर्ने सबै कार्यक्रम राष्ट्रिय कार्यक्रमअन्तर्गत नै पर्ने बताउनुभयो। उहाँले विभिन्न जिल्लामा कार्यक्रम गरी दिवसलाई सफल बनाउन आह्वान गर्नुभयो।

१९९० साल माघ २ गते गएको महाभूकम्पको सम्झना गर्दै भूकम्पीय सुरक्षा अभिवृद्धिका लागि प्रतिवद्धता व्यक्त गर्न र भूकम्पीय सुरक्षाका क्षेत्रमा भए गरेका प्रयत्नको लेखाजोखा तथा भावी कार्ययोजना तय गर्ने मुख्य उद्देश्यका साथ २०५५ सालदेखि नेपालले भूकम्प सुरक्षादिवस मनाउँदै आएको छ। गृह मन्त्रालयको नेतृत्वमा मनाइने भूकम्प सुरक्षा दिवसको सदस्य सचिवका रूपमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले काम गर्दै आइरहेको छ।

पछिल्लो समय २०७२ सालको विनाशकारी भूकम्पका कारण मुलुक व्यापकरूपमा प्रभावित भएको र हाल पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यहरू प्रगतिउन्मुख भइरहेको सन्दर्भमा भावी दिनमा भूकम्पबाट हुन सक्ने सम्भावित जनधनको क्षतिलाई न्यूनीकरण गर्न स्थानीय तथा राष्ट्रियस्तरमा सार्थक प्रयत्नहरू हुन अझ बढी सान्दर्भिक देखिन्छ।

## सशस्त्र प्रहरीद्वारा दाउरा वितरण

काठमाडौं, (नेस)

तराईमा चिसो बढेसँगै सशस्त्र प्रहरी बलले सर्वसाधारणलाई आगो ताप्नका लागि दाउरा वितरण गरेको छ।

सप्तरीस्थित सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट पातोले डाक्नेश्वरी नगरपालिकाको सहकार्यमा दाउरा वितरण गरेको सो कार्यालयका कार्यालय प्रमुख सशस्त्र प्रहरी निरीक्षक शैलेन्द्र थापाले बताए।

सो कार्यालयको जिम्मेवारी इलाकामा पर्ने नगरपालिकाका विभिन्न स्थानमा २ सय क्विन्टल दाउरा वितरण गरिएको सशस्त्र प्रहरी निरीक्षक थापाले बताए। तराईमा विगत १ हप्तादेखि बाक्लो हुस्सु र शितलहरका कारण जनजीवन अत्यन्तै प्रभावित भएको छ।

## कुलोमा शिशुको शव

भक्तपुर, (नेस)

भक्तपुरको मध्यपुरथिमि नगरपालिका मगर गाउँस्थित राजकुलोमा एक शिशुको शव भेटिएको छ। राजकुलोको नालीमा नवजात शिशु (छोरा) को शव फेला परेको महानगरीय प्रहरी वृत्त थिमिका प्रमुख एवं प्रहरी नायव उपरीक्षक प्रज्वल महर्जनले बताउनुभयो। बिहान नालीमा शिशुको शव देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गराएका थिए। प्रहरीले शवको पोस्टमार्टमका लागि शिक्षण अस्पताल महाराजगन्ज पठाएर घटनाबारे अनुसन्धान शुरू गरेको छ।

# फास्ट ट्र्याकको भौतिक पूर्वाधार

नेपाल समाचारपत्र

काठमाडौं



काठमाडौं-तराई/मधेस द्रूतमार्ग आयोजनाअन्तर्गत मकवानपुरमा रहेको निर्माण कार्यदल सुरक्षा बेस लेनडाँडा र सुरक्षा बेस बुदुनेमा नवनिर्मित भौतिक पूर्वाधारहरूको प्रधानसेनापति राजेन्द्र क्षत्रीले उद्घाटन गर्नुभई आयोजनामा खटिनुभएका रथीवृन्द, अधिकृत, पदिक तथा अन्य दर्जालाई निर्देशन दिनुभएको छ।

उक्त द्रूतमार्ग निर्माण गर्न आवश्यक पर्ने जनशक्ति, विस्फोटक पदार्थलगायत विभिन्न बन्दोवस्तीका सामग्री भण्डारण र वितरणलगायतका कार्यहरू निर्माण सम्पन्न सुरक्षा बसहरूबाट सहज हुने अपेक्षाका साथ सुरक्षा बसहरूको स्थापना गरिएको हो। हालसम्म ५ वटा स्थायी कार्यदल सुरक्षा बेस स्थापना भइसकेको र अन्य सुरक्षा बेस आवश्यकताअनुसार स्थापनाको क्रममा रहेका छन्।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : कार्य नाश, शोक-सन्ताप, धन हानि, सन्तान-कष्ट।
वृष : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, विवाद, अनिद्रा।
मिथुन : द्रव्यलाभ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
कर्कट : धन नाश, मानसिक अस्थिरता, असन्तोष, अपव्यय।
सिंह : धनप्राप्ति, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
कन्या : अस्वस्थता, इष्टमित्रसाग विवाद, चोटपटकको भय।
तुला : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
वृश्चिक : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
धनु : राज्य भय, अपयश, व्यर्थको यात्रा, व्यापारमा व्यवधान।
मकर : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।
कुम्भ : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।
मीन : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता।

# नेपाल

झारा मात्र टार्नका लागि गरिने अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने उपभोक्ताहरू बताउँछन्। प्रशासनको फितलो अनुगमले कालोबजारीले प्रशय पाएकोमा उपभोक्ताहरूको गुनासो छ।

### भीमसेन गाउँपालिकाको केन्द्र विवादमा

## मोटरसाइकल र ट्याक्टर तोडफोड, चालकलाई कुटपिट

**सन्तोष अधिकारी, गोरखा**

जिल्लाको भीमसेन गाउँपालिकाको केन्द्र सार्ने निर्णय फिर्ता गराउन दबाब दिन गोरखा बगुवाका बासिन्दाले आन्दोलनलाई थप उग्र पार्दै लगेका छन्। बिहीबार भीमसेन गाउँपालिकाको कार्यालयमा ताला लगाएका उनीहरूले शुक्रबार चक्काजाम र सवारी साधन तोडफोडसमेत गरेका छन्। आन्दोलनकारीहरूले आरुघाटतर्फ जाँदै गरेको लु ३ त ३६३३ नम्बर ट्याक्टरमा आगो लगाउने प्रयास गरेको र चालकलाई कुटपिटसमेत गरेको घ्याम्पेशाल प्रहरी चौकीका हवल्दार दिपक तिमिल्सिनाले जानकारी दिए। त्यस्तै उनीहरूले आरुघाटतर्फ नै जाँदै गरेको ना १२ प ९०१० नम्बरको मोटरसाइकल पनि तोडफोड गरेका छन्। मोटरसाइकल चालक एमजी विकलाई पनि आन्दोलनरत समूहले कुटपिट गरेर घाइते बनाएका छन्। कुटपिटपछि टाउकोमा चोट लागेका विकको घ्याम्पेशालकै मेडिकलमा उपचार भइरहेको छ। आन्दोलनकारीहरूले टायर बालेर र गोरखा आरुघाट सडक खण्डसमेत अवरुद्ध पारेका छन्।

स्थानीय प्रेमचन्द्र श्रेष्ठ संयोजक रहेको संयुक्त संघर्ष समितिले बिहीबार दिउँसो गाउँपालिका अध्यक्ष र कार्यकारी अधिकृतको कार्यकक्षमा ताला लगाएको थियो। गत कात्तिक १९ गते गाउँपालिकाको बैठकले बगुवामा रहेको गाउँपालिकाको केन्द्र ३ किलोमिटर परको घ्याम्पेशाल बजारमा सार्ने निर्णय गरेको थियो। साथै निर्णय समर्थन गर्न मन्त्रीपरिषद्मा पत्राचार गरेको थियो।

'गाउँपालिकाले त्रुटिपूर्ण ढंगले केन्द्र सार्ने प्रक्रिया अघि बढाएको थाहा पायौं' संघर्ष समितिका संयोजक श्रेष्ठले भने- 'त्यसैको विरोधमा हामीले ताला लगाएका हौं।

हामीले सो प्रक्रियागत त्रुटीको छानबिन गर्न जिल्लाका सीडीयो, एलडीयो, एसपीसम्म पनि पत्राचार गरेका छौं।' गाउँपालिकाको केन्द्र सार्नेजस्तो महत्त्वपूर्ण बैठकमा बिनाएजेन्डा बोलाएर निर्णय गराएकोप्रति उनले आपत्ति जनाए। 'सामान्य बहुमतले केन्द्र सार्न पाउने व्यवस्था त छ, तर त्यो दिनको निर्णय विवादका बीच च्यातिएको थियो। च्यातिएको निर्णयपुस्तिका कसरी मन्त्रिपरिषद्मा पेश भयो ?' श्रेष्ठ प्रश्न गर्छन् 'यदि अर्को निर्णय प्रतिलिपि पेश गरेको भए, त्यो किर्ते हुन्छ।' किर्ते कागजको आधारमा केन्द्र सार्न नदिने उनले बताए। तालाबन्दीका कारण गाउँपालिकाको काम प्रभावित भएको छ।

सीमित स्वार्थ राखेको समूहले तालाबन्दी गर्दा गाउँका बासिन्दाको काम अवरोध भएको भन्दै गाउँपालिकाका प्रमुख ईश्वर पाण्डेले ताला खुलाउने चेतावनी दिएका छन्।

'संविधानमा उल्लेख भएअनुसार हामीले बहुमतको आधारमा केन्द्र सार्ने निर्णय गरेका हौं' पाण्डेले भने- 'यसको विरोध गर्नु भनेको संविधानको विरोध गर्नु हो। यस्ता संविधान विरोधी हर्कत गर्नेहरूको दबाबको अर्थ छैन। हामी ताला खुलाउँछौं।' छलफलबाट ताला खुलाउने सहमति नभए राज्यले बल प्रयोग गरेर ताला खुलाउने उनले बताए। प्रक्रियागत त्रुटीको आरोप झुठा भएको उनको दाबी छ। किर्ते गरेको भए छानबिन गर्न खुल्ला रहेको भन्दै उनले किर्ते गरेको भए कारबाही भोग्न आफू तयार रहेको बताए।

## राजधानीको माग गर्दै वीरगन्जमा रिले अनशन शुरू

**कृष्णउदास खनाल, वीरगन्ज,**



वीरगन्जलाई प्रदेश नं. २ को राजधानी बनाउनुपर्ने माग राखेर आन्दोलनमा रहेको संघर्ष समितिले शुक्रबारदेखि रिले अनशन शुरू गरेको छ।

स्थानीय घण्टाघरमा प्रादेशिक राजधानीका रिले अनशन शुरू भएको हो। जनकपुरलाई प्रदेशको अस्थायी राजधानी तोकिएको चर्चा शुरु भएदेखि नै वीरगन्जमा त्यसको विरोध भइरहेको छ। बारा, पर्साका विभिन्न राजनीतिक दलका अगुवा, युवा, विद्यार्थी नेताहरूले संघर्ष समिति नै गठन गरेर दबाबमूलक कार्यक्रमहरू गर्दै आइरहेका छन्।

रिले अनशनको पहिलो दिन शुक्रबार पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता सुरेन्द्र चौधरी, एमाले नेता बसरुद्धिन अन्सारी, शम्भु गुप्ता, ओमप्रकाश सर्राफ, माओवादी नेतृ दुर्गा क्षेत्री, वीरगन्ज युवा समाजका अध्यक्ष कमल चौगाईं, रुदल ठाकुर, सञ्जय सर्राफ, महमुद अन्सारी, वृजेश चौधरी, रञ्जु दहाल गरी १२ जना सहभागी भएका छन्।

२ को राजधानी वीरगन्ज नबनाएसम्म आन्दोलन जारी रहने तरुण दलका बारा अध्यक्ष लुकेश सिंहले जानकारी दिए। विभिन्न राजनीतिक दलका युवाहरूको आह्वानमा शुरू भएको संघर्षमा बिस्तारै संघसंस्थाहरूको ऐक्यबद्धता देखिन थालेको उनको भनाइ छ। वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीले अनशनमा बसेकाहरूलाई फूलको माला लगाएर स्वागतसमेत गरेका छन्।

फोरम राजपाको सरकार बन्ने लगभग निश्चित रहेको प्रदेश नं २ मा फोरम नेपाल राजधानीको विषयमा मौन रहेको समयमा फोरम नेपालबाटै निर्वाचित वीरगन्जका मेयरले राजधानी वीरगन्ज हुनुपर्ने मागसहित शुरु भएको आन्दोलनमा सहमति जनाएपछि यसलाई अर्थपूर्ण रूपमा हेरिएको छ। यद्यपि मेयर सरागवीले आफू वीरगन्जलाई २ नम्बर प्रदेशको राजधानी हुनुपर्ने पक्षमा रहेको बताएका छन्।

## स्काभेटर दुर्घटना हुँदा एकको मृत्यु

नुवाकोट, (नेस)

नुवाकोटमा बिहीबार राति स्काभेटर दुर्घटना १ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मेघाङ गाउँपालिका घर भएका स्काभेटर सहचालक बुद्धिराम तामाङ रहेको जिल्ला प्रहरी कार्यलय नुवाकोटले जनाएको छ।

तार्केश्वर गाउँपालिका-५ गोस्र्याङमा बिहीबार राति ८:०० बजेतरि स्काभेटर दुर्घटना हुँदा तामाङको मृत्यु भएको बताइएको छ। हल्देफाँटमा सडक बिस्तार गरी सुरक्षित स्थानतर्फ लैजाँदै गर्दा दुर्घटना भएका जिल्ला प्रहरी प्रमुख वसन्त कुँवरले जानकारी दिनुभयो।

चालक नभएकाले दिनभर सहचालकले नै स्काभेटर चलाएर सुरक्षित स्थानमा फर्कंदै गर्दा अनियन्त्रित भएर करिब ५० मिटर तल पुग्दा तामाङको घटनास्थलमा नै मृत्यु भएको हो। शवको मुचुल्का गरी परीक्षणका लागि जिल्ला अस्पताल त्रिशुली ल्याइएको छ।

## आगलागीपीडितका लागि राहत संकलन अभियान



**नेपाल समाचारपत्र**

खोटाङ

खोटाङस्थित हलेसीका आगलागी पीडितका लागि राहत संकलन शुरु गरिएको छ। मंगलबार राति भएको आगलागीमा घर तथा सम्पति गुमाएका हलेसी तुवाचुङ नगरपालिका-७ महादेबस्थानका व्यवसायी मगम राई, उचितबहादुर राई, तम्बराज राई र अम्बराज राईलगायतका व्यवसायीको सहयोगार्थ सोही नगरपालिकाद्वारा राहत संकलन अभियान शुरु गरिएको हो।

हलेसी बजारबाट बुधबार ३ लाख रकम संकलन गरिएको मेयर इवन राईले बताउनुभयो। नगरपालिकाका प्रमुख स्थानमा राहत संकलन अभियान चलाइने छ। आगलागी पीडितको सहयोगार्थ राहत संकलनका लागि काठमाडौंमा पनि दिनेश राईको संयोकत्वमा ७ सदस्यीय 'अग्निपीडित राहत संकलन समिति' गठन गरिएको छ। मगम राईको घरबाट शुरु भएको आगोले ५ करोड ११ लाख १५ हजारबराबरको क्षति भएको प्रहरीले जनाएको छ।

## व्यवस्थित हुँदै सामाजिक सुरक्षा भत्ता

काभ्रे, (नेस)

स्थानीय निकाय हुँदै पेन्सनपट्टा झैं सामाजिक सुरक्षा भत्ता रकम लिने परिचयपत्र बोकेर पुगेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूलाई स्थानीय सरकारले बैंकिङ प्रणालीमार्फत व्यवस्थित गर्ने क्रम शुरू गरेका छन्।

पहिलो चौमासिकमा पुरानै शैलीमा सामाजिक सुरक्षा भत्ता बितरण गरेका स्थानीय सरकारहरूले दोस्रो चौमासिकको रकम बैंकिङ प्रणालीमार्फत बितरणका लागि छलफल शुरु गरेका हुन्। काभ्रेपलाञ्चोक जिल्लामा ३४ हजार ५ सय ६४ जनाले सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्नेछन्। जनप्रतिनिधिविहीन अवस्थामा राज्यबाट वितरण हुने अनुदानमध्ये सबैभन्दा धेरै आलोचित र अनियमितता भएको भनिएको रकम नै सामाजिक सुरक्षा भत्ता बापतको हो।

जनप्रतिनिधि निर्वाचित भएपछि पनि नागरिकहरूले सामाजिक सुरक्षा भत्ता घर घरमै प्राप्त गर्ने अपेक्षा गरेको भए पनि सरकारको बाध्यकारी बैंकिङ प्रणालीको नियमलाई कसरी सहज र व्यवहारिक बनाउन सकिन्छ भन्ने उद्देश्यले स्थानीय सरकारहरूले छलफल शुरू गरेका हुन्।

## निर्वाचित उम्मेदवारले नै बुझाएनन् खर्च विवरण

**सरिता चलाउने, सल्यान**

सल्यानमा ६ जना प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका उम्मेदवारले मात्र निर्वाचन खर्च विवरण पेश गरेका छन्। मंसिर २१ गते सम्पन्न भएको चुनावबाट निर्वाचित भएका प्रतिनिधिसभा सदस्य टेकबहादुर बस्नेत, प्रदेशसभा सदस्य क्षेत्र नं. 'क' का गुलाबजंग शाह र 'ख' का प्रकाश ज्वालाले आजसम्म आफ्नो निर्वाचन खर्च विवरण पेश नगरेको जिल्ला निर्वाचन कार्यालय सल्यानले जनाएको छ। उम्मेदवारको खर्च विवरण निर्वाचन आयोगले निर्धारण गरेको सीमाभित्रै रहेर खर्च विवरण आएको जिल्ला निर्वाचन कार्यालय सल्यानका प्रमुख महेश शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतिनिधिसभा सदस्यको उम्मेदवारले अधिकतम् २५ लाख र प्रदेशसभा सदस्यका उम्मेदवारले अधिकतम् १५ लाखसम्म खर्च गर्न पाउने व्यवस्था रहेको छ।

जिल्ला निर्वाचन कार्यालयमा पेश गरेको खर्च विवरणअनुसार नेपाली कांग्रेसबाट प्रतिनिधिसभाका उम्मेदवार राजेन्द्रबहादुर शाहले १९ लाख ५२ हजार, राष्ट्रिय जनमुक्ति पार्टीका खड्कबहादुर पुनले २३ हजार खर्च गरेको पाइएको छ। यस्तै प्रदेशसभा सदस्य 'क' का उम्मेदवार नेपाली कांग्रेसका एकराज डाँगीले ११ लाख ५ हजार ७ सय ७०, स्वतन्त्र उम्मेदवार भीमप्रकाश शर्माले ९ लाख ६६ हजार खर्च विवरण पेश भएको छ। त्यस्तै प्रदेश सभा 'ख' मा नेपाली कांग्रेसका उम्मेदवार डिल्लीराज रेग्मी ११ लाख ४१ हजार ३००, राष्ट्रिय जनमुक्ति पार्टीका डन्डवीर पुनले ११ हजार ४ सय ५० खर्च भएको विवरण पेश गरेको निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन परिणाम आएको समयदेखि ३५ दिनभित्र निर्वाचन खर्च विवरण बुझाइसक्नुपर्ने व्यवस्था भए पनि आजसम्म ६ उम्मेदवारले मात्र खर्च विवरण पेश गरेका छन्।

## ९५ प्रतिशतलाई पहिलो किस्ता

लमजुङ, (नेस)

लमजुङमा १२ हजार ७ सय भूकम्पपीडितले घर पुनर्निमाणका लागि पहिलो किस्ता रकम बुझेका छन्। अझै पनि प्रवलिकरण लाभग्राही सूचीमा सूचीकृत भएका मध्ये ५ सय ३९ ले पहिलो किस्ता रकम पनि पाउन सकेका छैनन्।

लमजुङमा पूर्णलाभग्राही सूचीमा पर्ने कूल १३ हजार ९ सय ५९ घर रहेका छन्। तीमध्ये १२ हजार ६ सय ९९ अर्थात् ९५ प्रतिशत बढी पीडितले पहिलो किस्ता रकम बुझेको जिल्ला समन्वय समितिका फोकल पर्सन शिव रेग्मीले बताउनुभयो। उहाँका अनुसार गोरखा जिल्लासँग सीमा जोडिएको दूधपोखरी गाउँपालिकामा २ हजार १ सय ७५, रागिनास नगरपालिकामा २ हजार ७ सय ७३, सुन्दरबजार नगरपालिकामा २ हजार ९८ र मध्यनेपाल नगरपालिकामा १ हजार २ सय ५२, बेंसीशहर नगरपालिकामा १ हजार १ सय ८८, दोर्दी गाउँपालिकामा २ हजार १ सय ५३ घरले पहिलो किस्ता वापतको ५० हजार रुपियाँ बुझेका छन्।

## गोरखा दरबार पुनर्निर्माण गर्न कामदारलाई तालिम

**नेपाल समाचारपत्र**

गोरखा



भूकम्पले भत्काएको ऐतिहासिक गोरखा दरबार पुनर्निर्माण गर्नका लागि स्थानीय कामदारलाई नै तालिम दिइएको छ। पुरातत्त्व विभागले गोरखा दरबार हेरचाह आफूसँगको समन्वयमा आवश्यक तालिम दिई कामदारलाई दक्ष बनाउन लागेको हो। पुरातत्त्व विभागले ऐतिहासिक महत्त्व रहेका दरबार, भवनहरू ऐतिहासिक तवरबाटै बनाउनुपर्ने भन्दै त्यही ५४ जना गोरखालीहरूलाई तालिम दिएको गोरखा दरबार हेरचाह अड्डाकी प्रमुख मञ्जु सिंह भण्डारीले जानकारी दिइन्।

गोरखाका ११ वटै स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी उनीहरूलाई १५ दिनको तालिम प्रदान गरिएको भण्डारीले जानकारी दिइन्। 'गोरखा दरबारको ऐतिहासिकता बचाइराख्न कामदारलाई तालिम दिइएको हो' उनले भनिन्- 'पुरानो खालको इँटाको गाह्रो कसरी लगाउने, झिँगटीले कसरी छाना छाउने, कुना कसरी मिलाउने, भनेर तालिममा सिकाइएको छ।' विभिन्न क्षेत्र निर्धारण गरी तीन/तीन जनाको समूहमा १५ दिने तालिम दिइएको हो। परम्परागत संरचनाहरू बनाउन भूकम्पअघि नै जनशक्ति अभाव भएको र भूकम्पपछि झन् अभाव भएको उनको भनाइ छ।

गोरखा दरबार पुनर्निर्माणका लागि भत्काउन थालिएको र त्यहाँका ऐतिहासिक सामग्रीहरू सुरक्षित गरेर राखिएको भण्डारीले बताइन्। अहिले गोरखा दरबारको छाना र गाह्रो भत्काउने काम चलिरहेको छ। 'भत्काउने काम सकिए लगत्तै मन्दिरको निर्माणको काम थाल्नुपर्ने र कामदार अभाव रहेकाले यसखाले काम गरिरहेकाहरूलाई नै थप दक्ष बनाउन तालिम दिइयो' -उनले भनिन्।

अहिले परम्परागत संरचना बनाउन तालिम लिएकाहरूलाई देशभर जहाँ पनि पुरातत्त्व विभागमार्फत लैजान सकिने भण्डारीले जानकारी दिइन्। 'उहाँहरू पनि काममा पोख्त हुँदैहुनुहुन्छ' उनले भनिन्- 'तालिम लिएजस्तो काम सधैं उपयोग हुँदैन भन्दै कामदारहरूले चिन्ता पनि व्यक्त गर्नुहुन्छ। हामीले उहाँहरूको सिपको प्रयोग गर्न देशका अन्य ऐतिहासिक ठाउँहरूमा पनि प्रयोग गर्न सक्ने वातावरण तयार गरेका छौं।'

## बजारमा फालाफाल, पम्पमा हाहाकार
### डिजेल सहज, पेट्रोल असहज

**सलिम अन्सारी, प्यूठान**

प्यूठानका पेट्रोल पम्पहरूको प्रभावकारी अनुगमन नहुँदा पेट्रोलियम पदार्थको कालोबजारी बढेको छ। यहाँका पम्पहरूमा पेट्रोल छैन भन्ने सूचना टाँसिएको देखिन्छ तर बजारहरूमा बोतलमा राखिएको खुल्ला पेट्रोल महँगो मूल्यमा किनबेच भइरहेको हुन्छ। महिना दिनदेखि जिल्लाका पम्पहरूमा पेट्रोल अभाव भएको हो। डिजल भने सबैजसो पम्पहरूले बितरण गरिरहेका छन। पम्पहरूले तेल लुकाएर कालोबजारी गरिरहेको उपोभोक्ताहरू आरोप लगाउँछन। अनुगमन र निगरानी गर्नुपर्ने स्थानीय प्रशासनको उदासिनताका कारण पेट्रोलको कृत्रिम अभाव देखिएको हो। स्थानीय प्रशासनले समेत कुनै खोजीनीति नगरेपछि पम्प सञ्चालकहरूले पनि अभाव देखाइरहेका छन्।

तर यो कुरा स्वीकार्न पम्प सञ्चालकहरू तयार छैनन्। प्यूठान नगरपालिकाको पुण्यखोलामा सञ्चालित जीवनदान आयलका सञ्चालक भेषराज ढकाल भन्छन्- 'पेट्रोलको नियमित आपूर्ति गर्न सकेका छैनौं। यहाँ मात्रै दैनिक करिब ५ सय लिटर खपत हुने गरेको छ। 'पेट्रोल बेच्दा घाटा हुने भयो।', ढकाल भन्छन्- 'पेट्रोल ल्याउँदा पेट्रोल उड्ने, डिपोबाट ल्याइएको तेलमा १ सयदेखि १ सय २५ लिटरसम्म पेट्रोल घट्ने 'लश' हुन्छ।' जीवनदानमा पेट्रोल उपलब्ध हुँदा मासिक करिब १५ हजार लिटर पेट्रोल र करिब ८० हजार लिटर डिजल खपत हुने गरेको पम्मले जानकारी दिएको छ।

उता प्यूठान नगरपालिकाकै टिकुरीमा सञ्चालित झिमरुक आयलमा दैनिक करिब ५ सय पेट्रोल र करिब ३ हजार डिजल खपत हुने भए पनि पेट्रोलको नियमित आपूर्ति हुन सकेको छैन। सञ्चालक जुमानसिङ जीसीले भने- 'नेपालगन्जको 'तापक्रम' यहाँभन्दा बढी छ पेट्रोल यहाँसम्म आइपुग्दा र स्टक केही दिन भयो भने नोक्सान हुन्छ।' १ पटकमा पम्प व्यवसायीले ४ हजार लिटर तेल ल्याउँदा ४ हजार नै बेच्न नपाउने र लगानीअनुरुप पेट्रोलमा नाफा नहुने जीसीको भनाइ छ। समस्याका बारेमा प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराइसकिएको उनले बताए।

पेट्रोलको समस्या बारे विद्यार्थी संगठनहरूको गम्भीर ध्यानाकर्षण भएको विद्यार्थी नेता सुमनराज श्रेष्ठले बताए। 'हामीले प्रमुख जिल्ला अधिकारीमार्फत समस्याको समाधानतर्फ ध्यानाकर्षण गराएका छौं।' श्रेष्ठले भने- 'समस्या समाधानमा ढिलाइ भए विद्यार्थीहरू चुप लागेर बस्दैनन्।' नियमनकारीको प्रभावकारी अनुगमन हुनुपर्नेमा उनले जोड दिए।

झारा मात्र टार्नका लागि गरिने अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने उपभोक्ताहरू बताउँछन्। प्रशासनको फितलो अनुगमले कालोबजारीले प्रशय पाएकोमा उपभोक्ताहरूको गुनासो छ।

बजारमा अहिले पेट्रोल प्रतिलिटर १ सय २० रुपियाँदेखि १ सय ३० रुपियाँसम्म पर्दछ। कम परिमाणमा मिनिरल वाटरको बोतलमा गुणस्तरहीन पेट्रोल किन्न उपभोक्ताहरू बाध्य भएका छन्। खुलेआम कालोबजारी गर्ने व्यवसायीले भने- 'प्रतिलिटर २० रुपियाँदेखि ३० रुपियाँसम्म नाफा कमाउँदै आएका छन्।'

२०७४, पुस
शनिबार
२२

हाल ट्रमा सेन्टर काठमाडौंमा उपचार गराइरहेका चित्रकुमारलाई उपचारमा आर्थिक समस्या परेपछि सहयोग उठाएर प्रदान गरिएको हो।

# नेपाल

## २२ जना उम्मेदवारले बुझाए चुनावी खर्च विवरण

हिक्मत नेपाली, दैलेख

दैलेखमा अहिलेसम्म २२ जना प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका उम्मेदवारले चुनावी खर्च विवरण बुझाएका छन्। गएको मंसिर २१ गते सम्पन्न चुनावबाट निर्वाचित भएका ६ जना सांसदसहित २२ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय दैलेखका निर्वाचन अधिकृत भक्तबहादुर कार्कीले जानकारी दिएका छन्। प्रदेश तथा प्रतिनिधिसभा सदस्यका कुल ३९ जना उम्मेदवारमध्ये शुक्रबारसम्म २२ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाएका हुन्। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा उम्मेदवार बनेका अन्य १७ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाउन बाँकी रहेको जिल्ला निर्वाचन कार्यालय दैलेखले जनाएको छ।

चुनावी खर्च बुझाउनेमा दैलेख क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्यमा निर्वाचित रविन्द्रराज शर्मा, प्रदेश (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित धर्मराज रेग्मी, प्रदेश (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित अम्मरबहादुर थापा रहेका छन्।

यस्तै क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राजबहादुर बुढा क्षेत्री, प्रदेश (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित सुशीलकुमार थापा, प्रदेश (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित राजबहादुर शाहीले पनि चुनावी खर्च विवरण बुझाइसकेको जिल्ला निर्वाचन कार्यालय दैलेखले जनाएको छ।

यसै गरी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको उम्मेदवार बनेका शिवराज जोसी, दिक्पालकुमार शाही, मधुरविक्रम खनाल, जग्यबहादुर शाही, मोतिराम लम्साल, लालबहादुर कठायत, कमलापति सुवेदी, बमबहादुर सिंह, दुर्गबहादुर मगर, जगतबहादुर वलीले पनि चुनावी खर्च बुझाएका हुन्।

दैलेख क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार दीपककुमार शाहीले पनि खर्च विवरण बुझाइसकेका छन्। यसै गरी किशोरकुमार सिंह, गणेशबहादुर खड्का, कृष्ण कुमार बिसी, जगतजंग थापालगायत २२ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय दैलेखले जनाएको छ। अब १७ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाउन बाँकी रहेको कार्यालयले जनाएको छ। बाँकी रहेका उम्मेदवारले जिल्ला निर्वाचन कार्यालयबाट खर्च विवरणको फारम लगिसकेको केही दिनभित्रै सबै उम्मेदवारले खर्च विवरण बुझाइसक्ने जिल्ला निर्वाचन कार्यालय दैलेखका निर्वाचन अधिकृत भक्तबहादुर कार्कीले बताए। चुनावी खर्च विवरण बुझाउने म्याद यही पौष २७ गतेसम्म मात्रै रहेको कार्कीले जानकारी दिएका छन्।

उम्मेदवारले बुझाएको चुनावी खर्च विवरणअनुसार निर्वाचन आयोगले निर्धारण गरेको खर्चको सीमाभित्र रहेर दैलेखका उम्मेदवारले खर्च गरेको देखिएको छ। आयोगले निर्धारण गरेअनुसार प्रतिनिधिसभाका उम्मेदवारलाई अधिकतम २५ लाख र प्रदेशसभाका उम्मेदवारलाई अधिकतम १५ लाख खर्च गर्न पाउने सीमा तोकिएको थियो। दैलेखमा प्रतिनिधिसभा तथा प्रदेशसभामा गरी ३९ जना उम्मेदवारले चुनावमा भाग लिएका थिए।

## दजाकोटको पुनर्निर्माण शुरू

अनिल खत्री, गुल्मी

आगलागीबाट गाउँ नै ध्वस्त बनेको गुल्मीको बडागाउँको दजाकोटमा पुनर्निर्माण शुरू भएको छ। गएको ०७३ वैशाख १८ गते सामुदायिक वनबाट लागेको आगो बाट बडागाउँस्थित दजाकोटमा रहेको सिंगो बस्ती नै जलेर नष्ट भएको थियो। आगलागीमा परी क्षति भएका घरको निर्माण कार्य भइरहेको छ।

आगलागी भएको झण्डै २० महिनामा १८ घरको निर्माण कार्य सम्पन्न भइसकेको छ। आगलागीमा परेका ५८ घरमध्ये १७ घर निर्माणाधीन छन्, भने २३ घर बन्न बाँकी छन्। आगलागीमा परी गाउँका पूरै ५८ घर र बङ्गालो तथा पशुपंक्षी जलेर नष्ट भएका थिए।

नष्ट भएका घरलाई 'क', 'ख' र 'ग' श्रेणीमा विभाजन गरी घर निर्माण कार्य अगाडि बढाइएको छ। जसमध्ये अत्यन्तै कमजोर आर्थिक स्थिति भएकालाई 'क', मध्यमस्तर भएकालाई 'ख' र उच्च आर्थिक स्तर भएकालाई 'ग' श्रेणीमा राखी काम गरिएको स्थानीय युवा विमल छन्तेलले जानकारी दिए।

'क' श्रेणीमा पर्नेले राहातस्वरुप ३ लाख ३५ हजार, 'ख' श्रेणीमा पर्नेले २ लाख ७० हजार 'ग' श्रेणीमा पर्नेले २ लाख २० हजार पाउने छन्तेलले बताए। सबै पीडितले भुक्तानी भने ३ पटक गरी लिनुपर्नेछ। पहिलो पटक डीपीसी गरेपछि ४० प्रतिशत, दोस्रो पटक झ्याल, ढोका राखेर लिङ्टेल गरेपछि ३० प्रतिशत र सबै काम सकेपछि ३० प्रतिशत गरी सबै भुक्तानी पाउने बडागाउँ अग्निपीडित राहात संकलन तथा वितरण समितिका कोषाध्यक्ष हरि छन्तेलले जानकारी दिए।



जिल्ला प्राविधिक कार्यालयले बनाएको भूकम्पप्रतिरोधी घरको नक्साको आधारमा अग्नीपीडितले घर बनाइरहेका छन्। प्रत्येक कामको नक्सा इन्जिनियरद्वारा पास भइसकेपछि साना किसान कृषि सहकारी संस्थामा रहेका पीडितको खातामा रकम जम्मा हुने बताइएको छ। बाँकी रहेका २३ घरले भने यही फागुन मसान्तभित्र डीपीसी गरेमा मात्र पहिलो किस्ताको रकम पाउने समितिले जनाएको छ।

यसरी पीडितलाई प्रदान गरिने रकम भने विदेशमा बस्ने नेपालीहरू, विभिन्न संघ संस्था, आमा समूहद्वारा संकलन गरिएको राहत समितिले जनाएको छ। आगलागी भएलगत्तै जिल्ला प्रशासनले ५ हजार, जिल्ला विकास समितिले चर्पी निर्माणका लागि ५ हजार र पशु सेवा कार्यालयले गोठ निर्माणका लागि १० हजार रुपियाँ उपलब्ध गराइएको थियो।

मुसिकोट नगरपालिकाभित्र पर्ने वडा नम्बर ४ बडागाउँको पुनर्निर्माणका लागि यो आर्थिक वर्षमा नगरपालिकाले ३० लाख विनियोजन गरेको छ। प्रत्येक पीडितले एक/एक लाखका दरले प्राप्त गर्ने भए पनि यो वर्ष घर पूरै बनाएका ३० परिवारले मात्र रकम पाउने नगरप्रमुख सोमानाथ सापकोटाले बताए।

बाँकी रहेका अन्य घरपरिवारले आगामी वर्षमा रकम प्राप्त गर्ने नगरपालिकाले जनाएको छ। आगलागीबाट ध्वस्त गाउँमा तुरुन्तै विभिन्न संघसंस्थाले सामान्य बसोवास गर्ने गरी टहरा निर्माण गरिदिएका थिए। आगलागीबाट घर तथा बंगाला जलेसँगै ३ सय ३१ परिवार प्रभावित भएका थिए।

आगलागीमा परी एक जनाको मृत्यु भएको र ४ सय ९७ पशुपंक्षी जलेर नष्ट भएका थिए। जसमध्ये भैंसी २६ वटा, बाखा ८४ वटा, गाइगोरु १५ वटा, बंगुर ५ वटा खरायो १ वटा, परेवा २ वटा र कुखुरा ३ सय ६ वटा आगोमा जलेर मरेका थिए।

## आगलागीमा वृद्धाको मृत्यु

पाँचथर, (नेस)

पाँचथरको हिलीहाङ गाउँपालिका वडा नं १ मा राईको एक घरमा शुक्रबार बेलुका साढे ११ बजे आगलागी हुँदा एक वृद्धाको जलेर मृत्यु भएको छ।

आगलागीमा परी ८१ वर्षीया नरबहादुर थुलुङ राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ। आगलागीका कारण एक तले फुसको घरसँगै घरभित्र रहेको अन्न, लत्ताकपडा र अन्य सामग्री गरी ५ लाखबराबरको क्षति भएको इलाका प्रहरी कार्यालय भालुचोक अमरपुरले जनाएको छ। आगलागीको खबर आउनासाथ प्रहरी घटनास्थल पुगे पनि फुसको घर भएको हुँदा आगोबाट घर बचाउन नसकिएको प्रहरीले जनाएको छ।

## देब्रे हात गुमाएका युवालाई आर्थिक सहयोग

खोटाङ, (नेस)

काठ चिरानीका लागि रूख ढाल्नेक्रममा रूखको हाँगोले किच्दा देब्रे हात गुमाएका हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मीटारका १७ वर्षीय चित्रकुमार राईलाई उपचार आर्थिक सहयोग प्राप्त भएको छ।

हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिम घर भई हाल काठमाडौं रहेका राजुविक्रम चामलिङको संयोजनमा चित्रकुमारलाई उपचार खर्चस्वरुप १३ हजार ५ सय प्राप्त भएको हो। हाल ट्रमा सेन्टर काठमाडौंमा उपचार गराइरहेका चित्रकुमारलाई उपचारमा आर्थिक समस्या परेपछि सहयोग उठाएर प्रदान गरिएको हो। रूखको हाँगाले क्षतविक्षत बनाएको चित्रकुमारको हात काटेर फाल्नुपरेको आफन्त जीवन राईले बताउनुभयो।

७ महिनाअघि मात्र विवाह गरेका उनको पुस १२ गते ओखलढुंगाको वाक्सामा चिरानीका लागि ढालिएको रूखले किच्दा हात छियाछिया भएको थियो।

## फोहोर नउठ्दा दिपायल बजार दुर्गन्धित

नेपाल समाचारपत्र

डोटी

डोटीको क्षेत्रीय सदरमुकाम दिपायलको प्रमुख व्यापारिक केन्द्र पीपल्ला बजारको फोहर नउठ्दा बजार दिनानुदिन दुर्गन्धित हुँदै गएको छ। दिपायल राजधानी तोक्न माग गर्दै स्थानीयले ३ दिनदेखि बजार बन्द गरेपछि यहाँको फोहर उठाउन बन्द भएको हो।

आन्दोलनकारीले सडकमा बालेका टायर तथा अन्य बजार क्षेत्रमा निस्किएको फोहर नहटाउँदा यहाँको बजार दुर्गन्धित भएको स्थानीयवासी खेम विष्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'सडकमा बालिएका टायरको फोहर र धुवाँले बजार पूरै कालो हुनाका साथै स्थानीयका हात मुखसमेत काला हुने गरेका छन्, टायरको फोहर नफालिए रोग लाग्न सक्ने सम्भावना रहेको छ।'

बजार क्षेत्रमा निस्किने फोहोर पनि जथाभावी फालिएका कारण बजार दुर्गन्धित हुँदै गएको छ। दिपायल राजधानीको माग गर्दै स्थानीय रातिसमेत सडकमा टायर बालेर विरोध गर्न थालेका छन्। सडकमा बालिएका टायरका धुलो र धुवाँले मानिसहरूमा पत्यक्ष असर पर्न थालेको महाकाली पोलिक्लिनिकका प्रमुख पदमसिंह महराले बताउनुभयो। उहाँले भन्नुभयो- 'मानिसको शरीरमा प्रत्यक्ष असर गर्ने भनेको टायर बालेको मुस्लो हो, शरीर बचाउने हो भने टायर नबालेकै राम्रो।'

आन्दोलनकारीले गरेको फोहोरका कारण बजारको स्वरुप नै फेरिन थालेको छ। दिपायल राजधानी नतोकिँदासम्म आफूहरूले सडकमा टायर बाल्ने तथा अन्य विरोधका कार्यक्रम फिर्ता नलिने आन्दोलनकारीको माग रहेको छ। बन्दका कारण डोटीको जनजीवन प्रभावित हुँदै गएको छ। बन्दले यहाँका शैक्षिक संस्था, उद्योग, कलकारखाना तथा सरकारी गैरसरकारी कार्यालय पूर्णरूपमा बन्द भएका छन्।

## ३० जनाले बुझाए चुनावी खर्च

उत्तम नेपाल, भद्रपुर

मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य लागि झापाबाट उम्मेदवारी दिएकामध्ये चार शीर्ष नेतासहित ३० जनाले १ करोड ५२ लाख ७७ हजार ३ सय ६० रुपियाँको चुनावी खर्च बुझाएका छन्। जिल्लामा मंसिर २७ गते मतगणना सकिएदेखि ३५ दिनभित्र अर्थात् माघ ३ गतेसम्म उम्मेदवारले चुनावी खर्च विवरण पेस गर्नुपर्ने भए तापनि ३० जनाले १९ दिनभित्रै चुनावी खर्चको विवरण बुझाएका छन्।

जिल्ला निर्वाचन कार्यालयमा हालसम्म ११ जना प्रतिनिधिसभा सदस्य र १९ जना प्रदेशसभा सदस्यले चुनावी खर्च विवरण बुझाएका छन्। प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका शीर्ष नेतातर्फ झापा क्षेत्र ५ बाट उम्मेदवारी दिएका एमाले अध्यक्ष केपी शर्मा ओलीले २४ लाख १ हजार १ सय ६० रुपियाँ, ३ नम्बरबाट उम्मेदवारी दिएका नेपाली कांग्रेस नेता कृष्णप्रसाद सिटौलाको २२ लाख ६८ हजार, १ बाट उम्मेदवारी दिएका माओवादी केन्द्रका नेता सुरेन्द्रकुमार कार्की (राम) र नेपाली कांग्रेसका नेता विश्वप्रकाश शर्माले क्रमश २४ लाख १० हजार र २१ लाख ६८ हजारको आफ्नो चुनावी खर्च विवरण पेस गरेको जिल्ला निर्वाचन कार्यालय झापाका निर्वाचन अधिकारी गोपाल आचार्यले जनाए। शीर्ष नेतातर्फ झापा ३ बाट उम्मेदवारी दिएका राप्रपाका महामन्त्री राजेन्द्र लिङदेनले भने हालसम्म चुनावी खर्च बुझाएका छैनन्।

त्यसै गरी प्रतिनिधिसभातर्फ ओलीका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका डा. खग्रेन्द्र अधिकारीले २४ लाख ७५ हजार, झापा ४ बाट एमालेका लालप्रसाद साँवा लिम्बुले २३ लाख ६३ हजार, झापा ३ बाट राजपाका सुन्दरलाल साहले ६ लाख ५० हजार, झापा ४ बाट एकीकृत राप्रपा (राष्ट्रवादी)का तेजबहादुर थापाले ३ लाख ५ हजार, झापा ३ बाट विवेकशील साझा पार्टीका साजन सुब्बाले ६३ हजार, झापा २ बाट देशभक्त जनगणतान्त्रिक मञ्चका हेमचन्द्र घिमिरेले ६५ हजार र विवेकशील साझा पार्टीका नवीन वास्तोलाले १ लाख ९ हजार २ सयको खर्च विवरण पेस गरेको आचार्यले बताए। झापाका ५ वटा क्षेत्रमा प्रतिनिधिसभातर्फ ५७ र प्रदेशसभातर्फ ८४ जना गरी १ सय ४१ जना उम्मेदवार रहेका थिए।

निर्वाचन कार्यालयले खर्चको विवरण पेस गर्ने सम्बन्धित दल तथा तिनका उम्मेदवारलाई जानकारी गराइसकेकाले उम्मेदवारहरूले खर्च विवरण बुझाउन थालेका छन्। निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यतर्फका उम्मेदवारले २५ लाख र प्रदेशसभा सदस्य उम्मेदवारले १५ लाख खर्च गर्नुपर्ने प्रावधान तोकेको थियो।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति :- २०७४/०९/२२ गते**

यस कम्पनीको मिति २०७४/०९/०३ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एम. के. ह्युमन रिसोर्सेज प्रा. लि.** को रहेको सम्पूर्ण चल अचल तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि परिवर्तित नामले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४/०९/१६ को निर्णय अनुसार नाम परिवर्तन गरी **फ्रेण्डशिप ईन्टरनेशनल ह्युमन रिसोर्सेज प्रा. लि.** कायम गरिएको सूचना प्रकाशित गरिएको छ।

**फ्रेण्डशिप ईन्टरनेशनल ह्युमन रिसोर्सेज प्रा. लि. (प्रा.लि.नं. १६४९९९)**
**काठमाडौं महानगरपालिका-१४, काठमाडौं, ३**

## पोखरा खानेपानी शुद्धीकरण कार्यक्रम

# शव दहनस्थल निर्माण, गाउँलेलाई हस्तान्तरण

धन बस्नेत, पोखरा

दाहसंस्कार खोलामै गरिन्थ्यो। खोलाको पानी दूषित हुन्थ्यो। तर अब व्यवस्थितरूपमा शवदहन गरिनेछ। शव दहनस्थलको निर्माणले महानगरपालिकावासीले उपयोग गर्ने मर्दीखोलाको पानी प्रदूषित हुने छैन।

पोखरा खानेपानी शुद्धीकरण कार्यक्रमअन्तर्गत माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडामा ३ शवदहनस्थल निर्माण गरिएको छ। पोखरावासीले पिउने पानीको स्रोत मर्दीखोलामै शवदहन हुदैं आएको अवस्था अन्त्य भएको छ। जसले पिउने पानी शुद्धीकरण हुने आशा र विश्वास गरिएको छ। यद्यपि शुद्धीकरणका लागि जाइकाले फिल्टर प्लान्ट निर्माण गर्ने योजना बनाएको छ।

पोखरा उद्योग वाणिज्य संघको अगुवाइमा पोखरा लेखनाथ महानगरपालिका र नेपाल खानेपानी संस्थान पोखरा शाखाको आर्थिक सहयोगमा गाउँपालिकाको खोराकोमुख, सैंतीघट्ट र सिदिङमा शवहनस्थल निर्माण गरिएको छ। 'खानेपानी शुद्धीकरण गर्न र व्यवस्थित शवदहन गर्ने उद्देश्यले शव दहनस्थल निर्माण गरिएको हो', पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले भने- 'शव दहनस्थल निर्माणले खोला किनारमै शवदहन गरिने अवस्था अन्त्य भएको छ।'

सिदिङमा १५० घरपरिवार छन्। सैतीघट्टमा २ सय र खोराकोमुखमा ३ सय घरपरिवार छन्। विशेष गरी ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, मगर र दलित बस्ती छन्। शव दहनस्थल निर्माण गर्न स्थानीयले भूमिदान गरेका छन्। भूमिदानपछि उद्योग वाणिज्य संघले शव दहनस्थल निर्माण प्रक्रिया अगाडि बढाएको थियो। तीन वटा ठाँउमा एकैपटक दुई शव दहन गर्न मिल्ने स्थल बनाइएको छ। दहनपछि सरसफाईका लागि पानीको व्यवस्थासमेत गरिएको छ।



आवश्यक शौचालय तथा शवदहन गर्दा मलामी बस्ने आवश्यक ट्रससमेत बनाइएको छ।

निर्माण गरिएको शवदहनस्थल शुक्रबार एक समारोहबीच स्थानीय बासिन्दालाई हस्तान्तरण गरिएको छ। कास्कीका सभासद रामजीप्रसाद बराल, पोखरा लेखनाथ महानगरपालिकाका कार्यकारी अधिकृत दीर्घनारायण पौडेल, नेपाल खानेपानी संस्थान पोखरा शाखाका प्रमुख निरन महर्जनलगायतले शव दहनस्थल उपभोक्ता समितिलाई संयुक्तरूपमा हस्तान्तरण गरेका थिए।

स्थानीय रामचन्द्र क्षेत्री, आइबहादुर श्रेष्ठ, मनबहादुर तामाङ, स्व. कुलबहादुर शव दहनस्थल निर्माण गर्न भूमिदान गरेका गुरुङको परिवार, स्व. कर्णबहादुर तामाङको परिवार, अगन्धर भण्डारी, मीनकुमार श्रेष्ठलगायतलाई सम्मान गरिएको थियो। शव दहनस्थल बनाउन आर्थिक सहयोग गर्ने स्थानीयवासी तीलकुमारी श्रेष्ठ, पुतली श्रेष्ठ, आरती हाइड्रोलाई समेत सम्मानित गरिएको थियो।

उद्योग वाणिज्य संघका सदस्य एवं शव दहनस्थल निर्माण समितिका सहसंयोजक कमल बस्नेतका अनुसार ल्वाङ, रिभान, धिताल, लाहाचोक र सेती मर्दी दोभानमा गरी पाँचवटा शव दहनस्थल निर्माण प्रक्रिया अगाडि बढाइएको छ। प्रत्येक शव दहनस्थल निर्माणको लागि श्रमदानबाहेक १० लाख ४२ हजार रुपियाँ लागत खर्च भएको पोखरा उद्योग वाणिज्य संघका सदस्य एवं शव दहनस्थल निर्माण समिति संयोजक यदु अधिकारीले जानकारी दिए। खर्चको महानगरपालिकाले ५० प्रतिशत, खानेपानी संस्थानले ४० प्रतिशत र पोखरा उद्योग वाणिज्य संघले १० प्रतिशत सहयोग गरेका हुन्। शव दहनस्थलमा सोलार बत्तीसमेत जडान गर्ने पोखरा उद्योग वाणिज्य संघले जनाएको छ।

'शवदहनस्थल निर्माणले गाउँलेलाई सहज भएको छ', स्थानीय सिदिङ शवस्थल निर्माणस्थल उपभोक्ता समितिका अध्यक्ष आइत क्षेत्रीले भने- 'वर्षायाममा सद्गत गर्दा भिज्दै गर्नुपर्ने बाध्यतासमेत अन्त्य भयो।' शव दहनस्थल निर्माणले स्थानीयको लामोदूरी शवयात्रा गरी सद्गत गर्नुपर्ने अवस्थाको बाध्यता समेत हटेको छ।

**हार्दिक समवेदना**



जन्म: १९८२/०२/०३

स्वर्गारोहण: २०७४/०९/१०

**स्व. ध्रुवराज ध्वज जोशी**

यस सनातन इष्ट देवता गुठी मरु जोशीका सदस्य **श्री ध्रुवराज ध्वज जोशी**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**सनातन इष्ट देवता गुठी मरु जोशी परिवार**

# विश्व

## दुर्घटना

इजिप्टको लक्जोर शहरमा एउटा हट एयर बेलुन दुर्घटना हुँदा एक पर्यटकको मृत्यु भएको छ।



## कटौती

आतंककारी सञ्जाल नियन्त्रण गर्न असफल रहेको भन्दै अमेरिकाले पाकिस्तानलाई दिँदै आएको सुरक्षा सहयोग कटौती गरेको छ।



2018, JAN
Saturday
6

विश्व २ मिनेट

### रूस

## चेचेन नेताको समर्थन

ग्रोज्नी, (एजेन्सी)

रूसको चेचन्या गणतन्त्रको राजधानीमा प्रभावशाली नेता रम्जान काड्रिरोव र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको समर्थनमा आयोजित र्‍यालीमा दशौं सहभागी भएका छन्। काड्रिरोवले हालैका हप्तामा मात्र स्वतन्त्र पत्रकार तथा विपक्षी कार्यकर्ताको विरुद्ध खुलेर बोल्ने क्रममा उनीहरूलाई मानसिक अस्पतालमा पुर्‍याउनुपर्ने वा पश्चिमी सत्रुका लागि काम गर्ने गद्दारका रूपमा मुद्दा चलाउनुपर्ने बताएका थिए। उनको टिप्पणी विरोधीहरूका लागि खतराको संकेतका रूपमा लिइएको छ। विगतमा पुटिन वा काड्रिरोवलाई चुनौती दिने रुसी पत्रकार वा विपक्षी नेताहरू मारिएका थिए।

### ताजकिस्तान

## पुरुषको दाह्री काटिए

अल्माआटा, (एजेन्सी)

मध्य एसियाली देश ताजकिस्तानमा प्रहरीले देशका करिब १३ हजार पुरुषको दाह्री काटे। इस्लामिक अतिवादी तथा कट्टरपन्थी देखिने र त्यसले नकारात्मक असर पार्न सक्ने भएकाले राष्ट्रव्यापी अभियानका रूपमा उक्त कदम उठाएको सरकारले जनाएको छ। सरकारले महिलालाई पनि हिजाब पहिरनमा रोक लगाउने प्रयास गरिरहेको छ। विद्यालय र विश्वविद्यालयमा हिजाबमाथि प्रतिबन्ध बढाइएको छ। १ जना व्यक्तिको आधा दाह्री काटिदिएको र उनले आफू त्यसबाट अपमानित भएको महशुस गरेको बताए। यो अभियानले वास्तवमा अतिवादलाई प्रोत्साहन मिल्ने उनले दाबी गरे।

### इजिप्ट

## बेलुन दुर्घटना

कायरो, (एजेन्सी)

पर्यटकहरू बोकेको एउटा हट एयर बेलुन शुक्रबार इजिप्टको लक्जोर शहरमा खस्दा एक व्यक्तिको मृत्यु हुनुका साथै अन्य थुप्रैजना घाइते भएको सरकारी अधिकारीहरुले बताएका छन्। दुर्घटनाको समयमा सो बेलुनमा करिब २० जना मानिस रहेको अनुमान गरिएको छ। मर्ने पर्यटक दक्षिण अफ्रिकी नागरिक हुन्। बेस्सरी हावा चलेपछि उक्त प्राचीन शहरको आकाशमा उडिरहेको सो बेलुन पहाडी क्षेत्रतर्फ हुत्तिन पुगेको थियो। सन् २०१३ मा लक्जोर शहरमै एउटा हट एयर बेलुनमा आगलागी हुँदा १९ जना पर्यटक मारिएका थिए।

### अमेरिका

## यौन दुर्व्यवहार

वासिंगटन, (एजेन्सी)

अमेरिकाको मिचिगनस्थित संघीय सरकारले रातको उडानमा विमानभित्र निदाइरहेकी महिलालाई यौन उत्पिडन गर्ने एक ३४ वर्षीय पुरुषलाई गिरफ्तार गरेको छ। अस्थायी भिसामा अमेरिकामा बस्दै आएका प्रभु मुर्थि नामक भारतीय नागरिकलाई संगैको सिटमा सुतिरहेकी नाम नखुलाइएका ती महिलाको शरीरमा चलेको अभियोग लगाइएको छ। उनलाई बिहीबार मिचिगन संघीय अदालतमा पेश गरिएको थियो। उनले झ्यालनिर बसेका ती २२ वर्षीया महिलालाई दुर्व्यवहार गरेका बेला उनकी पत्नी पनि संगैको सिटमा रहेको प्रहरी अनुसन्धानकर्ताहरूले बताएका छन्।

# रहस्यवादी वांगाको यो वर्षको भविष्यवाणी

सोफिया, (एजेन्सी)



अमेरिकामा भएको सेप्टेम्बर ११ आक्रमण, आईएसआईएसको उदय, बक्सिङ डेको सुनामी र ब्रेक्जिट थुप्रै विषयमा सटिक भविष्यवाणी गरेका एक अन्धा रहस्यवादीले सन् २०१८ का २ महत्त्वपूर्ण घटनाको पूर्वानुमान गरिसकेका छन्।

सन् १९९६ मा ८५ वर्षमा निधन भएका बल्गेरियन बाबा वांगा विवादास्पद भविष्यवाणीका लागि चर्चित मानिन्छ। उनले प्राकृतिक प्रकोप तथा चर्चित विश्व घटनाहरूलाई लिएर धरै अगाडि नै बताएर गएकी थिइन्। 'बाल्कनका नोस्ट्राडमस' उपनामले चिनिएकी उनी मर्नुभन्दा अगाडि बाबाले ५१ शताब्दीसम्मका लागि भविष्यवाणी छोडेर गएकी छिन्। उनको विश्वास के छ भने त्यतिबेला धर्तीको अन्त्य हुनेछ।

सन् २०१८ को वर्षलाई लिने हो भने उनले यो वर्षका लागि २ वटा विश्व परिवर्तनकारी घटनाको भविष्यवाणी गरेकी छिन्। त्यसमा पहिलो चीन विश्वको महाशक्ति बन्नेछ र उसले अमेरिकालाई पछाडि पार्नेछ। अर्को शुक्र ग्रहमा उर्जाको अर्को रूप पत्ता लाग्नेछ।

चीनको अर्थतन्त्र विगत केही वर्षदेखि नै एक नासले बिस्तार भइरहेको छ। सन् १९७० मा उक्त देशले विश्वअर्थतन्त्रको ४ दशमलव १ प्रतिशत हिस्सा मात्र ओगटेको थियो। तर यो सन् २०१५ सम्ममा बढेर १५ दशमलव ६ प्रतिशत पुग्यो र यसको बढ्ने क्रम जारी छ।

अझै पनि यसले अमेरिकालाई उछिनेको छैन तर छिट्टै उछिन्ने पक्का छ। सन् २०१५ मा अमेरिकाको विश्वअर्थतन्त्रमा १६ दशमलव ७ प्रतिशत हिस्सा रहेको थियो तर सन् २०२५ मा यो खस्केर १४ दशमलव ९ मा समेटिने फोर्ब्सले जनाएको छ।

शुक्र ग्रहको प्रसंगलाई कोट्याउने हो भने तत्काललाई त्यसतर्फ अन्तरिक्ष अभियान पठाउने कुनै योजना अगाडि देखिँदैन। यद्यपि खगोल भौतिकशास्त्री युजिन पार्करको नाममा बनेको पार्कर सोलार प्रोबलाई सन् २०१८ जुलाइमा प्रक्षेपण गर्ने योजना छ र यसले सूर्यको बाहिरी कोरोनाका अनुसन्धान गर्नेछ।

यो यान शुक्र ग्रहमा अवतरण हुने छैन तर यसले सूर्यनजिक पुग्नका लागि उक्त ग्रहको गुरुत्वाकर्षणको प्रयोग भने गर्नेछ।

उक्त यानले सौर्य आँधीको स्रोतमा हुने चुम्बकीय क्षेत्रको संरचना निर्क्योल गर्ने, सूर्य वरपरको प्लाज्मालाई तताउने उर्जाको बहाव खोजी गर्ने र धुलाम्य प्लाज्मा तथा सौर्य वायुमा त्यसको प्रभाव एवं उर्जायुक्त पदार्थको निर्माणको अनुसन्धान गर्ने उद्देश्य राखेको छ।

बाबा वांगाले सन् २००१ सेप्टेम्बर ११ आक्रमणको भविष्यवाणी गरेको भनिन्छ। उनले 'दुईवटा स्टिल चरा' ले 'अमेरिकी दाजुभाइ' माथि आक्रमण हुने दाबी गरेकी थिइन्। उनले भनेकी थिइन- 'डरलाग्दो आतंक' स्टिल चराहरूको आक्रमणले अमेरिकी दाजुभाइ गिर्नेछन्। ब्वाँसाहरू झाडीबाट कराउनेछन् र निर्दोषहरूको रगत बग्नेछ।

उनले ब्रक्जिटको पनि आभास पाएकी थिइन्। उनले प्रष्ट रूपमै सन् २०१६ को अन्त्यसम्म मात्र युरोपको त्यो प्रारूप रहने बताएकी थिइन्। उनले कट्टरपन्थी मुश्लिम सेनाको उदय हुने र त्यसले युरोपमा आक्रमण गर्ने चेतावनी दिएकी थिइन्। उनको यो भविष्यवाणीलाई आईएसआईएसको उदयसँग जोडेको छ।

यद्यपि गतवर्ष बाराक ओबामा अन्तिम अमेरिकी राष्ट्रपति हुने उनले बताएको दाबी गरिएको थियो। जसअनुसार केहिले डोनाल्ड ट्रम्पले पदको सपथ ग्रहण गर्न नपाउने गलत विश्वास गरेका थिए।

बाबाको अन्य भविष्यवाणीमा सन् २०२८ सम्ममा विश्वबाट भोकमरीको अन्त्य हुनेछ। सन्. २२५६ सम्ममा परमाणु हतियारको माध्यमबाट मंगलग्रहमाथि उपनिवेश कायम हुनेछ र सन् २३४१ सम्ममा पृथ्वी मानवविहीन हुनेछ।

**बाबाका भविष्यवाणीहरू**

- ❖ सन् २०२५ देखि २०२८को बीचमा विश्वव्यापी भोकमरी अन्त्य थालिनेछ।
- ❖ सन् २०३३ देखि २०४५ सम्ममा ध्रुवीय हिँउ पग्लिनेछ। त्यसले समुद्रको सतह बढ्नेछ। त्यहिबेला मुश्लिमले युरोपमा शासन गर्नेछ र विश्वको अर्थतन्त्रमा वृद्धि हुनेछ।
- ❖ क्लोनिङ प्रविधिको विकासले चिकित्सकहरू कुनै पनि रोगको उपचार गर्न सक्षम हुनेछन्। अमेरिकाले मुश्लिम रोममाथि 'तत्काल जम्ने' मौसममा आधारित हतियारबाट आक्रमण गर्नेछ।
- ❖ सन् २१७० देखि २२५६ सम्ममा मंगलग्रह कोलोनी परमाणु शक्तिबाट लैस हुनेछ र पृथ्वीबाट स्वतन्त्र हुन माग गर्नेछ। पुनः पृथ्वीमा फर्केर पानीभित्र शहरहरू निर्माण गर्नेछ र बाह्य ग्रहको खोजका क्रममा अच्चम्मका कुराहरू फेला पर्नेछन्।
- ❖ सन् २२६२ देखि २३०४ सम्ममा समय यात्रा सम्भव हुनेछ।
- ❖ सन् २३४१ बाट प्राकृतिक तथा मानव निर्मित प्रकोपका कारण पृथ्वी बसोबास अयोग्य हुनेछ। तर मानव अर्को सौर्य प्रणालीमा जान सक्षम हुनेछ र भयंकर युद्ध हुनेछ।
- ❖ सन् ४३०२ देखि ४५७४ बाट मानव अमर हुनेछ र बाह्य ग्रहका प्राणीसँग घुलमिल हुनेछ। ब्रम्हाण्डभरि फैलिएर बसेका ३ खर्ब ४० अर्ब मानिसले ईश्वरसँग कुरा गर्न सक्नेछ।
- ❖ सन् ५०७९ मा ब्रम्हाण्डको अन्त्य हुनेछ।

# उत्तर र दक्षिण कोरियाबीच उच्च स्तरीय वार्ता

सोल, (एजेन्सी)

उत्तर कोरियाले आगामी साता आयोजना हुने १ उच्च स्तरीय वार्ताका लागि राखिएको प्रस्ताव स्वीकार गरेको शुक्रबार दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन्।

९ जनवरीमा तय भएको सो विशेष बैठक फेब्रुअरीमा दक्षिण कोरियामा आयोजना हुने हिउँदे ओलम्पिक्स गेम्समा उत्तर कोरियाली खेलाडीहरूलाई सहभागी गराउने बारे केन्द्रित रहने बताइएको छ। उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनले यसै साता उक्त गेम्समा आफ्नो खेलाडी टोली पठाउँदा आपसी एकता प्रदर्शन गर्ने राम्रो अवसर मिल्ने बताएका थिए।

२ कोरियाबीचको यो महत्त्वपूर्ण बैठक सीमा क्षेत्रको पान्मुन्जोनमा आयोजना हुने आशा गरिएको छ। यो सन् २०१५ को डिसेम्बर यताको उत्तर र दक्षिण कोरियाबीचको पहिलो उच्च स्तरीय वार्ता हुनेछ। तर सो वार्तामा को-को सहभागी हुने हो भन्ने अझै खुलाइएको छैन।

यसअघि नै दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनले अझैसम्म पनि प्राविधिक रुपमा युद्धरत अवस्थामा रहेको बताइने २ कोरियाबीचको चिसिएको सम्बन्ध सुधार्न हिउँदे ओलम्पिकस अत्यन्तै महत्त्वपूर्ण अवसर हुनसक्ने बताएका थिए। अमेरिकी रक्षामन्त्री जेम्स म्याटिसले अघिल्लो दिन अन्तर्राष्ट्रिय दबाबको परिणामस्वरूप २ कोरियाबीच यो सहमति भएको प्रतिक्रिया दिएका थिए।

यसैबीच चरणवद्ध रूपमा निहुँ खोज्ने, वार्ता गर्ने र आणविक हतियार कार्यक्रम पनि जारी राख्ने उत्तर कोरियाको व्यवहारमाथि निगरानी राख्ने जनाएका छन्। दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले पनि यो वार्ता हिउँदे ओलम्पिक्समाथि लक्षित रहेको जनाएको छ।



# जातिवादी कार्यक्रमको भत्सर्ना

टोकियो, (एजेन्सी)

जापानको एउटा टेलिभिजन कार्यक्रममा एडि मर्फीको नक्कल गर्ने क्रममा एकजना कमेडियनलाई अनुहारमा कालो पोत्न लगाएको घटनालाई लिएर धेरैले जातिवादी र साँस्कृतिक असंवेदनशीलताको आरोप लगाएका छन्।

नयाँ वर्षको पूर्वसन्ध्यामा प्रशारित सो कार्यक्रममा चर्चित कमेडियन हामादा आफ्नो मुखमा कालो पोतेर विभर्लि हिल्स कोप परोडिमा प्रस्तुत भएका थिए। यसरी जानीजानी अनुहारमा कालो पातेर ती कलाकारले काला जातिलाई होच्याउन खोजेको भन्दै अधिकांश दर्शकले उक्त कार्यक्रमको आलोचना गरेका छन्।

केही दिनदेखि यसै विवादलाई लिएर विरोध प्रदर्शन हुँदै आएको छ। जापानमा १३ वर्षदेखि बस्दै आएका काला जातिका अमेरिकी लेखक तथा स्तम्भकार बाय म्याकनेलले ट्विटरमार्फत यस विषयमा जनताको ध्यानाकर्षण गर्न खोजेका हुन्।

उनले काला जनतालाई उपहास वा समर्थन गर्नु आवश्यक नरहेको भन्दै वकालत गरेका छन्। उनले यस्ता कार्यक्रमका लागि जापानी भाषा बोल्न सक्ने काला कलाकार नै प्रयोग गरिनुपर्ने विचार पनि व्यक्त गरेका छन्।




# थाइल्यान्डमा योनी र लिंग गोरो बनाउने फेसन

बैंकक, (एजेन्सी)

केही समय यता थाइल्यान्डका पुरुषहरूमा आफ्नो लिंगको रंग गोरो बनाउने गजबको धुन सवार भएको छ। यसले थाइल्यान्डको सौन्दर्य व्यवसाय हदैसम्म फस्टाएको प्रमाणित गरेको छ। हुन त अन्य एसियाली मुलुकहरूमा पनि छाला गोरो बनाउने फेसन कुनै नौलो विषय होइन।

गरिबीको कारण खुल्ला घाममा मजुदरी गर्नुपर्दा मानिसहरूको शरीरको छालो डढेर कालो हुने गर्दछ। यसरी लिंगको छाला गोरो बनाउने उपचार गरिँदै गरेको एउटा क्लिनिकको क्लिप अनलाइनमा पोस्ट गरिएपछि भाइलर भएको छ।

फलस्वरूप थाई स्वास्थ्यमन्त्रालयले यस्तो उपचार विधि विरुद्ध चेतावनीसहितको विज्ञप्ति जारी गरेको छ। यस्तो उपचार लिएका १ जना ३० वर्षीय बिरामीले बीबीसीलाई बताएका छन्, 'स्विमिङ कस्टुयुम लगाउँदा थप आत्मविश्वास प्राप्तीका लागि मैले यो उपाय अपनाएको हुँ। मैले पहिलो चरणको उपचार २ महिनाअघि गराएको थिएँ।

मेरो शरीरमा पक्कै पनि सकारात्मक परिवर्तन पाएको छुँ। 'फेसबुकमा पोस्ट भएको क्लिनिकको उक्त तस्वीर २ दिनमै १९ हजार पटकभन्दा धेरैचोटि सेयर भएको छ। यस्तो सेवा उपलब्ध गराउने लेलुक्स हस्पिटलका बजार व्यवस्थापक पोपोल तान्साकुलले बीबीसीलाई भन्छन्- '४ महिनाअघिदेखि हामीले महिलाहरूलाई योनी गोरो बनाउने सेवा उपलब्ध गराउँदै आएका छौं। ५ चरणको लेसर विधिका लागि ६ सय ५० अमेरिकी डलर खर्च लाग्दछ। लिंग र योनीको रंग बदल्न म्यान्मार, क्याम्बोडिया र हङकङदेखि मानिसहरू आउने गरेका छन्। हामीले दिनमा अहिले २० देखि ३० जनालाई यो सेवा प्रदान गरिरहेका छौं।'



> उहाँले भन्नुभयो- 'हामी सडकमा उत्रिसकेका छौं, राजधानी दीपायल कायम नहुँदासम्म सडक छोडेर घर जानेछैनौं।'

# राजधानी माग्दै दीपायलमा निकालियो थाली जुलुस

विमल विष्ट, डोटी



७ नम्बर प्रदेशको राजधानी दीपायल तोकिनुपर्ने माग गर्दै डोटीका आन्दोलनकारीहरूले शुक्रबार यहाँको प्रमुख व्यापारी केन्द्र दीपायल, पिपल्ला तथा राजपुरमा थाली जुलुस निकालेको छ।

हजारौंको संख्यामा निस्किएका महिला तथा पुरुषहरूको जुलुसले बजार परिक्रमा गर्दै राजपुरस्थित क्षेत्रीय प्रशासन कार्यालयअगाडि कोणसभा गरेको थियो। कोणसभामा बोल्दै अधिकां वक्ताहरूले ७ नम्बर प्रदेशको राजधानी दीपायल नतोकिए आफूहरू कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका थिए।

हात हातमा थाल, चम्चा बोकेर स्वस्फुर्तरूपमा आएका आन्दोनलकारीहरूले थाल बजाउँदै ७ नम्बर प्रदेशको राजधानी दीपायल कायम गर, जनताको अधिकार खोस्न पाइँदैन, पहाडी एकता जिन्दावाद भन्ने नारासमेत लगाएका थिए।

त्यस्तै आन्दोलनकारीहरूले गरेको अनिश्चितकालीन बन्दको तेस्रो दिन डोटीको जनजीवन निकै प्रभावित बन्दै गएको छ। राजधानी दीपायलको माग गर्दै आन्दोलनकारीले गरेको बन्दले यहाँका सम्पूर्ण सरकारी कार्यालय, विद्यालय, कलकारखाना तथा यातायातका साधनहरू तीन दिनदेखि ठप्प भएका छन्। यहाँका प्रमुख व्यापारिक केन्द्र दीपायल, पिपल्ला, राजपुर तथा सिलगढी बजार पूर्णरूपमा बन्द गरिएको छ।

बजारभरि आन्दोलनकारीहरूले दीपायल राजधानी माग गर्दै नाराबाजी गरिरहेका छन्। आन्दोलनकारीहरू राजधानी दीपायल हुनुपर्ने माग गर्दै राति सडकमै सुत्न थालेको माओवादी केन्द्रका नेता तेजबहादुर डुम्रेलले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी सडकमा उत्रिसकेका छौं, राजधानी दीपायल कायम नहुँदासम्म सडक छोडेर घर जानेछैनौं।'

आन्दोलनकारीहरूले दैनिक सडकमा टायर बालेर यातायातसमेत बन्द गरेका छन्। बन्दका कारण यहाँका पहाडी जिल्लाबाट तराई जाने कुनै पनि यातायातका साधन छुटेका छैनन्। महिला, युवा युवतीहरूको ठूलो जमातले बिहानैदेखि सडकमा नाराबाजी गरिरहेको छ।

राजधानी माग गर्दै यहाँको संघर्ष समितिले एक हप्तादेखि शान्तिपूर्ण र्‍यालीको आयोजना गर्दै आए पनि त्यसको सुनुवाइ हुनुको सट्टा राजधानी धनगढीका लागि सिफारिस गरिएको भन्दै थप कडा आन्दोलनको शुरुआत गरेको हो। आन्दोलनकारीहरूले सडकमा ढुंगा, मुडा तेर्स्याएर बाटो अवरोध गरेका छन्। आन्दोलनकारीले चक्का जाम गरेपछि सडकमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको बाक्लो उपस्थिति भएको छ।

बन्दकर्ताले एम्बुलेन्स, विदेशी कूटनीति नियोगका गाडी तथा प्रेसका गाडीहरू भने चल्न दिएका छन्। त्यस्तै राजधानी दीपायल हुनुपर्ने माग गर्दै डोटीको बुडरमा पनि शुक्रबार आन्दोलन गरिएको छ। आन्दोलनकारीले शुक्रबार दिनभरि बुडर बजार बन्द गर्नुका साथै यातायातका साधन पनि ठप्प पारेका थिए।

# दाङका मन्दिरमा पूर्वराजाको पूजापाठ

नेपाल समाचारपत्र
घोराही, दाङ



पूर्वराजा ज्ञानेन्द्र शाहले दाङका दुईवटा मन्दिरमा पुगेर पूजा गर्नुभएको छ। शाहले शुक्रबार दिउँसो गोरक्ष रत्ननाथ मन्दिर चौघेरा र अम्बिकेश्वरी मन्दिरको दर्शन गर्नुभएको हो। शाहले मन्दिरमा पूजाआजा गरी सबै शक्तिपीठहरूको अवलोकन पनि गर्नुभयो।

मन्दिर व्यवस्थापन समितिले मन्दिरको इतिहास र महत्त्वबारे प्रकाश पारेको थियो। शाहलाई स्वागत गर्न मन्दिर परिसरमा केही समर्थक पनि देखिएका थिए। उनीहरूले 'राजा आऊ, देश बचाऊ', 'हाम्रा राजा प्राणभन्दा प्यारा छन्' जस्ता नारा लगाएका थिए।

समर्थकहरूले शाहलाई फूलमालाले स्वागत गर्दै विभिन्न समस्या पनि दर्शाएका छन्। कतिपयले राजनीतिक दलहरूले राम्रो काम गर्न नसकेको गुनासो गर्दै शाहलाई देशको नेतृत्व गर्न आग्रहसमेत गरेका थिए।

तर पूर्वराजा शाहले कुनै प्रतिक्रिया नजनाई टाउको मात्रै हल्लाएका थिए। शाह नेपालगन्जबाट गाडीमा लमही हुँदै घोराही आउनुभएको हो। लमहीको अर्जुनखोलामा पनि देउखुरी क्षेत्रका समर्थकहरू स्वागत गर्न सडकमा आएका थिए।

शाहले भ्रमणको उद्देश्य केही बताउनुभएको छैन। मन्दिरमा पूजा गरेपछि पूर्वराजा शाहले आफ्ना शुभेच्छुक र समर्थकहरूलाई घोराहीको डोको होटेलमा भेट गर्नुभएको छ। पूर्वराजा शाहले पत्रकारलाई प्रतिक्रिया दिन चाहानुभएन। समसामयिक राजनीतिक विषयमा प्रतिक्रिया लिने तयारीमा रहेका पत्रकाहरूलाई प्रतिक्रिया दिँदै पूर्वराजा शाहले आफू दाङमा आउन पाउँदा खुसी लागेको मात्रै प्रतिक्रिया दिनुभयो। उहाँ केही दिनदेखि नेपालगन्जमा बस्दै आउनुभएको छ। आफ्नै लगानीमा रहेको होटल उद्घाटन गर्न उहाँ नेपालगन्ज आउनुभएको हो।

## नयाँ टिकटमा टाँचा

काठमाडौं, नेस

हुलाक सेवा विभागले आइतबार जारी गरेको विभिन्न २१ वटा नयाँ टिकटमा सूचना तथा सञ्चार सचिव केदारबहादुर अधिकारीले टाँचा लगाउनुभएको छ।

चर्चित व्यक्तित्व, शहीद, नेपाली मौलिक भाँडा, धार्मिकस्थल, चर्चित हिमाल र नेपाली संस्कृतिलाई झल्काउने विभिन्न २१ वटा टिकटमा सचिव अधिकारीले टाँचा लगाउनुभएको हो। राजधानीमा आयोजित उक्त कार्यक्रममा हुलाक सेवा विभागको टिकट शाखाका प्रमुख दीपेन्द्र बुढाथोकीको उपस्थितिमा मास्टर रत्नदास प्रकाश, यज्ञबहादुर थापा, दुर्गा दत्त, लीला दाहाल, ठगीराज दाहाल, खगेन्द्रराज दाहाल, गोकर्णबहादुर कार्की, गम्भीरबहादुर थापा, गौरीशंकर खड्का, द्रोणाचार्य क्षेत्रीका तस्वीर अंकित टिकटमा टाँचा लगाइएको हो। यस्तै सोसम्बर महादेव मन्दिर सिराहा, महालक्ष्मी मन्दिर ललितपुर, क्षमादेवी सिन्धुपाल्चोक, गजेडी ताल रूपन्देहीका चित्र अंकित टिकट पनि सार्वजनिक गरिएका छन्।

## राष्ट्रियसभा निर्वाचन माघ २४

काठमाडौं, (नेस)

सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ २४ गतेका लागि तोकेको छ। शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन आयोगको परामर्शमा २४ गतेका लागि मिति तोकिएको बैठकपछि अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो।

'नेपालको संविधानको धारा ८६ को उपधारा २ को खण्ड (क) बमोजिम निर्वाचित हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि राष्ट्रियसभा सदस्य निर्वाचन अध्यादेश-२०७४ को दफा ५ को उपदफा १ बमोजिम आगामी माघ २४ गते बुधबार निर्वाचनको मिति तोक्ने र सोको सूचना राजपत्रमा प्रकाशन गर्ने भएको छ।' -मन्त्री कार्कीले भन्नुभयो।

# भाइरलको प्रकोपले दर्जनौं बिरामी

दीपेन्द्र शर्मा, जाजरकोट

जाजरकोटमा एक सातादेखि फैलिएको रुघाखोकी र भाइरल ज्वरोले ९ जनाको ज्यान गएको छ। जुनीचाँदे गाउँपालिका-२ मजकोटकी ६५ वर्षीया धनसरा नाथर ७५ वर्षका सतरूप शाहीको मृत्यु भएको हो। नाथको बुधबार र शाहीको बिहीबार मृत्यु भएको स्वाथ्य चौकी बड्कुलेका इन्चार्ज हरिबहादुर सिंहले बताए। ज्वरो र रुघाखोकीले जुनीचाँदेका तीन सयबढी गाउँलेहरू बिरामी परेका छन्। उनले स्वाथ्यचौकीमा दैनिक ४०/५० जना भाइरलका बिरामी आउने गरेको बताए।

### ९ जनाको मृत्यु
### प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मीको टोली पठाइयो

प्रभावित क्षेत्र जिल्ला सदरमुकाम खलंगाबाट दुई दिनको पैदल दूरीमा पर्छ। इन्चार्ज सिंहले भने- 'मौसम परिवर्तनसँग चिसो बढेपछि गाउँमा बिरामीको संख्या बढ्दै गएको छ। तर बिरामी स्वास्थ्य संस्था आउँदैनन् झारफुकतिरै लाग्छन्।'

जुनीचाँदे गाउँपालिका वडा नं १ को जुनी, चाँदे, काप्रा, बड्कुले, कार्कीगाउँ, वडा नं २ को मजकोट, आलीमौगाना र वडा नं ३ का डाडाकोट र परालेमा भाइरल ज्वरो र रुघाखोकी प्रकोपका रूपमा देखापरेको उनले बताए। सबैभन्दा बढी वडा नं २ मजकोटमा बिरामी देखापरेका छन्। एउटै घरमा ३/४ जनासम्म बिरामी परेको जुनीचाँदे गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर केसीले बताए। उनले भने- 'बिरामीहरू समयमा स्वास्थ्य संस्था नजाँदा समस्या भएको छ। भौगोलिक विकटताले स्वास्थ्य संस्था टाढा हुनु र स्वास्थ्य संस्थामा भरपर्दो उपचार नहुँदा स्थानीय स्वास्थ्य संस्थाभन्दा पहिले धामीझाँक्रीसँग झारफुकमा जाने गर्दछन्।'

मजकोटका प्रायः घरका मानिस बिरामीले थलिएका छन्। बिरामी हुनेमा बालबालिका, वृद्धवृद्धा र महिला रहेको उनले बताए। बिरामीहरूमा घाँटी दुख्ने, सुखा खोकी, टाउको दुख्ने, हातखुट्टा दुख्ने, चिटचिट पसिना आउने, ज्वरो आउनेलगायतका समस्या देखिने गरेको छ।

भाइरलको प्रकोप फैलिएको सूचना पाएपछि जिल्ला स्वास्थ्यले रोग पहिचानको लागि महामारी फोकल व्यक्ति ल्याब टेक्निसियन कृष्ण खत्रीको नेतृत्वमा प्रभावित क्षेत्रमा पठाएको जनाएको छ। 'रोगको पहिचान गर्न टेक्निसियन पठाएका छौं', जिल्ला स्वास्थ्य प्रमुख रामबहादुर नेपालीले भने- 'एच वान एन वान हो कि भनेर टेस्ट किट पठाएका छौं। यदि एच वान एन वान भए रोग फैलिने खतरा धेरै हुने भएकोले पहिचानका लागी समयमै तथारूपता देखाएका हौं।'

त्यस्तै प्रभावित क्षेत्रमा थप उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गर्खाकोटबाट डा. पवन शाक्यको नेतृत्वमा थप टोली पठाएको कार्यालय प्रमुख नेपालीले बताए। डाक्टरको टोली शनिबार मात्र प्रभावित क्षेत्रमा पुग्नेछ। भाईरल देखिएको प्रभावित क्षेत्रमा शिविर चलाएर उपचार थाल्न डा. शाक्यलाई निर्देशन दिईएको उनले बताए।

त्यस्तै औषधि अभाव हुन नदिन शुक्रबार मात्र एक ट्र्याक्टर औषधिसमेत पठाइएको उनले जानकारी दिए। उनले रुघाखोकीले मृत्यु भएका भनिएका के कारणले भएको हो त्यसको पनि सत्य तथ्य छानविन गरिने बताए। भाइरलको रूपमा देखापरेको रुघाखोकीलाई प्रकोपकै रूपमा फैलन नदिन कार्यालयले उच्च सर्तकता अपनाएको उनले बताए। 'क्षेत्र र केन्द्रलाई पनि खबर गरिसकेको छौं। थप औषधि पनि मागेको छौं। रोग छिट्टै नियन्त्रणमा लिन्छौं।' -उनले भने।

यसैबीच, चिसो बढेसँगै देखापरेको भाइरलले विद्यार्थीसमेत थलिएपछि केही दिनका लागी प्रभावित क्षेत्रको एक विद्यालय बन्द गरिएको छ भने अन्य विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून हुन थालेको छ। ज्वरो र रुघाखोकीले धेरैजसो विद्यार्थी विरामी परेपछि जुनीचाँदे-२ मजकोटस्थित भगवती आधारभूत विद्यालय केही दिनका लागि बन्द गरिएको प्रधानाध्यापक मुक्तिप्रसाद शर्माले बताए।

## शीतलहरका कारण ६ को मृत्यु

राजविराज, (नेस)

एक सातायता चलेको शीतलहरसँगै चिसो हावाका कारण सप्तरीमा मृत्यु हुनेको संख्या ६ पुगेको छ। शुक्रबार महदेवा गाउँपालिका-२ अकवरपुरका ५८ वर्षीय सुकदेव यादवको जाडोकै कारण मृत्यु भएपछि सो संख्या ६ पुगेको हो।

बिहान ५ बजे नहर किनारमा शौच गर्न गएका यादव चिसोले कठ्यांग्रिएर अचानक ढल्नुभएको थियो। उहाँलाई उपचारका लागि अस्पताल लाने क्रममा बाटोमै मृत्यु भएको स्थानीय रामदेव यादवले जानकारी दिनुभयो। बिहीबार राति राजविराज नगरपालिका वडा नम्बर १० झल्हीका ६५ वर्षीया कैलीदेवी खंग र वडानम्बर २ का ६० वर्षीया नाजो बेगमको मृत्यु भएको वडा नं. २ का अध्यक्ष अरुण यादवले बताउनुभयो।

यसअघि छिन्नमस्ता गाउँपालिका १ वरहीका ३५ वर्षीय रामदयाल राम, वीरपुरका ३६ वर्षीय कुलदीप राय र ७२ वर्षीया रजियादेवी रायको मृत्यु भएको थियो।

# क्लब सञ्चालक धरौटीमा रिहा

नेपाल समाचारपत्र
काठमाडौं

दरबारमार्गस्थित डेजाभुमा आयोजित अमेरिकी डिजे मार्समेलोको कार्यक्रमका नाममा ठगी अभियोगमा पक्राउ परेका डेजाभु क्लबका सात सञ्चालक धरौटीमा छुटेका छन्। क्लब सञ्चालक दुई जनाले जनही २ लाख र बाँकी पाँच जनाले ४० हजारका दरले धरौटी बुझाएर रिहा भएको महानगरीय प्रहरी परिसर काठमाडौंका एसपी रामदत्त जोशीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

क्रिकेटर पृथु बास्कोटासहित १० जनाविरुद्ध प्रहरीले जिल्ला अदालत काठमाडौंमा ठगी मुद्दा दर्ता गराएको थियो। डेजाभु नाइट क्लबमा महँगो मूल्यमा टिकट बिक्री गरेर कार्यक्रम नगरी ठगी गरेको आरोपमा प्रहरीले मुद्दा दर्ता गराएको हो।

३३ लाख २६ हजार रुपियाँ बिगो दाबी गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत मुद्दा दायर गराएको प्रहरीले जनाएको छ। कार्यक्रम आयोजना गर्ने मुख्य व्यक्ति रविन गुरुङ भने अझै फरार रहेको बताइएको छ। आयोजकले मार्समेलो कार्यक्रममा सहभागी हुने भन्दै ३ हजारदेखि ७ हजार रुपियाँसम्मको टिकट बिक्री गरेको थियो। तर, कार्यक्रममा आफू अस्वस्थ्य भएको भन्दै मार्समेलो नआएपछि आक्रोशित समूहले क्लब तोडफोड गरेको थियो।

प्रहरीले मंसिरमा पृथु बाँस्कोटासहित रितेश मारवाडी, जयन श्रेष्ठ, मयंक खड्का, विशाल डाँगी, मिलन श्रेष्ठ, राजीव महर्जन र क्लबका क्याप्टेन आकाश न्यौपानेलाई पक्राउ गरेको थियो।

### पराजयको...

बैठकमा प्रतिनिधिसभामा एक जना मात्र सांसदको प्रतिनिधित्व हुनु दुर्भाग्य भएको जनाएको छ। निर्वाचन परिणामले धर्मान्तरण पक्षधर र बाह्य शक्तिको पक्ष पोषण गर्नेहरूको मनोबल बढ्न गएको ठहर राप्रपाले गरेको छ। बैठकले निर्वाचनमा झापा जिल्ला क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा अत्यधिक बहुमतबाट निर्वाचित हुनुभएकामा पार्टीका महामन्त्री राजेन्द्र लिङदेनलाई बधाई पनि दिएको थियो।

बैठकले चुनावमा राप्रपाको अप्रत्याशित परिणामको कारण र आधारका बारेमा विस्तृत अध्ययन अनुसन्धान गरी भविष्यका लागि सुझावसहितको प्रतिवेदन तयार गर्न डा. विष्णु भण्डारीको संयोजकत्वमा एक निर्वाचन समीक्षा तथा अध्ययन समिति गठन गरेको छ। समितिमा केन्द्रीय सदस्यहरू गोविन्द खनिया, भक्ति सिटौला, चन्द्रेश्वर राय यादव, धनबहादुर बुढा, प्रकाश रिमाल, विजयलक्ष्मी सिंह र श्याम शाही सदस्य रहनुभएको छ।

एक पटकको निर्वाचन परिणामले मात्र नेपालको राष्ट्रिय राजनीतिमा अलग पहिचान र सुस्पष्ट विचार बोकेको राष्ट्रवादी पार्टीको रूपमा स्थापित राप्रपाको औचित्य, आवश्यकता र महत्त्व समाप्त नहुने भन्दै बैठकले चुनावको निरासजनक परिणामले राप्रपा आफ्नो आदर्श र मान्यताबाट विचलित नहुने निर्णय गरेको छ। राप्रपा केन्द्रीय समिति बैठकले पूर्ण धार्मिक स्वतन्त्रता र समानतासहितको सनातन हिन्दू राष्ट्र, राजसंस्थासहितको लोकतन्त्र, सुदृढ स्थानीय स्वयात्त शासन प्रणाली एवम् उदार आर्थिक नीतिको धरातलमा सबल र समृद्ध नेपाल निर्माण गर्ने मान्यताप्रति राप्रपा निरन्तर प्रतिबद्ध रहने निर्णय गरेको छ।

पार्टीको वैचारिक पक्षको प्राथमिकता, प्रस्तुति र आधारलाई पुनर्विचार तथा परिमार्जन गर्नुपर्ने आवश्यकतालाई बैठकले महसुस गरेको छ। यस सम्बन्धमा आगामी फागुन महिनामा हुने पार्टीको केन्द्रीय परिषद्को बैठकले आवश्यक निर्णय गर्ने निर्णय पनि गरेको छ। केन्द्रीय समिति बैठकले पार्टीले ठूलो पीडा र संकट भोग्नुपरेको वर्तमान अवस्थामा कत्ति पनि विचलित नभई पार्टीको सिद्धान्त र आदर्शप्रति प्रतिबद्ध रहँदै एकता कायम राख्न केन्द्रीय कार्यसमिति सम्पूर्ण कार्यकर्ता, सहयोगी र शुभचिन्तकहरूलाई आह्वान गरेको छ।

### टार्दिंदै...

दुई अध्यक्षका बीचमा सहमति जुटेपछि मात्र बाँकी विषयमा छलफल अगाडि बढाउने तयारी एकता संयोजक समितिमा रहेका नेताहरूले गरेका छन्।

नेकपा एमालेका वरिष्ठ नेता एवम् एकता सयोजक समितिका सदस्य झलनाथ खनालले पार्टी एकताका बारेमा कुनै शंका गर्नुपर्ने ठाउँ नरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'एकताका लागि बहस र छलफल भइरहेका छन्, अब छिट्टै एकता संयोजक समितिको बैठक बस्छ।' उहाँले पार्टी एकता र सरकार गठनको कार्य एकसाथ अगाडि बढाउने बताउनुभयो।

### पौडेलको...

दुर्गा तिवारीलाई मनोज पुन नाम गरेका व्यक्तिले आफूले हत्या गराएको दाबी गरेका थिए। बलुलाई पनि मनोज पुनकै नामबाट पछिल्लो समयमा धम्की आउने गरेको स्रोतले बतायो। गोली हान्नेहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। पौडेलको हत्याको विरोधमा युवा संघ रूपन्देहीले शनिबार जिल्लामा बन्दको घोषणा गरेको छ।

शुक्रबार एक्कासि सवारी बन्द गराएका कारण गन्तव्य नपुग्दै सयौं यात्रुहरू सडकमै अलपत्र परेका थिए। दिन दहाडै गोली हानी बलुको हत्या भएको र कुनै व्यक्ति पक्राउ नहुनुले रूपन्देहीको शान्तिसुरक्षा कमजोर भएको महसुस जिल्लाबासीले गरेका छन्।

एक वर्षअघि युवा संघका नेता दुर्गा तिवारीको गोली हानी हत्या गर्ने व्यक्ति म नै हुँ भन्ने मनोज पुनलाई यति लामो समयसम्म पक्राउ गर्न नसक्नु प्रहरी प्रशासनको कमजोरी र लाचारीपना भएको स्थानीयहरूले बताएका छन्। यसैबीच नेपाल वन पैदावार उद्योग व्यवसायी संघ रूपन्देहीले एक विज्ञप्ति जारी गर्दै सदस्य उद्योगी, उज्ज्वल स:मिलका सञ्चालक बलुमाथि भएको गोली प्रहार र विभत्स हत्याले नेपाल वन पैदावार उद्योग व्यवसायी संघ, रूपन्देही स्तब्ध भएको जनाएको छ।


नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय, दोलखा

**नामसारी सम्बन्धी सार्वजनिक सूचना**

दो.जि. ठूलोपातल गाविस वडा नम्बर १ (हाल जिरी नपा. वडा नम्बर ९) बस्ने अमृतकुमार तमाङले नामसारी माग गरेकोमा हकदाबीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकहरुबाहेक मृतक चन्द्रबहादुर तमाङको अन्य कानुनी हकवाला कोही भएमा आफूसँग भएको सबुतप्रमाण कागजातसहित बाटोको म्यादबाहेक यस सूचनाको म्यादभित्र हकदाबी गर्नुहोला अन्यथा म्याद नाघि आएको निवेदनउपर कारबाही गरिने छैन र कानुनबमोजिम नामसारी भै जाने व्यहोरासमेत यसै सूचनाबाट सर्वसाधारणमा जानकारी गराइन्छ।

| मृतकको नाम | बाबु/पतिको नाम | बाजे ससुराको नाम | जग्गा रहेको गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल (व.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| चन्द्रबहादुर तमाङ | कर्णबहादुर | बलीमान | ठूलोपातल | १<br>५ | १२५<br>२००७<br>२०३९<br>२०४१<br>२०५५<br>२०६०<br>२०६१ | ००१८०<br>००३१०<br>०१७३५<br>००९१०<br>००२८०<br>०३९९५<br>०३१७५ | |

पुनश्चः यसमा निवेदकले आफ्ना बाबु ज.ध.अमृतकुमार तामाङ मिति २०५४/५/२९ देखि बेपत्ता रहेको, आमा मैतली तामाङको मिति २०५०/३/१७ मा मृत्यु भएको र आफू उल्लेखित जग्गाको एक मात्र हकदार रहेको भनी एकलौटी ना.सा माग गरेको।



# अर्थ

{ घटनाबारे प्रहरी निरीक्षक वन्तले एउटा मेसिनले काम उत्पादनको काम नगरेको भन्दै कर्मचारीले पानी खोलामा तर्काएर बसेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी अनुसन्धानको क्रममा छौं, आयोजनाका कर्मचारीले ५५ लाखको नोक्सान भएको बताएका छन्।' तोडफोडमा संलग्न अहिलेसम्म कसैलाई पक्रन सकिएको छैन।


JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

JAGDAMBA E

| स्थानहरु / साइज | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
केशरमहल, काठमाडौं, फोन नं. : ४-४३५५१६, ४-४३५६१३

INTEREST RATES: DEPOSITS

Interest Rate Per Annum Payable Quarterly
With Effective from 07.01.2018/ 23rd POUSH, 2074

| Fixed / Recurring Deposits | Institutions |
|---|---|
| ≥ 1 year and < 2 years | 11.00% |

Base Rate (Mangshir 2074): 9.43%

Interest Spread Rate( Mangshir 2074): 4.67%

Note: Rates of interest on deposits schemes unless otherwise mentioned herein above, will remain the same. Customers/Prospective Clients are advised to visit our bank's branch or our official website www.nepalsbi.com.np for specific features, conditions, interest rates of deposit products/schemes.



Vacancy Notice

LITS College Butwal is looking for few personnel. Who are dedicated and Interested in teaching for full time in contact basis

| S.N | Minimum qualification |
|---|---|
| 1 | B. Pharma |
| 2 | H.A |

# last date for application: 2074/09/28(12 Jan 2018)
# related Council Registration compulsory.
# Only Short listed candidate will be notify for interview.

Contact
Lumbini institute of technical sciences (LITS College)
(Affiliated to CTEVT )
Butwal-8, Rupandehi
e-mail: litscollegebutwal@gmail.com
Phone: 9857034843



PISCO पायोनियर बचत तथा ऋण सहकारी लिमिटेड

१८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति २०७४।०८।१४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको १८औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा तपशिल बमोजिमका प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले अनिवार्य उपस्थितिको लागि सबै शेयरधनी सदस्यहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७४ पौष २९ गते, शनिबार**
**समय : बिहान ०९:०० बजे**
**स्थान : रियल बैंक्वेट, वाफल काठमाडौं**

**प्रस्तावहरू:**

१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन ०७३/०७४ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ को आर्थिक प्रतिवेदन पारित गर्ने ।
३. आ.व २०७३/०७४ लेखा समितिको प्रतिवेदन पारित गर्ने ।
४. आ.व २०७४/७५ को लागि लेखा परिक्षकको को नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
५. सञ्चालक समितिद्वारा प्रस्तावित आ.व. २०७४/०७५ को बजेट पारित गर्ने ।
६. उपाध्यक्ष पदबाट दिएको राजिनामा सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका बन्द गर्न सञ्चालक समिति र शेयरधनी सदस्य छनौट गर्ने ।
८. विविध

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**


# ऊर्जाको विकासमा सरकार र निजी क्षेत्र एकजुट हुनुपर्छ : राष्ट्रपति




**नेपाल समाचारपत्र**
काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालमा ऊर्जाको विकास अपेक्षित रूपमा नभएको बताउनुभएको छ। राजधानीको भृकुटीमण्डपमा हिमालयन हाइड्रो एक्स्पो-२०१८ उद्घाटन गर्दै उहाँले सो कुरा बताउनु भएको हो।

राष्ट्रपति भण्डारीले मुलुकमा ऊर्जाको विकास नहुँदा समग्र विकास पनि अपेक्षित हुन नसकेको बताउनुभयो। विगत १ सय ७ वर्षमा नेपालमा ९ सय मेगावाट विद्युत्मात्रै उत्पादन भएको बताउँदै राष्ट्रपति भण्डारीले सरकार र निजी क्षेत्र एक भएर जलविद्युत्मा लगानी गर्नुपर्ने बताउनुभयो।

राष्ट्रपतिले पर्याप्त जलस्रोतको अधिकतम् सदुपयोग गर्दै ऊर्जा विकासमा लाग्न सरकार तथा सम्बद्ध पक्षसँग आह्वान गर्नुभयो। हाइड्रो एक्स्पोले ऊर्जा विकासका लागि सहजीकरण गर्ने मार्ग पहिचान गरी समस्या समाधानमा योगदान पुग्ने राष्ट्रपतिको अपेक्षा छ।

त्यस्तै उक्त कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले मुलुकको विकासको सूचक ऊर्जा खपत भए पनि अवस्था निराशाजनक भएको बताउनुभयो। मुलुकमा जलविद्युत्को विकासमा बाधक बनेको प्रशासनिक र कानुनी प्रक्रिया सहज बनाउन उनले सरकारसँग आग्रह गर्नुभयो। नवीकरणीय ऊर्जाको विकासलाई उत्तिकै प्राथमिकतामा राख्नुपर्ने बताउँदै राणाले निजी क्षेत्र पनि जलविद्युत् विकासमा प्रतिबद्ध रहेको बताउनुभएको थियो।

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले देशमा अधिक मात्रामा रोजगारी सिर्जना गर्न ऊर्जा विकासलाई पहिलो प्राथमिकता दिनुपर्ने बताउनुभयो। ऊर्जा विकासबाट तीव्र औद्योगिकरण गरी विश्वमा उदाहरण प्रस्तुत गर्न सकिने उहाँको भनाइ थियो।

हाइड्रो एक्स्पो स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसको आयोजनामा शुरु भएको हो। कार्यक्रममा इपान अध्यक्ष शैलेन्द्र गुरागाईंले राजनीतिक दल, सरकार र सम्बन्धित पक्षले ऊर्जा विकासमा लाग्नुपर्ने बताउनुभयो।

ऊर्जा विकासमा प्रयोग हुने प्रविधि दशकौं पुरानो हुनुले लागत धेरै हुने तथा नतिजा राम्रो नआउने गरेको इपान अध्यक्ष गुरागाईंको भनाइ छ। अन्तर्राष्ट्रिय बजारमा प्रचलनमा रहेका आधुनिक प्रविधिलाई नेपालमा भित्र्याउनका लागि हाइड्रो एक्स्पोको आयोजना गरिएको उहाँको भनाइ छ। एक्स्पोले विभिन्न मुलुकसँग ऊर्जा उत्पादनका नयाँ प्रविधिको ज्ञान लिने अवसर सिर्जना गर्दै ऊर्जा विकासमा महत्वपुर्ण योगदान पुग्ने उहाँले बताउनुभयो।

पुस २१ गतेदेखि २३ गते सम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन हुने हाइड्रो एक्स्पोमा हाइड्रो पावर निर्माता, हाइड्रो पावरका सामान उत्पादक, सप्लायर्स, डिजाइनर्स, कन्सलट्यान्ट, इन्स्योरेन्स कम्पनी, लगानीकर्ता र बैंक/वित्त कम्पनीलगायत झण्डै १ सयवटा भन्दा बढी स्टल रहेका छन्। जसमध्ये ५० प्रतिशत स्टल विदेशी कम्पनीको छ।

एक्स्पोमा चीन, भारत, नर्वे, दक्षिण कोरिया, जर्मनी, अस्ट्रिया, बुल्गेरिया, चेक रिपब्लिक, इटाली, स्वीडेन, बेलायत, ब्राजिललगायत मुलुकका कम्पनी तथा सरोकारवालाको रहेको सहभागिता छ।

७ वर्षमा १७ हजार मेगावाट विद्युत् उत्पादन गर्ने नेपाल सरकारको लक्ष्यलाई यो मेलाले विशेष सहयोग पुऱ्याउने एक्स्पोको आयोजक एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेजका प्रबन्ध निर्देशक विजय सागर प्रधानले बताउनुभयो। सबै नेपाली एकभएर जुटेको खण्डमा कम लागतमा अधिक ऊर्जा उत्पादन सम्भव रहेको उहाँको भनाइ छ। एक्स्पो अवधिमा हाइड्रो टनेलिङ, बैंकिङ तथा इन्स्योरेन्स, हाइड्रोपावरका मुख्य विषयमा सेमिनार सञ्चालन हुनेछन्।

एक्स्पोलाई राष्ट्रिय योजना आयोग, ऊर्जा मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालयको संरक्षकत्व रहेको छ भने नेपाल विद्युत् प्राधिकरण, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल बैंकर्स एसोसिएसन, युथ कम्युनिटी फर नेपलिज कन्ट्राक्टर्सले सहयोग गरेका छन्।

# जलविद्युत् आयोजनमा तोडफोड

काठमाडौं, (नेस)

स्थानीयबासीको माग पूरा नगरेको भन्दै लमजुङको मिदिमखोला जलविद्युत् आयोजनाको कार्यालय तथा कर्मचारी आवास तोडफोड गरिएको छ। लमजुङको मध्यनेपाल नगरपालिका-८ स्थित पतरीमा निर्माण गरिएको आयोजना कार्यालयमा स्थानीयले तोडफोड गरेका हुन्।

यसअघि स्थानीयले आयोजनाले आफ्ना विभिन्न माग पूरा नगरेको भन्दै मंगलबारदेखि जलविद्युत् आयोजनाको विद्युत् उत्पादन बन्द गराएका थिए। आयोजनाको बाँध निर्माणका क्रममा भत्किएका पाटीको निर्माण गरिदिनुपर्ने, बाँध क्षेत्रस्थित लाङ्दीदेवीको मन्दिर जाने पुल निर्माण गरिदिनुपर्ने र गाउँसम्म पुग्ने मोटरबाटो निर्माण लगायतका माग स्थानीयको छ।

केही दिनअघि स्थानीयले बाँधक्षेत्रमा रहेका हेडवर्क्सको प्यानलबोर्ड पनि तोडफोड गरेका थिए। बिहीबार साँझ २०/२५ वटा मोटरसाइकलमा आएका ३०/३५ जनाले अन्धाधुन्ध ढुंगा, ब्लक, मुढा लगायतको प्रहारले जलविद्युत्को आवास गृहका ४ वटा कोठा र कार्यालयका २ वटा कोठा तोडफोड गरेका कर्मचारीलाई उदृत गर्दै प्रहरीले जनाएको छ।

कुल ३ मेगावाट उत्पादन क्षमता भएको मिदिमखोलामा निर्माण गरिएको मिदिमखोला (करापु) जलविद्युत् आयोजनाको कार्यालय र आवासगृह स्थानीयको धम्कीका कारण कर्मचारी बिहीबार आवासगृह छोडेर अन्यत्र गई रात बिताएका थिए। अन्धाधुन्ध प्रहारबाट प्रिफ्याबबाट निर्मित आयोजनाको आवास गृह र कार्यालयको पर्खाल, ढोका, झ्याल साथै भित्रका कम्प्युटर, दराज लगायतका सामग्रीमा क्षति पुगेको एक कर्मचारीले बताए। उनका अनुसार ग्यारेजमा राखिएको बा १३ ज २४६३ नम्बरको आयोजनाको पिकअप जीपमा पनि तोडफोड गरिएको छ। 'बिहीबार दिउँसो हामीलाई यहाँ नबस्न धम्की दिइएको थियो। अझै पनि नबस्न धम्की दिइरहेका छन्।' ती कर्मचारीले भने। आयोजनाले समयमै प्रहरीलाई खबर गरेको भए पनि प्रहरीको ढिलाइले बढी क्षति भएको उनको दावी छ।

स्थानीयले आयोजनको बाँधको गेट खोलेर पानीलाई खोलातर्फ फर्काएर विद्युत् उत्पादन बन्द गराएका थिए। आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीका अनुसार पानी बन्द भएपछि घुमिरहेको मेसिन एक्कासी रोकिनाले टर्बाइन नम्बर २ मात्र क्षति पुग्गेको थियो। यसबाट आयोजनालाई २० लाख रुपियाँ बराबरको क्षति भएको उहाँको दाबी छ। उहाँका अनुसार स्थानीयले २ करोड २५ लाख रुपियाँ बराबरको योजना माग गरेका छन्।

# महोत्सवमा कृषि, पर्यटन र जडिबुटीलाई प्राथमिकता

**प्रताप बानियाँ, म्याग्दी**

म्याग्दीको सदरमुकाम बेनीमा सञ्चालन हुन गैरहेको महोत्सवमा जिल्लामा उत्पादित कृषि उपज, पर्यटन र जडिबुटीलाई मुख्य प्राथमिकता दिइने भएको छ। 'छैटौं म्याग्दी महोत्सव तथा माघेसङ्क्रान्ति मेला' एवम् '४ नम्बर प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक व्यापार मेला'मा पर्यटन, स्थानीय कृषि तथा जडिबुटीको प्रवर्द्धन गर्न लागिएको हो।

'उद्योग, व्यापार र कलाको विकास गरौं, संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरौं' भन्ने मूल नारासहित म्याग्दी उद्योग वाणिज्य संघको आयोजनामा छैटौं चरणको म्याग्दी महोत्सव आयोजना हुन लागेको हो। यही पुस २८ गतेदेखि माघ ७ गतेसम्म सञ्चालन हुने महोत्सवमा जिल्लाको कृषि उपज, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार र म्याग्दीमा रहेको जडिबुटीको प्रवर्द्धनका लागि जोड दिइने म्याग्दी उद्योग वाणिज्य संघले जनाएको छ।

महोत्सवमा जिल्लामा उत्पादन हुँदै आइरहेको लोकल जातका स्थानीय उत्पादनलाई प्रचारप्रसार, प्रदर्शनी र बिक्री वितरण गरिने भएको छ। जिल्ला वन कार्यालयसँगको समन्वयमा जिल्लाको विभिन्न सामुदायिक वन तथा धौलागिरि हिमालय क्षेत्रमा पाइने स्वास्थ्यवर्द्धक एवम् बहुमुल्य जडिबुटीको पनि प्रदर्शनी गरिने म्याग्दी उद्योग वाणिज्य संघका महासचिव लिलाराम गौतमले जानकारी दिनुभयो।

महोत्सवमा जिल्लाको पर्यटन प्रवर्द्धन गर्न स्थानीयस्तरमा हुने उत्पादन प्राथमिकतामा राखी बिक्री वितरण र प्रदर्शनी गरिने म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष एवम् महोत्सव मूल संयोजक उत्तमकुमार कर्माचार्यले बताउनुभयो। म्याग्दी जिल्ला प्राकृतिक सम्पदा, धार्मिक एवं पर्यटकीय सम्भावना बोकेको हुँदा महोत्सवमा ऐतिहासिक, धार्मिक र पर्यटकीय एवं रमणीयस्थलको प्रचारप्रसार गर्ने तथा र्‍याफ्टिङ सञ्चालन गरिने अध्यक्ष कर्माचार्यले बताउनुभयो।

महोत्सवमा जिल्ला कृषि विकास कार्यालयसँगको सहकार्यमा व्यावसायिक माछापालनको प्रदर्शनी पनि गरिने छ भने धार्मिक र पर्यटकीय क्षेत्रको फोटो प्रदर्शनी हुनेछ।

महोत्सवस्थलमा १ सय ८० वटा विभिन्न व्यापारिक स्टल रहनेछन्। १० दिनसम्म चल्ने महोत्सवमा १ लाख ५० हजार आन्तरिक तथा बाह्य पर्यटकलाई म्याग्दी जिल्लामा भित्र्याउने लक्ष्य राखिएको छ भने करिब ६ करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ। महोत्सवमा विभिन्न प्रतियोगिता, झाँकी एवं भेषभूषा प्रर्दशनी, सांगितिक तथा सास्कृतिक प्रदर्शन र प्रस्तुतीलगायत आयेजना हुनेछन्।

# खानेपानीको अभावमा होटल व्यवसाय संकटमा

**विनोद सिंह विष्ट, बैतडी**

खानेपानीको अभावमा बैतडीमा होटल व्यवसायी संकटमा परेका छन्। महाकाली राजमार्ग र दशरथचन्द राजमार्गको मुख्य व्यापारिक केन्द्रका रूपमा परिचित सतबाँझ बजारमा पानीको अभाव हुन थालेको हो।

२०६७ सालमा निर्माण सम्पन्न भएको खानेपानी आयोजना १ वर्ष पनि नबित्दै बिग्रिएपछि पानीको हाहाकार भएको हो। योजना बनेका वर्ष दिनमै बिग्रिएपछि सतबाँझमा रहेका १ दर्जनभन्दा बढी होटल तथा २ दर्जनभन्दा बढी घरपरिवार समस्यामा परेका हुन्।

बैतडी दार्चुलाको मुख्य व्यापारिक केन्द्र रहेको सुर्नया गाउँपालिकाको सतबाँझ बजारमा दिनहुँ दजर्नौ सवारी साधन र सयौं यात्रु आवतजावत गर्ने भएपनि खानेपानीको अभावका कारण होटल व्यवसायीले सास्ती खेप्दै आएका छन्। खानेपानीको अभाव हुँदा केही स्थानीय व्यवसायी पलायन हुन थालेका छन् भने केही गाडीमा अन्यत्रबाट पानी ल्याएर व्यवसाय गर्न बाध्य भएको होटल सञ्चालकहरूको भनाइ छ।

१० वर्षदेखि होटेल सञ्चालन गर्दै आउनुभएका स्थानीइ होटल सञ्चालक भानसिंह बोहरा पानीकै समस्याले विस्थापित हुनुपर्ने अवस्था आएको बताउनुहुन्छ। पानी अभावमा होटल मात्र नभएर यात्रुले पनि उत्तिकै सास्ती खेप्दै आएको उहाँ बताउनुहुन्छ। अहिले होटेल व्यवसायीले चर्को मुल्य तिरेर गाडी तथा भरीयाबाट पानी बोक्न बाध्य भएका छन्। बोहोराले भन्नुभयो- 'पानी बोक्नकै लागि १ जना भरिया राखेका छौं, पिउने पानी नै अभाव हुन थालेपछि होटलमा ग्राहक पनि राख्न छाडेका छौं।'

सतबाँझमा बजारमा हिउँदमा मात्रै नभएर बाह्रै महिना पानीको अभावमा रहने गरेको छ। गाडीबाट पानी ल्याउँदा ७ किलोमिटर टाढा सितुनवाट ल्यानुपर्ने र भरियालाई २ घण्टा टाढा चिल्लेपानीबाट पानी बोकाउनुपर्ने बाध्यता रहेको अर्का होटेलका सञ्चालक दीपेन्द्र पाण्डेयले बताउनुभयो। बोकेर ल्याएको पानीको प्रतिलिटर २ रुपियाँसम्म पर्ने गरेको छ। उहाँले भन्नुभयो-'किनेको उक्त पानीलाई ४/५ दिनसम्म पनि राख्ने गरेका छौं।' जसले गर्दा विभिन्न रोग संक्रमणको जोखिम बढेको उहाँ बताउनुहन्छ। होटल सञ्चालन गरे पनि ग्राहकले मागेजती पानी दिन नसक्ने गुनासो उहाँको छ। पानीकै अभावमा राजमार्गमा चल्ने गाडी पनि जिल्लाका अन्य बजारमा गएर रोक्ने गरेका छन्।



एसियाली विकास बैंकको सहयोगमा सामुदायिक खानेपानीले सतबाँझमा २०६७ सालमा बैतडी जिल्लामै पहिलो पटक पम्प प्रणालीबाट खानेपानी आयोजना सञ्चालनमा आएको थियो। लाखौं रुपियाँ खर्च गरेर २५ केभी क्षमताको मोटर लगाएर ८ सय मिटर तल कटमोली खोलाबाट पम्पिङ गरेर ल्याएको उक्त आयोजना एक वर्ष नबित्दै बिग्रिएको थियो। आर्थिक स्रोत नहुँदा बिग्रिएको ६ वर्ष वित्दा पनि मर्मत गर्न नसकिएको उपभोक्ता समितिले जनाएको छ।

सतबाँझ बजारमा पानी समस्या रहेको बताउँदै समाधानका लागि वडा तथा गाउँपालिकावाट सक्दो सहयोग गरिने वडा अध्यक्ष हर्कबहादुर पाण्डेयको भनाइ छ। पानीको अभाव हुनु दु:खको कुरा रहेको बताउँदै उहाँले बनाएका योजनाको संरक्षण तथा मर्मत गर्न नसक्दा नसक्दा यस्तो समस्या आएको दाबी गर्नुभयो। बैतडीको सतबाँझ बजारमा मात्रै नभएर जिल्लाका अन्य बजार तथा बस्तीमा पनि खानेपानीको समस्या व्यापक रहेको छ। जिल्लाको दोगडाकेदार, पाटन, मेलौली लगायतका क्षेत्रमा पनि हिउँद शुरु भएसँगै खानेपानीको समस्या बढेको छ।

२०७४, पुस
शनिबार
२२

धनगढीमाई नगरपालिकाको प्रवक्ता प्रकाश योञ्जनका अनुसार नगरपालिकाको आन्तरिक आय १ करोड ९६ लाख ४८ हजार ८ सय ७५ रुपियाँ हुने अनुमान गरिएको छ। त्यस्तै नगरपालिकाले सरकारबाट प्राप्त वित्तीय सामान्यीकरण अनुदानबाट २५ करोड ९६ लाख ६४ हजार रुपियाँ, सशर्त अनुदान ८ करोड ८५ लाख ८० हजार रुपियाँ प्राप्त गर्नेछ।

# अर्थ

## विश्व बजार

### अनलाइनबाट दाजुभाइ अर्बपति



काठमाडौं, (नेस)

सानै उमेरमा आफ्नै क्षमताले अर्बपति बन्ने व्यक्ति संसारमा कमै छन्। अधिकांश युवाका लागि यो उमेरमा पढाइमा व्यस्त हुने रहँदा आयरल्यान्डका एक दाजुभाई भने फोर्ब्स पत्रिकाका अर्बपतिको सूचीमा अटाएका छन्। सानो उमरमै अर्बपतिको सूचीमा अटाएका अर्बपति हुन् आयरल्यान्डका २७ वर्षिय जोन कोलिसन र २९ वर्षिय उनका दाजु प्याटिक कोलिसन।

कोलिसन ब्रदर्स पैतृक सम्पत्तिले अर्बपति बनेका युवा होइनन्। उनीहरूले आफ्नै मेहेनतले यो सफलता चुमेका हुन्। अर्बपतिको नाम सार्वजनिक गर्ने फोर्ब्स पत्रिकाले उनीहरूलाई 'युथ सेल्फ मेड बिलिनियर' २०१७ को सूचीमा राखेको छ।

> पहिलो बिजेनस 'अक्टोमेटिक' साना कम्पनी र कारोबारीलाई वेब पोर्टल अमेजन र ईबिमा सामान कारोबारका लागि सहयोग गर्दथ्यो। अक्टोमेटिक सन् २००८ मा ५० लाख डलरमा बिक्री भएको थियो र त्यसपछि दुवै भाईले पुरा ध्यान स्ट्राइपमा लगाएका थिए।

यो उमेर कतिपयका लागि अध्ययन सकेर जागिरको सुरसार गर्ने समय हो भने कोही आफ्नै लगानीमा व्यवसाय शुरु गर्न तयारी गर्छन्। तर, उनीहरू अहिले नै एक्कासी अर्बपति भने बनेका होइनन्। उनीहरूले सन् २००८ भन्दा पहिलेदेखि नै 'अक्टोमेटिक' नाम गरेको कम्पनी सञ्चालन गर्थे। दाजुभाईको दक्षिण अफ्रिका भ्रमणका बेला प्राप्त गरेक 'आइडिया' उनीहरू मिलेर उक्त अक्टोमेटिक कम्पनी 'स्टार्टअप' गर्नमा प्रयोग गरेका थिए। सो 'अक्टोमेटिक' कम्पनी उनीहरूले सन् २००८ मा ५ मिलियन अमेरिकी डलरमा बिक्री गरिदिए। यस अर्थमा उनीहरू १९ र २१ वर्षको उमेरमै करोडपति भइसकेका थिए।

अहिले उनीहरू अनलाइन पेमेन्ट कम्पनी सञ्चालक हुन्। उनको कम्पनीको नाम 'स्ट्रिप' हो। यस कम्पनीको स्थापना कोलिसन दाजुभाईले सन् २०१० मा स्थापना गरेका थिए। उनीहरूको यो कम्पनीले ७ वर्षमा हिँड्दै गर्दा १ लाखभन्दा बढी कम्पनीलाई सेवा दिइरहेको छ। हाल जोन र प्याट्रिकको कम्पनी स्ट्रिपमा साढे ७ सय व्यक्तिले रोजगारी पाएका छन् जसमध्ये ५ सय सान फ्रान्सिस्कोमा र अन्य १ सय ५० जना विश्वको अन्य विभिन्न स्थानबाट काम गरिरहेका छन्। उनीहरूको कम्पनीको कारोबार २५ देशमा फैलिएको छ। अहिले उनीहरूको कम्पनीको मूल्यको हिसाब नेपालीमा निकाल्दा लगभग १० खर्ब रुपियाँ बराबरको मूल्यांकन हुन्छ।

जोन अहिले स्ट्रिपको संस्थापक तथा अध्यक्ष हुन् भने प्याट्रिक प्रमुख कार्यकारी अधिकृत हुन्। कोलिसन दाजुभाईलाई वस्तु तथा सेवा खरिदमा गरिने पेमन्टको माध्यम नै बदलिदिए। उनीहरूको कम्पनी स्ट्राइप कम्पनीले वेबसाइट सञ्चालन गर्ने तथा २५ देशका व्यापारीलाई इन्टरनेटको माध्यमबाट अर्बौं रकम प्राप्त तथा ट्रान्सफर गर्न सहयोग गर्दछ।

दाजुभाइको सम्पत्तिको हिसाब गर्दा प्याट्रिक कोलिसन १ अर्ब डलर बराबरको सम्पत्तिका मलिक हुन्। ८ वर्षको उमेरदेखि कम्प्युटर शिक्षा लिएर १० वर्षको उमेरदेखि प्रोग्रामिङ शुरू गरेका प्याट्रिक हाल सानफ्रान्सिस्कोमा बस्छन्। त्यस्तै १ अर्ब डलर सम्पत्ति भएका जोन हाल सिलिकन भ्यालीमा बस्छन्। हावर्ड विश्वविद्यालयबाट पढाई सकेका जोन कुसल पियानो वादक र पाइलट पनि हुन्।

**कसरी बने अर्बपति ?**

जोन र प्याट्रिक आयरल्यान्डको एउटा सानो गाउँमा हुर्किएका हुन्। दुवैभाई सानै उमेरदेखि नै कम्प्युटर प्रोग्रामिङमा रुची राख्ने गर्दथे। स्कूलको पढाई सकाएर दुवैले अमेरिकाका ठूला कलेजमा पढ्ने निर्णय गरेका थिए। अमेरिकामा उनीहरू कसैलाई चिन्दैन थिए। तर, यसको बाबजुत पनि प्याट्रिकले सन् २००७ मा म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोजोली (एमआईटी)मा भर्ना पाए। दुई वर्षपछि जोन पनि हार्वर्ड विश्वविद्यालय पुगे।

उनीहरूको पहिलो बिजेनस 'अक्टोमेटिक' साना कम्पनी र कारोबारीलाई वेब पोर्टल अमेजन र ईबेमा सामान कारोबारका लागि सहयोग गर्दथ्यो। अक्टोमेटिक सन् २००८ मा ५० लाख डलरमा बिक्री भएको थियो र त्यसपछि दुवै भाईले पुरा ध्यान स्ट्राइपमा लगाएका थिए। पढाईका बीचमा उनीहरूले आफ्नो व्यवसायमा ध्यान दिँदै कलेज बीचमा नै छोडेका थिए र स्ट्राइप लन्च गरेका थिए।

*(विभिन्न समाचार एजेन्सीहरूको सहयोगमा)*

# लगानीकर्ताको सम्पत्ति १५ अर्बले वृद्धि

नेपाल समाचारपत्र

काठमाडौं

यस साता नेप्से परिसूचक ९ दशमलव शून्य ५ अंकले बढेको छ। यस साता १ हजार ४ सय १४ दशमलव ७८ अंकबाट शुरु भएको बजार १ हजार ४ सय २३ दशमलव ८३ बिन्दुमा पुगेर रोकिएको हो।

साताको पहिलो र चौथो दिन घटेको शेयर बजार दोस्रो दिनको उच्च सुधारले सम्हालिएको हो। परिसूचक बढ्दा पाँचै दिन कारोबार भएको बजारमा यससाता कारोबार रकम पनि बढेको छ। कारोबार रकम अघिल्लो साताभन्दा शून्य दशमलव ९१ प्रतिशत बढी छ। यस साता नेप्सेमा २ अर्ब ७० करोड ७१ लाख ३७ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। सोक्रममा नेप्सेमा १ सय ७९ कम्पनीका ६४ लाख ७९ हजार ८ सय ९० कित्ताँ शेयर किनबेच भए। सातभरि कूल २७ हजार ५ सय ८३ कारोबार भए।

अघिल्लो साता बजारमा १ सय ७४ कम्पनीका ५७ लाख २५ हजार कित्ता शेयर २ अर्ब ६८ करोड २६ लाख ४२ हजार रुपियाँमा कारोबार भएका थिए। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

परिसूचकमा गिरावट आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) १५ अर्ब रुपियाँले बढेको छ। यत साता बजार पुँजीकरण १६ खर्ब ४५ अर्ब २९ करोड रुपियाँबाट बढेर १६ खर्ब ६० अर्ब २९ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ।

नेप्से परिसूचक बढ्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा ७ दशमलव ५४ अंकले बढेर २ सय ९९ दशमलव ६६ अंकमा आइपुगेको छ।

यस साता कारोबारमा आएका १० वटामध्ये ६ वटा समूहमा सुधार आउँदा समग्र बजार परिसूचक उकालो लागेको हो। बढ्नेमा सबैभन्दा धेरै होटल समूह २८ दशमलव ९ अंकले बढ्यो। त्यस्त बैंकिङ, उत्पादनमूलक र बीमा समूह क्रमश: २६ दशमलव ३७, २१ दशमलव २४ र ९ दशमलव शून्य १ अंकले ओरालो लागे। लघुवित्त र वित्त समूह पनि क्रमश: ५ दशमलव २९ र ४ दशमलव ५४ अंकले उकालो लाग्दा अन्य चार समूहमा भने गिरावट आएको थियो। घट्नेमा अन्य समूह सर्वाधिक ५५ दशमलव ८१ अंकले घट्यो। त्यस्तै व्यापार र जलविद्युत् समूहमा क्रमश: ५दशमलव ६६ र २ दशमलव ९५ अंकको गिरावट आउँदा विकास बैंक समूहमा शून्य दशमलव ४ अंकको झिनो करेक्सन देखिएको थियो।

यस साता कारोबार रकमको आधारमा स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रस्थानमा रह्यो। बैंकको कुल १७ करोड ३८ लाख ३० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको हो। कारोबार भएको शेयर संख्याको आधारमा प्रभु बैंकले शीर्षस्थान ओगटेको छ। कारोबार रकमका आधारमा बैंक १७ करोड १२ लाख १० हजार रुपियाँसहित दोस्रो स्थानमा रह्यो। यस साता बैंकका ५ लाख ३४ हजार कित्ता शेयर कारोबार भएका थिए।

त्यसैगरी कारोबार संख्याको आधारमा पनि स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रस्थानमा रह्यो छ। बैंकका कुल २ हजार ७ सय ७५ वटा कारोबार भएका थिए। सर्वाधिक कारोबार हुने शीर्ष ५ कम्पनीमा एसियन लाइफ इन्स्योरेन्स कम्पनीका संस्थापक शेयर, एनसीसी बैंकका संस्थापक शेयर र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी पनि अटाए।

यस साता २ वटा कम्पनीका २ करोड ८६ लाखभन्दा बढी कित्ता शेयर नेप्सेमा सूचिकृत भएका छन्। तीमध्ये मेगा बैंक एक्लैको २ करोड ७९ लाख ४४ हजार २ सय ९५ कित्ता हकप्रद शेयर रहेका छन् भने मेरो माइक्रोफाइनान्स वित्तीय संस्थाको पनि ६ लाख ६० कित्ता बोनस शेयर नेप्सेमा सूचीकृत भए।

## 'तीनखम्बे अर्थनीति कागजमा मात्र सीमित'

काठमाडौं, (नेस)

पूर्वउपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारीले सहकारी ऐन २०७४ मा छुटेका र नमिलेका नीतिगत कुरालाई सुधार गरेर नियमावलीमा समेट्नुपर्ने बताउनुभएको छ। सहकारी संघसंस्था सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धन राष्ट्रिय कार्यशाला गोष्ठी उद्घाटन गर्दै अधिकारीले सार्वजनिक, निजी र सहकारीको प्रभावकारी तथा परिणाममुखी सहयात्रा र सहकार्य जरुरी रहेको बताउनुभएको हो।

कार्यक्रममा बाल्दै अधिकारीले भन्नभयो- 'तीनखम्बे अर्थनीति कागजमामात्र सीमित रहेको छ। सहकारीले धेरै कार्य गर्न सक्ने भए पनि राज्यले सम्बोधन गर्न सकेको छैन।' कार्यक्रमा सहकारी फस्टाएको स्थानमा गरिबी न्यून रहेको सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपीनाथ मैनालीले बताउनुभयो

त्यस्तै पूर्वगर्भनर डा. युवराज खतिवडाले सहकारी ऐन २०७४ मा सुधार गर्न आवश्यक रहेको औल्याउनुभयो। 'सहकारीले दिगो विकास लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले सहकारीलाई अप्ठ्यारोमा पार्ने कानुन बन्नु हुँदैन।' खतिवडाले बताउनुभयो

दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीको रणनीति योजना तर्जुमा गर्ने तथा साझा प्रतिबद्धता घोषणा गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशब बडालले बताउनुभयो।

## धनगढीमाई नगरपालिकाको बजेट ४६ करोड

सिरहा, (नेस)

सिरहाको धनगढीमाई नगरपालिकाको प्रथम नगरसभा सम्पन्न भएको छ। 'कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, सञ्चार र पूर्वाधार, धनगढीमाई नगरपालिकोको समृद्धिको मूल आधार' भन्ने मूल नाराका साथ सम्पन्न नगरसभाले नगरपालिकाको बजेट ४६ करोड ३४ लाख ८८ हजार १ सय ५१ रुपियाँ बजेट निर्धारण गरेको हो।

नगरसभाले आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रममार्फत् नगरपालिकाको विकास र समृद्धिका लागि दूरगामी सकारात्मक प्रभाव पर्ने विभिन्न ऐन कानून तथा प्रस्ताव र भौतिक विकास निर्माणको लागि महत्वपूर्ण निर्णय गरेको छ। जिल्लाका १७ स्थानीय तहमध्ये नगरसभा गर्ने धनगढीमाई पहिलो स्थानीय तह हो।

## गिट्टी बालुवा नहुँदा आयोजना अलपत्र

नेपाल समाचारपत्र

पर्वत

पर्याप्त मात्रामा गिट्टी बालुवा नहुँदा यस क्षेत्रमा निर्माणाधीन राष्ट्रिय महत्त्वका सडक आयोजना र जलविद्युत् आयोजनाको निर्माण कार्य प्रभावित भएको छ।

नदीबाट पर्याप्त मात्रामा ढुंगा, गिटी र बालुवा उत्खनन गर्न नपाएको भन्दै क्रसर व्यवसायीले निर्माण सामग्री आपूर्ति नगर्दा आयोजनाको निर्माण कार्य सुस्त बनेको हो।

यस क्षेत्रमा मध्यपहाडी लोकमार्ग, उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोर, मध्य मोदी, तल्लो मोदी, राहुघाटलगायतका जलविद्युत् आयोजना र कालीगण्डकी प्रसारण करिडोर जस्ता राष्ट्रिय महत्त्वका योजना निर्माण भइरहेका छन्। कालीगण्डकी र मोदीखोलामा स्काभेटर प्रयोग गरी पर्याप्त मात्रा निर्माण सामग्री उत्खनन गर्न नसकेको भन्दै स्थानीय क्रसर व्यवसायीले निर्माण सामग्री आपूर्ति गर्न छाडेका छन्। यसले गर्दा निर्माण कार्य सुस्त बनेको निर्माण कम्पनीले गुनासो गरेका छन्। 'भनेको समयमा बालुवा र गिट्टी पाउनै सकिँदैन' कालीगण्डकी करिडोरमा मोटरेबल पुल निर्माण गरिरहेको मुक्तिनाथ निर्माण सेवाका प्रोपाइटर ओम गौचन भन्नुहुन्छ-'पुल ढलानका लागि बालुवा र गिट्टी नपाएपछि सोचेअनुसार काम गर्न नै सकिएको छैन,' उहाँले निर्माण सामग्री पर्याप्त मात्रामा नहुँदा सोचे भन्दा एक वर्ष ढिलो निर्माण सक्न पनि कठिन हुने गुनासो गरे।

पर्वतमा सञ्चालित क्रसर उद्योगले नियमति रूपमा सामग्री दिन नसकेपछि निर्माणको अन्तिम चरणमा रहेको २० मेगावाट क्षमताको तल्लो मोदीखोला जलबिद्युत आयोजनाको सुरुङ निर्माण कार्य प्रभावित भएको छ। आयोजनाको सुरुङमा कंक्रिटिङ गर्नका लागि बालुवा र गिट्टी नपाउँदा निर्माण कार्य पूर्णरूपमा प्रभावित भएको हो। आयोजनाको सुरुङ निर्माण कार्य गरिरहेको साउथ एसियन इन्फ्रास्टक्चर कम्पनी लिमिटेडले दिएको जानकारीअनुसार पर्याप्त मात्रामा बालुवा र गिट्टी उपलब्ध हुन नसकेकाले निर्माण कार्य पूरै प्रभावित भएको छ।

'सुरुङ खनेपछि त्यसमा बालुवा र गिट्टीको मिश्रणले कंक्रिटिङ गर्नुपर्ने हुन्छ' कम्पनीका प्रोजेक्ट म्यानेजर ध्रुब मिश्रले भन्नुभयो-'बालुवा र गिट्टी नपाउँदा काम सहजरूपमा गर्न सकेका छैनौं।' यसैगरी मध्य पहाडी राजमार्गअन्तर्गत पोखरा - बागलुङ राजमार्गको स्तरोन्नतीको काम समेत प्रभावित भएको छ। पोखरादेखि पर्वतको मालढुंगासम्म चार खण्डमा स्तरोन्नतीको काम समेत प्रभावित भएको छ।

## PRESS RELEASE

### युनियन इन्स्योरेन्सको आईपीओ बिक्री प्रबन्धकमा एसबीआई मर्चेन्ट



काठमाडौं, (नेस)

युनियन लाइफ इन्स्योरेन्स कम्पनीले साधारण शेयर (आईपीओ) निष्कासन गर्ने भएको छ।

कम्पनीले शेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेडलाई नियुक्त गरेको छ। सो सम्बन्धी सम्झौतामा बिहीबार इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत मनोजकुमार लाल कर्ण र मर्चेन्ट बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले हस्ताक्षर गर्नुभयो।

कम्पनीले १ सय रुपियाँ अंकित मूल्यका ६४ करोड ५० लाख रुपियाँ बराबरको ६४ लाख ५० हजार कित्ता आईपीओ निष्कासन गर्न लागेको हो।

### एनसेल मेला शनिबार बुटवलमा




काठमाडौं, (नेस)

एनसेल मेला २०७४ शनिबार बुटवलको दीपनगरस्थित सिद्धेश्वरी मैदानमा आयोजना हुँदैछ। आफ्ना ग्राहक तथा शुभचिन्तकसँग थप नजिक भई खुसीयाली साटासाट गर्न र द्रुत गतिको मोबाइल ब्रोडब्यान्ड सेवा लङ टर्म इभोलुसन 'फोरजी'को अनुभव प्रदान गर्न मेला आयोजना गरिएको एनसेलले जनाएको छ।

नि:शुल्क प्रवेश गर्न पाइने मेलामा गीत संगीतलगायत विविध मनोरञ्जनात्मक कार्यक्रम समावेश गरिएको छ। बिहान ११ बजे सुरु भई कन्सर्टसहित साँझ साढे ६ बजेसम्म चल्ने मेलामा चर्चित कलाकारहरू शिव परियार, इन्दिरा जोशी, आशिश राना (लाउरे), चर्चित सांगीतिक समूह कबवेभ र स्याडोजले दर्शकलाई प्रस्तुतिमार्फत् मनोरञ्जन प्रदान गर्नेछन्।

सबै उमेर समूहका दर्शकलक्षित मेलामा ससाना बालबालिकाको गायन प्रतिभा उजागर गर्न 'जुनियर सिङिङ आइडल', ट्राम्पोलिन, गो कार्ट, टेम्पोररी ट्याटु, डिस्नी प्रिन्सेस् क्यासल र क्यारेक्टरलगायत विविध कार्यक्रम राखिएको छ। मेलाको अन्य आकर्षणमा जादु, किडस् जोन र फुड स्टल पनि रहेनछन्। त्यसैगरी, फोरजी थिममा आधारित पेपर प्लेन थ्रो, मिनीगल्फ, फ्रगजम्प र कार रेस जस्ता खेल, फेसबुक ट्यागिङ कन्टेस्ट, ब्लाइन्ड मेकअप, युनिकर्न रिङ टस जस्ता खेल पनि रहनेछन्। यसका साथै रोडिज्का विजेता समन श्रेष्ठ र उपविजेता अनिमेस शाहीको सहभागीताले मेलाको आकर्षण थप बढाउने आयोजकले जनाएको छ।

### ग्लोबल आईएमईको वार्षिकोत्सवमा विविध कार्यक्रम

काठमाडौं, (नेस)




ग्लोबल आईएमई बैंकले आफ्नो ११औं वार्षिकोत्सवको अवसरमा रक्तदान तथा नि:शुल्क मधुमेह परिक्षण कार्यक्रमको सम्पन्न गरेको छ। ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याललाई बल्ड ब्याग हस्तान्तरण गरी उक्त रक्तदान तथा नि:शुल्क मधुमेह परीक्षण कार्यक्रमको शुरुवात गर्नुभएको हो। 'रक्तदान नै जीवन दान' हो भन्ने मुल नाराका साथ पुस २१ गते बैंकको कान्तिपथ शाखामा आयोजना गरिएको रक्तदान तथा निशुल्क मधुमेह परिक्षण कार्यक्रममा बैंकका कर्मचारी तथा ग्राहकको सहभागिता रहेको थियो। मुलुकमा देखिएको रगत अभावलाई ध्यानमा राखेर रक्तदान कार्यक्रमको आयोजना गरिएको बैंकले जनाएको छ।

२०६३ पुस १८ गतेबाट सञ्चालनमा आएको ग्लोबल आईएमई बैंकले स्थापनाको छोटो अवधिमै अलग पहिचान बनाउन सफल भएको बैंकको दाबी छ। स्थापनाको एक दशकमा ग्लोबल आईएमई 'बैंक अफ द इयर' तथा 'बेस्ट इन्टरनेट बैंकिङ' अवार्डबाट सम्मानित भइसकेको छ। १ सय १३ शाखा, १ सय २७ एटीएम, ४ वटा एक्टेन्सन काउन्टर तथा ५८ शाखारहित बैंकिङ सेवा रहेको ग्लोबल आईएमई बैंकले ८ लाखभन्दा बढी ग्राहकलाई सेवा दिँदै आइरहेको छ। बैंकले अत्याधुनिक प्रविधियुक्त मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवाको साथमा संयुक्त अधिराज्य, अस्ट्रेलिया, मलेसिया, भारत, दक्षिण कोरिया, जापान, कतार, युएई, बहराइनलगायतका मुलुकबाट रेमिट्यान्स सेवा समेत प्रदान गर्दै आइरहेको छ।

### भायनेटको सेवा अब वीरगञ्जमा

काठमाडौं, (नेस)

इन्टरनेट सर्भिस प्रोभाइडर भायनेट कम्युनिकेसन्सले वीरगन्जमा आफ्नो सेवा विस्तार गरेको छ। नेपालको पहिलो 'फाइबर टु द होम' सेवा प्रदायक कम्पनीले वीरगन्जको घण्टाघरमा अवस्थित भायनेटको अफिसमार्फत् सेवा र सुविधाबारे जानकारी प्राप्त गर्ने व्यवस्था मिलाएको हो।

vianet
Make the right connection.

भायनेटको सेवा सहज, सरल र सस्तो रहेको कम्पनीले जनाएको छ। भायनेटले प्रतिमहिना ८ सय ९९ रुपियाँमा १२ एमबीपीएस, ९ सय ९९ रुपियाँमा १८ एमबीपीएस, १ हजार ९९ रुपियाँमा ३० एमबीपीएस र १ हजार १ सय ९९ रुपियाँमा ६० एमबीपीएसको इन्टरनेटसेवा प्रदान गर्छ। यसका साथै ३ महिनादेखि १२ महिनासम्मको लागि नेटटिभी पनि नि:शुल्क प्रदान गर्ने कम्पनिको विज्ञप्तिमा उल्लेख छ।

सन् १९९९ मा स्थापित भायनेट कम्युनिकेसन्सले सन् २०११ देखि फाइबर अप्टिक्स् इन्टरनेट इन्टरनेट सर्भिस शुरुवात गरेको थियो।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# भलिबललाई ४० लाखको प्रायोजन

काठमाडौं, (नेस)

नेपाल भलिबल संघ (एनभीए) र नेपाल स्याटेलाइट टेलिकमबीच आगामी दुई वर्षका लागि शुक्रबार ४० लाख नगदको सम्झौता भएको छ।

यो प्रायोजन नेपाली भलिबलमा अहिलेसम्मकै सबैभन्दा ठूलो रकम प्रायोजनसमेत भएको छ। एनभीए र स्याटेलाइटबीच फागुनमा हुने भलिबल प्रतियोगितालाई वार्षिक २० लाखको दरले दुई वर्षका लागि ४० लाख दिने सम्झौता भएको हो।

सम्झौता पत्रमा एनभीएका अध्यक्ष मनोरञ्जन रमण शर्मा र नेपाल स्याटेलाइट टेलिकमका अध्यक्ष अस्मिता सुमार्गीले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। उक्त रकम एनभिएले आयोजना गर्ने एनभीए महिला तथा पुरुष राष्ट्रिय क्लब भलिबल च्याम्पियनसिपका लागि मात्र हुनेछ। च्याम्पियनसिप आउँदो फागुनमा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुनेछ।

सम्झौतापछि स्याटेलाइटका अध्यक्ष अस्मिता सुमार्गीले नेपालको राष्ट्रिय खेल भलिबलको प्रतियोगितालाई मुख्य प्रायोजन गर्न पाउँदा खुसी लागेको बताइन्। नेपालको पुरुष भलिबल टिमले माल्दिभ्समा कांस्य पदक जितेको प्रसङ जोड्दै अध्यक्ष सुमार्गीले अब कांस्यबाट स्वर्ण पदकमा ध्यान लगाउन आग्रह गरिन्। शुक्रबारै टेलिकमले एनभीएलाई १० लाख नगदको चेक हस्तान्तरणसमेत गरेको थियो। सम्झौतापछि एनभीएका अध्यक्ष शर्माले भन्नुभयो- 'नेपाली भलिबलमा ४० लाख प्रायोजन सहयोगको गुन हामी सुनले तिर्नेछौं र सुन भनेको खेलाडी नै हो। अब खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण जितेर यो प्रमाणित गर्ने विश्वास हामीलाई छ।'

एनभीएले चौथो महिला तथा पुरुष राष्ट्रिय क्बल लिग भलिबल च्याम्पियनसिप फागुन १३ देखि १९ गतेसम्म आयोजना गर्ने भएको छ। सो प्रतियोगितामा पुरुषतर्फ १२ तथा महिलातर्फ ९ टिमको सहभागिता हुनेछन्। यस च्याम्पियनसिपको उत्कृष्ट ८ पुरुष टिम तथा उत्कृष्ट ६ महिला टिम अर्को वैशाखमा हुने आरबीबी एनभीए नेसनल क्लब लिगमा छनोट हुने संघका महासचिव जितेन्द्रबहादुर चन्दले जानकारी गराए।

च्याम्पियनसिपको महिला र पुरुष दुवैतर्फको विजेताले नगद १ लाख ५० हजार हात पार्नेछन्। यस्तै दोस्रो हुनेले १ लाख तथा तेस्रो हुनेले ६० हजार प्राप्त गर्नेछन्। यसैगरी दुवैतर्फ सर्वोत्कृष्ट खेलाडीले १५-१५ हजार हात पार्नेछन् भने विधागत उत्कृष्ट हुने ब्लकर, लिफ्टर, स्पाइकर, लिबरो, सर्भर र कोचलाई समान ५/५ हजार प्रदान गरिनेछ।




# जितसँगै एपीएफ शीर्ष टोली


उजोल डंगोल

नेपाल समाचारपत्र
काठमाडौं

जारी १६औं राष्ट्रिय महिला फुटबल लिगअन्तर्गत शुक्रबार भएको खेलमा नेपाल एपीएफ क्लबले त्रिभुवन आर्मी क्लबलाई हराएर समूहको शीर्ष टोली बनेको छ। शुक्रबार सातदोबाटोस्थित एन्फा मैदानमा समूह 'बी'को शीर्ष टोली बन्ने भिडन्तमा एपीएफले आर्मीलाई १-० गोलअन्तरले हराएको हो। सो एक मात्र गोल प्रतियोगितामा सर्वाधिक गोल गरेकी सावित्रा भण्डारीले गरिन्। उनले ५०औं मिनेटमा गोल गरेर प्रतियोगितामा व्यक्तिगत २१औं गोल गरेकी छिन्। यसअघिका दुई खेलमा उनले २० गोल गरेकी थिइन्।

यसअघिको खेलमा पश्चिमाञ्चलले मध्य पश्चिमाञ्चललाई २-० गोलअन्तरले पराजित गरेको थियो। दुवै गोल दोस्रो हाफमा भएका थिए। समा कार्कीले आफ्नै जालीमा आत्मघाती गोल गरेपछि पश्चिमाञ्चलले ६१औं मिनेटमा अग्रता लिएको थियो। यसपछि सुनीता विकले गोल थपिन्। यो पश्चिमाञ्चलको पहिलो जित थियो भने मध्यपश्चिमाञ्चलले तीनैवटा खेल हारेको थियो। मध्यपश्चिमाञ्चलले ४० गोल आत्मसात गर्दा विपक्षीलाई गोल गर्न सकेनन्।

सुपर लिगका खेलहरू आइतबारदेखि शुरू हुनेछन्। जसमा नेपाल पुलिस क्लब, एपीएफ, आर्मी र सुदूरपश्चिमाञ्चल गरी चार टोलीले प्रतिस्पर्धा गर्नेछन्।

## धरहरा

# डाक्टर कि मेयर ?

काठमाडौं महानगरपालिकाले बिहीबार ११ वटा स्रोतकेन्द्रअन्तर्गतका विद्यालयका प्रधानाध्यापकज्यूलाई भेला गरेर आफ्नो सफ्टवेयर सार्वजनिक गऱ्यो। सो सफ्टवेयरको अनलाइनमार्फत बटन थिचेर काठमाडौंका मेयर सापले उद्घाटन पनि गर्नुभयो। उद्घाटनपश्चात् उहाँले आफ्नो मन्तव्य पनि शालिन शैलीमा दिनुभएको धरहराले देख्यो। अन्यको पनि बोल्ने पालो आयो। आ-आफ्नो भनाइ राख्नुभयो।

यो धरहरा पनि मजाले भ ाण सुन्दै थियो। एक जना डा. साप जसले सो सफ्टवेयरको निर्माण गर्नुभयो उहाँले पनि सफ्टवेयरका बारेमा बुझाउँदै हुनुहुन्थ्यो। तर यति हतार गर्नुभयो कि हाम्रा प्रअज्यूहरूको हातमा मेनु नपर्दै उहाँ सररररररर भटभट्याउन थाल्नुभयो। यही बीचमा कुरो बुझिएन, लाइट कम भयो भन्दा उहाँले माइकबाट लाइट बढाउन भनेको पनि धरहराले सुनेकै थियो।



साना विद्यार्थीलाई झैं गरी हल्ला नगर्नु है भन्दै हुनुहुन्थ्यो। अन्त्यमा धन्यवाद पनि दिनुभयो विद्यार्थीलाई झैं गरी।

यति ठीकै हो तर उहाँलाई डा. बनाउने पनि शिक्षक नै थिए भन्ने हेक्का अलि नभएको हो कि धरहराले नपाएको हो कुरो बुझिएन। अझ त्यसमा पनि अधिकांश त प्रधानाध्यापक नै थिए। त्यसैले इज्जत लिनलाई गुरुवर्गको पनि सम्मान गर्ने कि? जसरी मेयर सापले गर्नुभयो। आगे यहाँको मर्जी।

# सगुनलाई दोहोरो स्वर्ण

काठमाडौं, (नेस)

नेपालकी सगुन परियारले छैटौं अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा शुक्रबार दोहोरो स्वर्ण जितेकी छन्। जापान गोजुरियो कराते डो केन्वाकाइ नेपाल संघद्वारा आयोजित प्रतियोगितामा सगुनले सिनियर महिला ६० केजी र एकल कातामा स्वर्ण जितेकी हुन्। सगुनले ६० केजीमा नेपालकी सिम्रन घले गुरुङ र एकल कातामा नेपालकै दीपा गुरुङलाई फाइनलमा पराजित गरिन्।



वर्षको पहिलो ग्रान्डस्लाम अस्ट्रेलियन ओपनको मिति नजिकिँदै जाँदा डिफेन्डिङ च्याम्पियन सेरेना विलियम्सले प्रतियोगिताबाट नाम फिर्ता लिएकी छिन्। सेप्टेम्बरमा आमा बनेपछि उनले केही साताअघि मात्रै कोर्टमा पुनरागमन गरेकी थिइन्। सो प्रदर्शनी खेलमा उनी फ्रेन्च ओपन च्याम्पियन यलेना ओस्टापेन्कोसँग हारेकी थिइन्।

# आयोजकको विजयी शुरुआत

धनगढी, (नेस)

सर्वाधिक राशीको सुदूरपश्चिम खप्तड गोल्डकपमा आयोजक सुदूरपश्चिम ११ ले विजयी शुरुआत गरेको छ।

शुक्रबार उद्घाटन खेलमा 'ए' डिभिजन क्लब च्यासल युथ क्लबलाई पेनाल्टी सुट आउटमा पराजती गर्दै सुदूरपश्चिमले विजयी शुरुआत गरेको हो। बाई पाएर क्वाटरफाइनलमा पुगेको घरेलु टोली जितसँगै सेमीफाइनलमा प्रवेश गरेको छ। निकै प्रतिस्पर्धात्मक खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। ७१औं मिनेटमा च्यासलका विदेशी खेलाडी सेगुनले गोल गर्दै अग्रता दिलाएका थिए। च्यासलको त्यो अग्रता १४ मिनेट मात्रै टिकेको थियो। दोस्रो हाफको ८५औं मिनेटमा सुदूरपश्चिमका विनोद केसीले गोल गर्दै खेल बराबरीमा पुऱ्याएका थिए।

पेनाल्टी सुटआउटमा च्यासल क्लबबाट गोल हान्न आएका सुमन लामाको प्रहारलाई सुदूरपश्चिमका गोलकिपर जीवन भट्टराईले रोकेपछि आयोजक जितसहित अन्तिम चारमा प्रवेश गरेको हो। टोलीका नियमित गोलकिपर अमानत शेख घाइते भएपछि खेलको पहिलो हाफमा मैदानमा प्रवेश गरेका भट्टराई म्यान अफ द म्याच हुँदै नगद १० हजार पनि प्राप्त गरे।

# र्‍याकेटबल राखेपमा दर्ता

काठमाडौं, (नेस)

नेपाल र्‍याकेटबल संघ राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा १ सय ९७औं संघको रूपमा शुक्रबार दर्ता भएको छ।

राखेपको २०४७/०९/११ को निर्णयानुसार खेलकुद विकास नियम २०४९ को परिच्छेद ३ को नियम ७ (४) (ङ) को प्रावधानअनुसार खेलकुद विकास ऐन २०४८ को दफा १५ (१) बमोजिम उक्त नयाँ संघ दर्ता गरिएको पत्रमा जनाईएको छ। कानुनविद् धनबहादुर श्रेष्ठको अध्यक्षतामा दर्ता भएको संघको उपाध्यक्षमा मञ्जु कोइराला, नीलप्रसाद इटनी, गोपाल श्रेष्ठ रहेका छन्। यस्तै संघको महासचिवमा निरज सापकोटा, सचिवमा विनम्र न्यौपाने र कोषाध्यक्षमा शर्मिला सिलवाल रहेका छन्। यस्तै सदस्यमा प्रकाशप्रसाद सापकोटा, मणिमुकुन्द न्यौपाने, प्रदीप फुयाल, विपिनप्रसाद डुम्रे, हरिशरण तिमल्सिना, उमेश बर्तोला र राखेपका दुई प्रतिनिधि रहनेछन्।


# साधनाको नयाँ अंकका विशेष आकर्षणहरू




सर्वत्र बजारमा उपलब्ध

**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिँदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ